
# विद्यालय शिक्षा क्षेत्रको योजना (२०८१/०८२-२०८५/०८६)

## देवाही गोनाही नगरपालिका, प्रेमपुर गोनाही, रौतहट




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५000/१:५0000), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग

Projection System: MUTM, Spheroid - Everest 1830

# प्रकाशक

## देवाही गोनाही नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**शिक्षा, यूवा तथा खेलकुद शखा**

**मधेश प्रदेश, नेपाल**

| | |
|---|---|
| प्रकाशक | देवाही गोनाही नगरपालिका, रौतहट |
| प्रकाशन प्रति | ५०० प्रति |
| सर्वाधिकार | प्रकाशकमा |
| मुद्रण | |
| प्रमाणितमिति: | २०८२।०७।१० गते |
| प्रकाशन मिति | |
| अद्यावधिक मिति | २०८३।०३।०१ गते |

प्राविधिक सहयोगः ( युनिसेफ, सुमो फिनल्यान्ड, युरोपियन युनियन, पिपल प्रमोट सेन्टर, जनकपुर धाम, धनुषा प्रतिनिधि)

# भूमिका

देवाही गोनाही नगरपालिकाको शिक्षा योजना, २०८१ लाई यहाँ प्रस्तुत गर्दा म अत्यन्तै गर्व र उत्साहका साथ योजनाको भुमिका लेख्न पाएकोमा आफूलाई धन्य मान्दछु । यो योजना हाम्रो नगरको शैक्षिक विकासको दिशामा एक महत्वपूर्ण कदम हो, जसले हाम्रा बालबालिका, युवा, तथा सम्पूर्ण नागरिकहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने हाम्रो संकल्पलाई प्रतिबिम्बित गर्दछ । वि.सं. २०७२ को संविधानले नेपाललाई संघीय गणतन्त्रात्मक राज्यको रूपमा स्थापित गरेको छ, जसअनुसार सङ्घ, प्रदेश, र स्थानीय तहका सरकारहरूले शिक्षा जस्ता मौलिक सेवाहरू प्रदान गर्ने जिम्मेवारी साझा गरेका छन् । यसैको अनुसरणमा देवाही गोनाही नगरपालिकाले शिक्षाको क्षेत्रमा निरन्तर प्रगति गर्ने र नागरिकहरूलाई समान शिक्षाको अवसर उपलब्ध गराउने दायित्व बोध गरेको छ । हाम्रो नगरपालिकाले शिक्षाको महत्वलाई प्राथमिकतामा राख्दै निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ र यससँग सम्बन्धित नियमावली, २०७७ लाई कार्यान्वयन गर्ने प्रयास गरिरहेको छ । साथै, अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता र सन्धि-सम्झौताहरूले बालबालिकाको शिक्षाको हकलाई सुनिश्चित गरेका छन् । बालबालिका सम्बन्धी ऐन, २०७५ ले पनि बालबालिकाको शिक्षाको अधिकारलाई थप मजबूत बनाएको छ ।

राष्ट्रिय शिक्षा नीति, दिगो विकास लक्ष्य (SDGs), इन्चोन सम्मेलन, २०१५ को घोषणापत्र, र नेपाल सरकारको पन्ध्रौ योजनाका लक्ष्यहरूलाई ध्यानमा राख्दै हामीले यो शिक्षा योजना तयार पारेका छौं । यसले नगरको सामाजिक-सांस्कृतिक सन्दर्भ, आर्थिक अवस्था, जनसांख्यिकीय स्वरूप, र शासकीय संरचनालाई समेट्दै शिक्षाको समग्र अवस्थाको आधारमा योजना निर्माण गरेको छ । यो योजनाले नगरपालिकाका विद्यालयहरूलाई व्यवस्थित र योजनाबद्ध ढंगले सञ्चालन गर्ने, शिक्षकहरूको क्षमता विकास गर्ने, र विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने दिशामा महत्वपूर्ण भूमिका खेल्नेछ । साथै, यसले शिक्षाक्षेत्रमा देखिएका समस्याहरूलाई सम्बोधन गर्ने, चुनौतीहरूलाई अवसरमा परिणत गर्ने, र नगरपालिकाको शैक्षिक उपलब्धिहरूलाई अगाडि बढाउने काम गर्नेछ । हामीले यस योजनालाई सफल बनाउन तीनै तहका सरकारहरूको समन्वय, सहकार्य, र सहकारितामा विश्वास गर्दछौं । यसले शिक्षा प्रणालीमा आमूलचूल परिवर्तन ल्याउन, पहुँच, गुणस्तर, र सहभागिता सुनिश्चित गर्न, र देशका लागि आवश्यक सक्षम, प्रतिस्पर्धी, र जिम्मेवार नागरिकहरू तयार गर्न मद्दत गर्नेछ ।

अन्तमा, यो योजना नगरपालिकाका सबै नागरिकहरू, शिक्षकहरू, विद्यार्थीहरू, अभिभावकहरू र स्थानीय सरोकारवालाहरूको सहयोग र सहभागिताबिना सफल हुन सक्दैन । हामी सबैको संयुक्त प्रयासले देवाही गोनाही नगरपालिकालाई शिक्षाको क्षेत्रमा एक उदाहरणीय नगर बनाउन सक्ने विश्वास लिएर यो योजना सबै माझ प्रस्तुत गर्दछौं ।

धन्यवाद ।

.........................................

प्रेमलाल साह

(नगर प्रमुख)

देवाही गोनाही नगरपालिका

प्रेमलाल साह कानु
नगर प्रमुख
देवाही गोनाही नगरपालिका
प्रेमपुर गोनाही, रौतहट

# भुमिका

शिक्षा सामाजिक रूपान्तरण र समग्र विकासको आधारस्तम्भ हो । कुनै पनि राष्ट्रको दिगो विकास शिक्षाको गुणस्तर र पहुँचमा निर्भर रहन्छ। देवाही गोनाही नगरपालिका शिक्षाको क्षेत्रमा व्यवस्थापन, गुणस्तर तथा पहुँच विस्तारमा निरन्तर प्रतिबद्ध रहँदै आएको छ । आधारभूत तहसम्मको शिक्षा सबैका लागि अनिवार्य र निःशुल्क तथा माध्यामिक तहसम्म नि:शुल्क शिक्षाको प्रत्याभूति गर्न नगरपालिकाले उल्लेखनीय पहलहरू गर्दै आएको छ।

शिक्षामा गरिएको लगानीलाई परिणाममुखी बनाउन सबै तहका सरोकारवालाको जिम्मेवारी र सहभागिता अपरिहार्य छ । गुणस्तरीय र सुलभ शिक्षाको विकासका लागि साझा प्रयास र समन्वयको खाँचो अझ बढी महसुस भइरहेको छ । देवाही गोनाही नगरपालिकाको वर्तमान शैक्षिक अवस्थाको यथार्थ चित्रण र भावी योजनाको स्पष्ट खाका प्रस्तुत गर्ने उद्देश्यले तयार गरिएको यस पंचवर्षीय विद्यालय शिक्षा क्षेत्र विकास योजना नगरपालिका, विद्यालय, समुदाय, शिक्षा क्षेत्रका विज्ञ र साझेदार संस्थाहरूको सहभागितामा तयार पारिएको हो। यस योजनामा मानव संसाधन, शैक्षिक पूर्वाधार, नीति, कार्यक्रम तथा वित्तीय पक्षलाई समेटेर दीर्घकालीन रणनीति र कार्यनीति निर्धारण गरिएको छ ।

यस योजनालाई सफलतापूर्वक कार्यान्वयन गर्न नगरपालिका प्रशासन पूर्ण रूपमा प्रतिबद्ध रहेको छ। साथै, यस योजनाको प्रभावकारी कार्यान्वयनमा सबै सरोकारवालाहरू विद्यालय परिवार, अभिभावक, समुदाय, गैरसरकारी संस्था तथा शिक्षा प्रेमीहरूको सक्रिय सहयोग र सहकार्यको अपेक्षा गर्दछु ।

योजना निर्माण प्रक्रियामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान गर्नुहुने सबै विज्ञ, प्रतिनिधि, संस्था, शिक्षक, कर्मचारी तथा सहयोगीहरू प्रति देवाही गोनाही नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दछु ।

धन्यावाद !

देवाही गोनाही नगरपालिका नगर कार्यपालिकाको कार्यालय, हरिपुर गोनाही, सर्लाही, मधेश प्रदेश, नेपाल

.............................

प्रमुख प्रशासनिक अधिकृत
देवाही गोनाही नगरपालिका
पवन कुमार केशरी
प्रमुख प्रशासकीय अधिकृत

# प्राक्कथन

शिक्षा सबैको पहुँचमा पुऱ्याउनुका साथै गुणस्तरीय, प्रविधिमैत्री, समान सहभागिता सुनिश्चित गर्ने, शिक्षालाई लैंगिक तथा सामाजिक भेदभावरहित अवसरका रूपमा स्थापित गर्ने र प्रभावकारी शैक्षिक व्यवस्थापन गर्न स्थानीय तहमा शिक्षा क्षेत्रको योजनाबद्ध विकास आजको प्रमुख आवश्यकता हो। दिगो विकासका लागि अनिवार्य तथा निःशुल्क शिक्षाको प्रवर्द्धन, शिक्षा सम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयन, शिक्षाका राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई साकार पार्न स्थानीय तहले सरोकारवालासँग सहकार्य गरी शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउन योगदान पुऱ्याउन आवश्यक छ।

देवाही गोनाही नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले यस क्षेत्रको शैक्षिक उन्नयनका लागि विभिन्न योजना तथा कार्यक्रममार्फत निरन्तर रूपमा आफ्नो भूमिका निर्वाह गरिरहेको छ। यस योजना तयार पार्न आर्थिक सहयोग उपलब्ध गराउने देवाही गोनाही नगरपालिकालाई धन्यवाद दिँदै, प्राविधिक सहयोग प्रदान गर्ने शिक्षा विकास तथा समन्वय इकाइ र प्रारम्भिक कक्षा पढाई कार्यक्रम जनकपुरप्रति आभार व्यक्त गर्न चाहन्छौं।

यस योजना निर्माणका क्रममा महत्वपूर्ण योगदान दिने शिक्षा क्षेत्रको योजना निर्माण प्राविधिक समिति तथा सामाजिक विकास समितिलाई विशेष धन्यवाद व्यक्त गर्दछौं। साथै, निरन्तर सल्लाह र सुझाव प्रदान गर्दै सहयोग पुऱ्याउने नगरपालिका परिवार, नगर शिक्षा समिति, नेपाल शिक्षक महासंघ, शिक्षकका पेशागत संघ-संगठन, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी, राजनीतिक दल तथा तथ्याङ्क संकलनकर्ताहरू सबैप्रति कृतज्ञता व्यक्त गर्दछौं। आगामी दिनमा यस योजनालाई अझ परिष्कृत गर्दै अघि बढ्नका लागि सबै सरोकारवालाबाट रचनात्मक सुझावको अपेक्षा गर्दछौं।

शिक्षा, युवा तथा खेलकुद शाखा,
देवाही गोनाही नगरपालिका

## बिषय सूची


**परिच्छेद:१ परिचय ---------- 1**

**१.१.पृष्ठभूमि---------- 1**

**१.२. देवाही गोनाही नगरपालिकाको समग्र सन्दर्भ ---------- 1**

१.२.१ जनसङ्ख्याकी, सामाजिक र सांस्कृतिक परिदृश्य ---------- 2

१.२.२ आर्थिक परिदृश्य ---------- 3

१.२.३ वातावरण तथा वनजंगल ---------- 4

१.२.४ स्वास्थ्य---------- 4

**१.३. पालिकाको शैक्षिक सन्दर्भ ---------- 4**

१.३.१ नेपालको सन्दर्भमा शिक्षाको परिभाषा ---------- 4

१.३.२ नीतिगत प्रबन्ध---------- 5

१.३.३ नेपालमा शिक्षाको संरचना ---------- 5

१.३.४ देवाही गोनाही नगरपालिकाको शैक्षिक विवरण ---------- 6

१.३.५ शिक्षा क्षेत्रको योजना ---------- 9

१.३.६ दिगो विकासका लक्ष्य र देवाही गोनाही नगरपालिका ---------- 9

**१.४ देवाही गोनाही नगरपालिकाको शिक्षा क्षेत्रका मुख्य चुनौतीहरू---------- 10**

**१.५. देवाही गोनाही नगरपालिकाको शिक्षा क्षेत्रको विकासका लागि मुख्य अवसरहरू---------- 11**

**१.६. देवाही गोनाही नगरपालिकाको शिक्षा क्षेत्रको योजना निर्माण प्रक्रिया ---------- 11**

१.६.१. शिक्षा योजना निर्माणमा विभिन्न स्रोत/सामग्रीहरूको अध्ययन तथा समीक्षा ---------- 11

१.६.२ योजनाको तयारी तथा विकासको संरचनात्मक व्यवस्था---------- 12

१.६.२ योजनाको पहिलो मस्यौदा विकास ---------- 12

**परिच्छेद:२ दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य---------- 13**

**२.१ परिचय ---------- 13**

**२.२ दूर दृष्टि---------- 13**

**२.३ लक्ष्य---------- 13**

**२.४ प्रमुख उद्देश्यहरू : ---------- 13**

**२.५. रणनीतिहरू : ---------- 14**

**२.६ अपेक्षित मुख्य उपलब्धि ---------- 14**

**२.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ---------- 15**

**परिच्छेद:३ विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू ---------- 22**

**३. परिचय ---------- 22**

**३.१. प्रारम्भिक बालविकास र शिक्षा ---------- 22**

३.१.१ परिचय ---------- 22

३.१.२.वर्तमान अवस्था---------- 22

३.१.३ समस्या तथा चुनौतिहरु ---------- 23

३.१.४ उद्देश्यहरु---------- 24

३.१.५ रणनीति---------- 24

३.१.६ प्रमुख उपलब्धि तथा नतिजाहरू ---------- 24

३.१.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू ---------- 25

**३.२ आधारभूत शिक्षा ---------- 29**

३.२.१ परिचय ---------- 29

३.२.२ वर्तमान अवस्था---------- 30

३.२.४ उद्देश्यहरू ---------- 31

३.२.५ रणनीतिहरू ----------31
३.२.६ प्रमुख उपलब्धि र नतिजा ----------32
३.२.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य : ----------33
**३.५ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम ----------35**
३.५.१ परिचय ----------35
३.५.२ वर्तमान अवस्था----------35
३.५.३ उद्देश्य----------35
३.५.४. रणनीति ----------36
३.५.५ प्रमुख उपलब्धि तथा नतिजा ----------36
३.५.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य ----------36
**३.६ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ ----------37**
३.६.१ परिचय ----------37
३.६.२ वर्तमान अवस्था----------37
३.६.३ चुनौतीहरू ----------37
३.६.४ उद्देश्य----------38
३.६.५ रणनीतिहरू ----------38
३.६.६ प्रमुख उपलब्धि तथा नतिजा ----------39
३.६.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य----------40
**परिच्छेद:४ अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरू ----------41**
**४. परिचय ----------41**
**४.१ पाठ्यक्रम पाठ्यपुस्तक, सिकाइ सामग्री र मूल्याङ्कन ----------41**
४.१.१ परिचय ----------41
४.१.२ वर्तमान अवस्था----------41
४.१.३ चुनौतीहरुः ----------42
४.१.४ उद्देश्य----------42
४.१.५ रणनीतिहरू ----------42
४.१.६ प्रमुख उपलब्धि तथा नतिजा, ----------43
४.१.७ प्रमुख क्रियाकलाप र लक्ष्य ----------44
**४.२ शिक्षक व्यवस्थापन तथा विकास----------45**
४.२.१ परिचय : ----------45
४.२.२ वर्तमान अवस्था : ----------45
४.२.३ चुनौतीहरु----------48
४.२.४ उद्देश्य----------48
४.२.५ रणनीतिहरू ----------48
४.२.६ प्रमुख उपलब्धि तथा नतिजा ----------48
४.२.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य----------50
**४.३ शैक्षिक समता र समावेशीकरण ----------52**
४.३.१ परिचय ----------52
४.३.२ वर्तमान अवस्था----------52
४.३.३ चुनौतीहरू ----------53
४.३.४ उद्देश्यहरू ----------54
४.२.५ रणनीतिहरू ----------54
४.३.६ प्रमुख उपलब्धि तथा नतिजा ----------54
**४.४ दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम ----------56**

४.४.१ परिचय ---------- 56
४.४.२ वर्तमान अवस्था---------- 57
४.४.३ चुनौतीहरू ---------- 57
४.४.४ उद्देश्य---------- 57
४.४.५ रणनीतिहरू ---------- 57
४.४.६ प्रमुख उपलब्धि तथा नतिजा ---------- 58
४.४.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ---------- 59
**४.५ आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा ---------- 60**
४.५.१ परिचय ---------- 60
४.५.२ वर्तमान अवस्था---------- 60
४.५.३ चुनौतीहरू :---------- 61
४.५.४ उद्देश्यहरू ---------- 61
४.५.५ रणनीतिहरू ---------- 61
४.५.६ प्रमुख उपलब्धि तथा नतिजा ---------- 61
**४.६ विद्यालय भौतिक पूर्वाधार विकास ---------- 63**
४.६.१ परिचय ---------- 63
४.६.२ वर्तमान अवस्था---------- 63
४.६.३ चुनौतीहरू ---------- 63
४.६.४ उद्देश्य---------- 63
४.६.५ रणनीतिहरू ---------- 64
४.६.६ प्रमुख उपलब्धि तथा नतिजा ---------- 64
४.६.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ---------- 65
**४.७ विद्यालय सूचना तथा सञ्चार प्रविधि---------- 65**
४.७.१ परिचय ---------- 65
४.७.२ वर्तमान अवस्था---------- 66
४.७.३ चुनौतीहरू ---------- 66
४.७.४ उद्देश्यहरू ---------- 66
४.७.५ रणनीतिहरू ---------- 66
४.७.६ प्रमुख उपलब्धि तथा नतिजा ---------- 67
**परिच्छेद:५ सुशासन तथा व्यवस्थापन ---------- 69**
**५.परिचय---------- 69**
**५.१ संस्थागत संरचना र क्षमता विकास---------- 69**
५.१.१ परिचय ---------- 69
५.१.२ वर्तमान अवस्था---------- 70
५.१.३ समस्याहरु र चुनौतिहरु ---------- 70
५.१.४ उद्देश्य---------- 70
५.१.५ रणनीतिहरू ---------- 71
५.१.६ प्रमुख उपलब्धि तथा नतिजा ---------- 71
५.१.७ प्रमुख क्रियाकलाप र लक्ष्य ---------- 72
**५.२ शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रवन्ध---------- 73**
५.२.१ परिचय ---------- 73
५.२.२ वर्तमान अवस्था---------- 73
५.२.३ चुनौतीहरू ---------- 73
५.२.४ उद्देशयहरु ---------- 74

५.२.५  रणनितिहरु ------------------------------------------------------------------------------------------------------------74
५.२.६ प्रमुख उपलब्धि तथा नतिजा, -------------------------------------------------------------------------------------------75
५.२.७ प्रमुखक्रियाकलाप र लक्ष्य ----------------------------------------------------------------------------------------------75
**परिच्छेद:६ लगानी र स्रोत व्यवस्थापन ------------------------------------------------------------------------------------76**
६.१ परिचय-----------------------------------------------------------------------------------------------------------------76
६.२ वर्तमान अवस्था ---------------------------------------------------------------------------------------------------------76
६.३ चुनौतीहरू---------------------------------------------------------------------------------------------------------------76
६.४ उद्देश्य -------------------------------------------------------------------------------------------------------------------77
६.५ रणनीतिहरू---------------------------------------------------------------------------------------------------------------77
६.६ प्रमुख उपलब्धि तथा नतिजा -------------------------------------------------------------------------------------------78
६.७ प्रमुख क्रियाकलाप र लक्ष्य ---------------------------------------------------------------------------------------------79
**परिच्छेद-७ अनुगमन तथा मूल्याङ्कन------------------------------------------------------------------------------------------85**
५.३.१ परिचय -----------------------------------------------------------------------------------------------------------------85
५.३.२ वर्तमान अवस्था-----------------------------------------------------------------------------------------------------------85
५.३.३ चुनौतिहरु---------------------------------------------------------------------------------------------------------------86
५.३.४ उद्देश्य-------------------------------------------------------------------------------------------------------------------86
५.३.५ रणनीतिहरू -------------------------------------------------------------------------------------------------------------86
५.३.६  प्रमुख उपलब्धि तथा नतिजा ------------------------------------------------------------------------------------------86
५.३.७ अनुगमन तथा मूल्याङ्कनका मुख्य क्रियाकलापहरु ---------------------------------------------------------------------87
५.३.८ सूचक सहित मूल्याङ्कनका मुख्य क्रियाकलापहरु ------------------------------------------------------------------------87
**सन्दर्भ सामग्रीहरु------------------------------------------------------------------------------------------------------------90**

# परिच्छेद:१ परिचय

## १.१.पृष्ठभूमि

नेपाल एक सङ्घीय लोकतान्त्रिक गणतन्त्र हो, जहाँ तीन तहका सरकारले आआफ्ना क्षेत्रगत अधिकार प्रयोग गर्दै शासन तथा- प्रशासनिक संरचनालाई निर्देशित गरिरहेका छन्। नेपालको संविधान २०७२ र राष्ट्रिय शिक्षा नीति २०७६ ले शिक्षामा पहुँच, गुणस्तर, सहभागिता, र समानता सुनिश्चित गर्ने लक्ष्य लिएको छ। यी उद्देश्यहरूलाई मूर्त रूप दिन सङ्घीय सरकारले विद्यालय " लागू गरेको छ "शिक्षा क्षेत्र योजना, जसले सङ्घीय, प्रदेश, र स्थानीय सरकार बिच समन्वय गरी शिक्षालाई समावेशी, गुणस्तरीय र पहुँचयोग्य बनाउन मार्गदर्शन प्रदान गरेको छ ।

संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम आधारभूत र माध्यामिक शिक्षा सञ्चालनको प्रमुख जिम्मेवारी स्थानीय तहलाई प्रत्यायोजन गरिएको छ, जसले शिक्षा नीति निर्माण, योजना तर्जुमा र कार्यान्वयनका क्षेत्रमा स्थानीय सरकारलाई सशक्त बनाएको छ। यसै परिप्रेक्ष्यमा, देवाही गोनाही नगरपालिकाले आफ्नो शैक्षिक आवश्यकता, प्राथमिकता, र स्थानीय विशेषतालाई मध्यनजर गर्दै  शिक्षा क्षेत्र योजना" (Education Sector Plan - ESP)" निर्माण गरेको छ।

यस योजनाले शिक्षाको सेवा प्रवाहलाई अझ प्रभावकारी, दिगो, र समावेशी बनाउने विश्वास गरिएको छ। स्थानीय तहमा शिक्षा क्षेत्रको योजना निर्माण तथा कार्यान्वयन गर्दा संवैधानिक दायित्व, कानुनी प्रावधान, र आवश्यकताहरू पूरा गर्न अपरिहार्य हुन्छ। साथै, ज्ञान, विज्ञान, तथा प्रविधिमा भइरहेका नवीनतम परिवर्तनहरूलाई आत्मसात् गर्दै समाजलाई आवश्यक पर्ने दक्ष तथा सृजनशील जनशक्ति उत्पादन गर्न शिक्षाको समयसापेक्ष योगदानलाई सुनिश्चित गर्नु आवश्यक छ।

यसका अतिरिक्त, कोभिड- लगायत अन्य प्राकृतिक प्रकोपहरू १९ले शिक्षामा पार्ने प्रभावलाई न्यूनीकरण गर्ने तथा जलवायु परिवर्तनजन्य जोखिमहरूलाई कम गर्न सक्षम, उत्थानशील (resilient) शिक्षा प्रणालीको विकास अपरिहार्य छ । यही दृष्टिकोणलाई आत्मसात् गर्दै देवाही गोनाही नगरपालिकाले शिक्षाको पहुँच, गुणस्तर, सहभागिता, र समावेशीकरणलाई सुदृढ बनाउने उद्देश्यसहित शिक्षा क्षेत्रको लोकतान्त्रीकरण र सापेक्षिक विकासलाई प्राथमिकता दिँदै आगामी सन् २०२८ सम्मका लागि आवश्यक स्रोत साधनको आकलन गर्दै शिक्षा योजना तयार गर्ने प्रयास गरेको छ।

## १.२. देवाही गोनाही नगरपालिकाको समग्र सन्दर्भ

देवाही गोनाही नगरपालिका नेपालको मधेस प्रदेश, रौतहट जिल्लामा अवस्थित एक महत्त्वपूर्ण नगरपालिका हो । यो नगरपालिका वि.सं. २०७३ मा गठन गरिएको हो, जसमा पूर्वका देवाही, करुनिया, कर्कचकमैया, प्रेमपुर गोनाही, र धरहरी गाउँ विकास समितिहरू (गा.वि.स.) समावेश छन् । यो नगरपालिका कुल ३३.९९ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ र यसमा ९ वटा वडाहरू छन् । हाल यहाँको जनसङ्ख्या ३८,६९० रहेको छ भने कुल घरधुरी सङ्ख्या ६,२२२ छ । भौगोलिक रूपमा यस नगरपालिकाको पूर्वमा गरुडा नगरपालिका र माधव नगरपालिका, पश्चिममा मौलापुर नगरपालिका र बौधिमाई नगरपालिका, उत्तरमा कटहरिया नगरपालिका, तथा दक्षिणमा परोहा नगरपालिका सिमाना जोडिएको छ ।

यहाँको हावापानी समशीतोष्ण खालको छ भने उत्तरी भागमा सामान्य मौसम र दक्षिणी भेगमा गर्मी हुने गर्दछ। जनसङ्ख्याको हिसाबले वि.स. २०७८ को जनगणना अनुसार यहाँ ५०.७ प्रतिशत साक्षर नागरिक रहेको छ भने त्यसमा ५९.६ प्रतिशत पुरुष र ४१.८ प्रतिशत महिला मात्र साक्षर रहेका छन्। देवाही गोनाही नगरपालिका कृषि, व्यापार, तथा शैक्षिक क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने क्षेत्रका रूपमा परिचित छ। स्थानीय प्रशासन, सेवा प्रवाह, तथा पूर्वाधार विकासका दृष्टिले यो नगरपालिका

द्रुत गतिमा अगाडि बढिरहेको छ। यस नगरपालिकाले समावेशी र दिगो विकासलाई प्राथमिकता दिँदै स्थानीय स्रोत साधनको उचित परिचालन, पूर्वाधार निर्माण, तथा सामाजिक सेवाहरूको विस्तारमा ध्यान केन्द्रित गर्दै आएको छ।


### **१.२.१ जनसङ्ख्याकी, सामाजिक र सांस्कृतिक परिदृश्य**


तालिका न. १ वडागत जनसङ्ख्या विवरण

| **वडा न.** | **१** | **२** | **३** | **४** | **५** | **६** | **७** | **८** | **९** |
|---|---|---|---|---|---|---|---|---|---|
| **पुरुष** | १९३६ | २४६४ | १४३० | २७६९ | १९७० | २५११ | ३०१८ | १३४८ | १८४९ |
| **महिला** | २३०१ | २६२९ | १३०५ | २७४३ | १८९३ | २४७९ | ३००५ | १३०४ | १७३६ |

स्रोत: राष्ट्रिय जनगणना वर्ष २०७८

देवाही गोनाही नगरपालिकाका नौ वडाहरूको जनसङ्ख्या विश्लेषण गर्दा, वडा नं. १ मा सबैभन्दा बढी जनसङ्ख्या (८५१६) रहेको देखिन्छ, जसमा ४२९२ पुरुष र ४२२४ महिला छन्। त्यस्तै, वडा नं. ६ जसमा (७४५२) र वडा नं. ७ जसमा (७२५४) मा पनि उल्लेखनीय जनसङ्ख्या देखिन्छ। समीक्षा गर्दा, वडा नं. ५ मा सबैभन्दा कम जनसङ्ख्या (१७८२) रहेको पाइन्छ, जसमा ९२१ पुरुष र ८६१ महिला छन्। अन्य वडाहरूको जनसङ्ख्या पनि सन्तुलित रूपमा फैलिएको देखिन्छ, जहाँ वडा नं. २, ३, ४, ८, र ९ को जनसङ्ख्या क्रमशः ५६३२, ५३४७, ४९१५, ३८११, र ५०३३ रहेको छ। पुरुष र महिलाको अनुपात हेर्दा, अधिकांश वडाहरूमा पुरुष र महिलाको सङ्ख्या करिब समान देखिए पनि केही वडाहरूमा महिलाको सङ्ख्या थोरै कम देखिन्छ। नगरपालिकाको जनसङ्ख्या वितरणले समग्र रूपमा विविधता झल्काउँछ, जसले स्थानीय प्रशासन तथा सेवा प्रवाहको योजना निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छ।




देवाही गोनाही नगरपालिकाको जातीय भाषिक संरचनाको विश्लेषण गर्दा, मुस्लिम समुदाय सबैभन्दा ठुलो समूह रहेको देखिन्छ, जसको सङ्ख्या २२.२ प्रतिशत पुरुष र २५.० प्रतिशत महिला रहेको छ। दोस्रो ठुलो समूह कुर्मी समुदाय हो, जसको प्रतिशत क्रमशः १५.३ प्रतिशत पुरुष र १५.० प्रतिशत महिला रहेको छ । यादव समुदाय १३.६ प्रतिशत पुरुष र १२.६ प्रतिशत महिला सहित तेस्रो स्थानमा छ। कानु समुदाय ९.४ प्रतिशत पुरुष र ८.९ प्रतिशत महिला सहित उल्लेखनीय रूपमा उपस्थित छ। कोइरी/कुशवाहा (४.९ प्रतिशत पुरुष, ४.७ प्रतिशत महिला), तेली (४.२ प्रतिशत पुरुष, ४.२ प्रतिशत महिला), र दुसाध/पासवान/पसी (४.२प्रतिशत पुरुष, ४.२ प्रतिशत महिला) समुदायको जनसङ्ख्या लगभग समान रहेको छ। त्यस्तै, कुम्हाल र तत्मा समुदायमा क्रमशः ३.५ प्रतिशत पुरुष र ३.६ प्रतिशत महिला छन्, जबकी कलवार समुदायको सङ्ख्या ३.१ प्रतिशत पुरुष र २.६ प्रतिशत महिला रहेको छ।

देवाही गोनाही नगरपालिकामा बोलिने भाषाको विश्लेषण गर्दा, सबैभन्दा बढी प्रचलित भाषा बज्जिका रहेको देखिन्छ, जसलाई ८५.५० प्रतिशत पुरुष र ८६.६० प्रतिशत महिलाले बोल्छन् । यसको अर्थ, यो नगरपालिका क्षेत्रको प्रमुख भाषाको रूपमा बज्जिका स्थापित छ । यसपछि, उर्दू भाषा दोस्रो स्थानमा रहेको छ, जुन ७.९० प्रतिशत पुरुष र ८.९० प्रतिशत महिलाले बोल्ने गरेका छन् । मैथिली भाषा बोल्ने जनसङ्ख्या ४.९० प्रतिशत पुरुष र २.४० प्रतिशत महिला रहेको छ, जसले देखाउँछ कि यो भाषा पनि यस क्षेत्रमा उल्लेखनीय रूपमा प्रयोग भइरहेको छ । भोजपुरी भाषा १.२० प्रतिशत पुरुष र १.५० प्रतिशत महिलाले बोल्छन्, जसले यो समुदायमा पनि यसको उपस्थिति देखाउँछ ।

अन्य भाषाहरूको सन्दर्भमा, नेपाली भाषा ०.३० प्रतिशत पुरुष र ०.२० प्रतिशत महिलाले प्रयोग गर्ने गरेका छन् । थारु र खश भाषाको प्रयोग ०.१० प्रतिशत पुरुष र महिलामा समान देखिन्छ । हिन्दी भाषा ०.०२ प्रतिशत पुरुष र ०.१० प्रतिशत महिलाले बोल्छन् भने अवधि भाषा ०.०२ प्रतिशत पुरुष र ०.०४ प्रतिशत महिलाले बोल्ने तथ्याङ्क पाइन्छ । यस्तै यो नगरपालिकाको सामाजिक पक्षको अर्को पाटो धर्म मान्ने जनसङ्ख्यालाई यसरी उल्लेख गर्न सकिन्छ ।

तालिका न.२ धर्म अनुसारको जनसङ्ख्या विवरण

| **धर्म अनुसारको जनसङ्ख्या** | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **धर्म** | **जम्मा** | **हिन्दु** | **बौद्ध** | **ईसलाम** | **किराँत** | **क्रिसचन** | **प्रकृति** | **बोन** | **जैन** | **बहाई** |
| **जम्मा** | ३८६९० | २९४९१ | १ | ९१९३ | ० | ० | ० | ० | ० | ० |
| **पुरुष** | १९२९५ | १४९७८ | ० | ४३१५ | ० | ० | ० | ० | ० | ० |
| **महिला** | १९३९५ | १४५१३ | १ | ४८७८ | ० | ० | १ | ० | ० | ० |

स्रोत: राष्ट्रिय जनगणना वर्ष २०७८

देवाही गोनाही नगरपालिकाभित्र धर्मसम्बन्धी तथ्याङ्क अनुसार हिन्दु धर्मावलम्बी सबैभन्दा ठुलो समुदायका रूपमा छन् । यहाँ २९,४९१ जना हिन्दु धर्म मान्ने व्यक्ति छन्, जुन कुल जनसङ्ख्याको लगभग ७० प्रतिशत हो । दोस्रो ठुलो धार्मिक समूह इस्लाम धर्मावलम्बी हुन्, जसको सङ्ख्या ९,१९३ छ । इस्लाम धर्म मान्नेहरूमध्ये महिलाको सङ्ख्या ४,८७८ र पुरुषको सङ्ख्या ४,३१५ रहेको छ, जसले महिलाहरूको उपस्थिति थोरै बढी देखाउँछ । नगरपालिकामा बौद्ध धर्मावलम्बी मात्र १ जना रहेका छन् । किराँत, क्रिश्चियन, प्रकृति पूजक, बोन, जैन तथा बहाई धर्म मान्ने दर्ता भएका व्यक्ति भने छैनन् । यस तथ्याङ्कले देवाही गोनाही नगरपालिकामा हिन्दु र इस्लाम धर्मको प्रबल उपस्थिति रहेको स्पष्ट देखिन्छ, जबकि अन्य धर्महरूको उपस्थिति नगण्य रहेको छ ।

### १.२.२ आर्थिक परिदृश्य

देवाही गोनाही नगरपालिकाको कृषि क्षेत्र मुख्य रूपमा पशुपालन र खाद्यान्न खेतीमा आधारित रहेको देखिन्छ । यहाँ कुल ४,८५८ कृषक परिवार संलग्न छन्, जसले ३,०५८.८ हेक्टर जमिनमा खेती गरिरहेका छन् । सिँचाइ सुविधाको दृष्टिले ४,६६८ कृषक परिवारले सिँचाइ सेवा उपयोग गर्छन्, जबकि सिञ्चित क्षेत्रफल २,७४१.५ हेक्टर रहेको छ । खाद्यान्न बालीतर्फ ४,६१९ कृषक परिवारले ४,२५७.२ हेक्टर क्षेत्रमा खेती गरिरहेका छन्, भने कोसे/दाल बालीका लागि २,९७७ परिवारले ९५४.१ हेक्टर क्षेत्रफल उपयोग गरेका छन् । त्यस्तै, ४३४ परिवारले ३०.५ हेक्टर जमिनमा कन्दमूल बाली उत्पादन गर्छन्, १,०९५ परिवारले १०० हेक्टर क्षेत्रमा तेलहन खेती गरिरहेका छन्, र ३६६ परिवारले ४७.८ हेक्टरमा तरकारी खेती गरेका छन् । अन्य स्थायी

बालीतर्फ ४८१ परिवारले ५०.६ हेक्टर क्षेत्र ओगटेका छन्, भने ९१२ परिवारले ८००.७ हेक्टर क्षेत्रमा स्थायी वगैचा लगाएका छन्।

पशुपालन तर्फ गाई/गोरु पाल्ने ३५४ परिवार, राँगा/भैंसी पाल्ने १,९१० परिवार, बाख्रा पालनमा संलग्न ३,२५२ परिवार, कुखुरा पालन गर्ने ३१३ परिवार, र अन्य पशुपालनमा ३५४ परिवार छन्। समग्रमा, नगरपालिकाको अर्थतन्त्र मुख्य रूपमा कृषि र पशुपालनमा आधारित छ। सिँचाइ सुविधा राम्रो भए तापनि अझै केही सुधार आवश्यक देखिन्छ। खाद्यान्न बालीको उत्पादन उच्च रहेको छ, तर तरकारी तथा अन्य नगदे बालीको खेती सीमित मात्रामा भइरहेको छ। पशुपालनतर्फ बाख्रा तथा भैंसी पालन प्रमुख व्यवसायको रूपमा रहेको देखिन्छ, जसले दुग्ध उत्पादन तथा मासु व्यवसायलाई प्रवर्द्धन गर्ने सम्भावना देखाउँछ। कृषि र पशुपालन क्षेत्रलाई प्रविधिमैत्री बनाउँदै उत्पादन वृद्धिका लागि योजनाबद्ध प्रयास आवश्यक देखिन्छ ।

### १.२.३ वातावरण तथा वनजंगल

देवाही गोनाही नगरपालिकामा वनजंगल नभए पनि व्यक्तिगत रूपमा लगाएका बोटबिरुवाहरू रहेका छन् । खास गरी किसानहरूले बारी वरिपरि मसला र घाँसको लागि वकेना जस्ता बोटहरू लगाएको पाइन्छ, जसले किसानहरूलाई पशुको आहारा व्यवस्थापनमा सहयोग गरिरहेको छ । त्यसै गरी पालिकाको पश्चिम पश्चिमतिर लालवकैया नदी रहेको छ । यो नदी प्रमुख नदीको रूपमा अवस्थित छ। यो नदी वर्षा याममा बाढीको उच्च जोखिमयुक्त क्षेत्र हो, जसले प्रत्येक वर्ष धनजनको क्षति पुऱ्याउने गरेको छ। यद्यपि बकैया नदी नगरपालिकाको आन्तरिक राजस्वको प्रमुख स्रोतसमेत रहेको छ, जसबाट पालिकाले महत्त्वपूर्ण आर्थिक लाभ प्राप्त गर्दै आएको छ।

### १.२.४ स्वास्थ्य

यो पालिकामा स्वास्थ्य सेवा प्रवाहका लागि वडा अन्तर्गत स्वास्थ्य चौकी रहेको छ । स्वास्थ्य चौकी नभएको वडा अन्तर्गत आधारभूत स्वास्थ्य चौकीको स्थापना गरी यस नगरपालिकाले स्वास्थ्य सेवा दिइरहेको छ।

## १.३. पालिकाको शैक्षिक सन्दर्भ

### १.३.१ नेपालको सन्दर्भमा शिक्षाको परिभाषा

नेपाल एक बहुभाषिक, बहु जातीय, बहु धार्मिक तथा विविध भौगोलिक विशेषता भएको लोकतान्त्रिक गणतन्त्र हो, जसको शिक्षा प्रणालीमा ऐतिहासिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक परिवर्तनहरूले प्रभाव पार्दै आएको छ। २०६३ सालको राजनीतिक परिवर्तनपछि शिक्षामा सुधारका विभिन्न पहलहरू भए तापनि अझै धेरै चुनौतीहरू रहेका छन्। नेपालमा अनिवार्य र निःशुल्क प्रारम्भिक शिक्षा, गुणस्तरीय, दिगो र व्यावसायिक शिक्षा, तथा आधुनिक वैज्ञानिक शिक्षाको आवश्यकतामा विशेष जोड दिइएको छ। बढ्दो बेरोजगारीलाई ध्यानमा राख्दै आत्मनिर्भर नागरिक तयार गर्ने प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्राथमिकता दिनुपर्ने आवश्यकता छ । साथै, यहाँका विभिन्न भाषा, लिपि, संस्कृति, र परम्पराहरूको संरक्षण गर्दै समावेशी र समतामूलक शिक्षाको प्रवर्द्धन गर्नुपर्छ। शिक्षा प्रणालीले समाजलाई आधुनिक विश्वसँग जोड्न, विश्वव्यापी प्रतिस्पर्धामा सक्षम बनाउने वातावरण सिर्जना गर्ने, र अन्तर्राष्ट्रिय स्तरमा नेपालको पहिचान स्थापित गर्न योगदान पुऱ्याउनुपर्छ । शिक्षाले नागरिकलाई सामाजिक, आर्थिक, र सांस्कृतिक रूपमा परिपक्व बनाउँदै सहिष्णुता, भाइचारा, तथा सहयोगको भावना विकास गराउनु आवश्यक छ ।

## १.३.२ नीतिगत प्रबन्ध

नेपालको संविधान २०७२ ले शिक्षा अधिकारलाई मौलिक हकको रूपमा परिभाषित गर्दै अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ लाई कार्यान्वयनमा ल्याएको छ। यस ऐनअनुसार आधारभूत (१-८ कक्षा) तथा माध्यामिक (९-१२ कक्षा) तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य गरिएको छ, जसको प्रमुख कार्यान्वयन जिम्मेवारी स्थानीय सरकारलाई प्रत्यायोजन गरिएको छ। यस अनुरूप देवाही गोनाही नगरपालिकाले यस कानुनी व्यवस्थालाई प्रभावकारी रूपमा लागू गर्न दीर्घकालीन शिक्षा योजना तथा नीतिहरू तर्जुमा गर्नुपर्ने देखिन्छ। सङ्घीय सरकारको ले बनाएको आवधिक योजना १६ औ, विद्यालय क्षेत्र विकास योजना (SSDP) अनुसार शिक्षामा समता, गुणस्तर र सक्षमता वृद्धि गर्ने लक्ष्य राखिएको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ अनुसार प्रत्येक बालबालिकालाई विद्यालयमा भर्ना गराउने, गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने, र उनीहरूको निरन्तर सिकाइ उपलब्धिमा सुधार ल्याउने दायित्व स्थानीय तहकै हो। तथापि, देवाही गोनाही नगरपालिकामा विद्यालय क्षेत्रमा क्रमिक विकास भए पनि अपेक्षाकृत रुपाम शिक्षामा समता, गुणस्तर, शिक्षकको सक्षमता वृद्धि र विद्यार्थीहरूको सिकाईमा उपलव्धि हुन सकेका छैन अत स्थानीय सरकारको उत्तरदायित्व प्रति गम्भीर समीक्षा आवश्यक रहेको देखाउछ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई शिक्षासम्बन्धी नीति निर्माण, कार्यान्वयन, अनुगमन तथा सुधारका लागि पूर्ण अधिकार प्रदान गरेको छ। तसर्थ, देवाही गोनाही नगरपालिकाले आफ्नो शिक्षा नीतिलाई अनिवार्य तथा निःशुल्क शिक्षा ऐनसँग समायोजन गर्दै निम्न सुधारहरू गर्नुपर्ने आवश्यकता देखिन्छ। तर त्यसका लागि आवशयक स्रोत साधन तथा प्राविधिक दक्षताको अभावका कारण योजना कार्यान्वयनमा चुनौतीहरू देखिएका छन् । विशेष गरी, स्रोत केन्द्रहरूको विघटनपछि वैकल्पिक शिक्षक सहायता प्रणालीको खाँचो महसुस गरिएको छ। विद्यालय शिक्षाको दीर्घकालीन सुधारका लागि स्थानीय सरकार, शिक्षक, अभिभावक, र समुदायबीचको साझेदारी आवश्यक छ। साथै, नीति निर्माणमा स्थानीय तहले संघीय तथा प्रदेश सरकारसँग समन्वय गर्दै विद्यालय शिक्षामा आवश्यक भौतिक पूर्वाधार, गुणस्तरीय सिकाइ सामग्री, र शिक्षकको क्षमता अभिवृद्धि गर्न दीर्घकालीन योजना बनाउनुपर्ने देखिन्छ। यसर्थ, देवाही गोनाही नगरपालिकाले आफ्नो शिक्षासम्बन्धी नीति, स्रोत साधनको परिचालन, शिक्षक व्यवस्थापन तथा विद्यार्थी सिकाइ सुधारका कार्यक्रमहरू संघीय कानुन तथा स्थानीय सरकार सञ्चालन ऐन अनुरूप परिमार्जन गर्दै व्यावहारिक योजना तर्जुमा गर्न आवश्यक छ। स्थानीय स्तरमा विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न संघीय सरकारबाट प्राप्त नीति निर्देशनलाई स्थानीय आवश्यकतासँग जोडेर दीर्घकालीन समाधान खोजिनुका साथै देवाही गोनाही नगरपालिकाले विद्यालय शिक्षालाई अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ अनुरूप बनाउँदै शिक्षामा समान पहुँच, गुणस्तरीयता र उत्तरदायित्व वृद्धि गर्नका लागि विद्यालय शिक्षा योजना तथा प्रभावकारी कार्यान्वयन रणनीति अवलम्बन गर्न आवश्यक देखिन्छ।

## १.३.३ नेपालमा शिक्षाको संरचना

नेपालको विद्यालय क्षेत्र अन्तर्गत एक बर्षको प्रारम्भिक बाल विकास तथा शिक्षामा चार वर्षका बालबालिका सहभागी हुन्छन् भने ५—१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र १३—१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यामिक शिक्षा प्रदान गर्ने दायित्व सरकारको रहेको छ तापनि शुल्क तिरेर पढ्ने निजी क्षेत्रबाट सञ्चालित र सरकारको लगानीमा सञ्चालित शुल्क तिर्न नपर्ने गरी दुवै प्रकारका विद्यालयहरू सञ्चालन भइरहेका छन्। यस खण्डमा मुलुकको संक्षिप्त शैक्षिक सन्दर्भअन्तर्गत नीतिगत प्रबन्ध, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रम तथा उपलब्धिहरू र दिगो विकास लक्षहरूको सन्दर्भ उल्लेख गरिएको छ ।

### १.३.४ देवाही गोनाही नगरपालिकाको शैक्षिक विवरण

देवाही गोनाही नगरपालिकामा २० वटा सामुदायिक ,१ वटा मदरसा छन् । संस्थागत विद्यालय १ मात्र नगरपालिकामा दर्ता भएको देखिन्छ । ति विद्यालयहरू मध्ये आधारभूत तहका १६ वटा र माध्यामिक तहका ४ वटा विद्यालयहरू रहेका छन् । त्यसतै १ देखि १० सम्म १ वटा १ देखि १२ सम्म संचालन भएका ३ वटा विद्यालयहरू रहेका छन् २ वटा विद्यालयमा प्राविधिक धारमा( सिभिल इन्जिनियर ) कक्षा संचालनमा रहेका छन् । २० वटा बाल विकास केन्दहरु रहेका छन् । त्यसैगरी १ सिकाइ केन्द्र छन् । पालिकाको शैक्षिक विवरणलाई यसरी संक्षिप्तमा प्रस्तुत गरिन्छ ।

तालिका न. ३ तहगत विद्यालय विवरण

| तह | कक्षा | विद्यालय संख्या | | |
|---|---|---|---|---|
| | | सामुदायिक विद्यालय | संस्थागत विद्यालय | मदरसा/धार्मिक विद्यालय |
| आधारभूत तह | कक्षा १-५ | १४ | १ | १ |
| | कक्षा १-८ | ३ | ० | ० |
| माध्यामिक तह | कक्षा १-१० | १ | ० | ० |
| | कक्षा १-१२ | ३ | ० | ० |
| बालविकास केन्द्र | | १९ | ० | ० |
| सिकाई केन्द्र | | १ | ० | ० |
| स्रोत :देवाही गोनाही नगरपालिका, शिक्षा शाखा, २०८१ | | | | |

तालिका न. ४ तहगत विद्यार्थी सङ्ख्या र भर्ना प्रवृत्ति

| क्र.स. | विद्यार्थी बिबरण | १-५ कक्षा | | | ६-८ कक्षा | | | ९-१० कक्षा | | | ११-१२ कक्षा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | लिङ्ग | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | सबै प्रकारका विद्यालयमा कक्षागत विद्यार्थी सङ्ख्या | ३९११ | ३६९५ | ७६०६ | १३८० | १२५७ | २६३७ | ६१४ | ६७९ | १२९३ | ३७० | ५२४ | ८९४ |
| २ | सामुदायिक विद्यालयमा कक्षागत जम्मा विद्यार्थी सङ्ख्या | ३७७९ | ३४७२ | ७२५१ | १३७१ | १२५० | २६२१ | ६१४ | ६७९ | १२९३ | ३७० | ५२४ | ८९४ |
| ३ | सबै प्रकारका विद्यालयमा कक्षागत दलित विद्यार्थी | ६६० | ६१८ | १२७८ | २१२ | १८६ | ३९८ | ९० | १०६ | १९६ | ३१ | ३३ | ६४ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | | | | | | | | | | | | |
| ४ | सामुदायिक विद्यालयमा कक्षागत र तहगत दलित विद्यार्थी सङ्ख्या | ६५५ | ६१० | १२६५ | २१२ | १८६ | ३९८ | ९० | १०६ | १९६ | ३१ | ३३ | ६४ |
| ५ | सबै प्रकारका विद्यालयमा कक्षागत अपाङ्गता भएका विद्यार्थी सङ्ख्या | १० | ५ | १५ | ४ | १ | ५ | २ | २ | ४ | ० | १ | १ |
| ६ | सामुदायिक विद्यालयमा कक्षागत र अपाङ्गता भएका विद्यार्थी सङ्ख्या | ४ | ५ | ९ | १ | १ | २ | २ | ० | २ | १ | ० | १ |
| ७ | सबै प्रकारका विद्यालयमा कक्षागत र २२ जनजाति विद्यार्थी सङ्ख्या | ८८ | ५७ | १४५ | ३९ | ३९ | ७८ | १८ | १४ | ३२ | ० | ४ | ४ |
| ८ | सामुदायिक विद्यालयमा कक्षागत २२ जनजाति विद्यार्थी सङ्ख्या | ८८ | ५७ | १४५ | ३९ | ३९ | ७८ | १८ | १४ | ३२ | ० | ४ | ४ |

स्रोत: शिक्षा शाखा, EMIS २०८१

उपलब्ध तथ्याङ्कहरूको विश्लेषण गर्दा विद्यालय तहका विद्यार्थी सङ्ख्यामा महत्त्वपूर्ण अन्तर देखिन्छ । १-५ कक्षामा कूल ७६०६ विद्यार्थी अध्ययनरत छन्, तर माथिल्लो कक्षामा पुग्दै जाँदा यो सङ्ख्या क्रमशः घट्दै जान्छ । ६-८ कक्षामा २६३७, ९-१० कक्षामा १२९३, र ११-१२ कक्षामा मात्र ८९४ विद्यार्थी पुगेका छन् । यसले प्राथमिक तहपछि विद्यार्थीको निरन्तरता घट्दै गएको स्पष्ट देखिन्छ । सामुदायिक विद्यालयहरूमा अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या ७२५१ रहेको छ, जुन कुल विद्यार्थी सङ्ख्या ७६०६ भन्दा थोरै मात्र कम छ । यसबाट देखिन्छ कि अधिकांश विद्यार्थी सामुदायिक विद्यालयमै अध्ययनरत छन् । यद्यपि, माथिल्लो तहमा विद्यार्थी सङ्ख्या उल्लेखनीय रूपमा घट्नु शिक्षाको निरन्तरतामा समस्या रहेको सङ्केत दिन्छ । दलित समुदायका विद्यार्थीहरूको अवस्थालाई हेर्दा, १-५ कक्षामा १२७८ विद्यार्थी भए पनि यो सङ्ख्या ६-८ कक्षामा ३९८, ९-१० कक्षामा १९६, र ११-१२ कक्षामा घटेर ६४ मात्र पुगेको छ । यसले दलित विद्यार्थी उच्च तहमा पुग्न कठिनाइ भोगिरहेको देखिन्छ । त्यस्तै, अपाङ्गता भएका विद्यार्थीको सङ्ख्या पनि न्यून छ । १-५ कक्षामा मात्र १५ जना विद्यार्थी छन्, जसको सङ्ख्या क्रमशः घट्दै ५, ४, र १ मा सीमित भएको छ । यसले शिक्षामा पहुँच र समावेशी शिक्षाको अभावलाई झल्काउँछ । जनजाति समुदायका विद्यार्थीहरूको अवस्थासमेत सुधार गर्नुपर्ने देखिन्छ । १-५ कक्षामा १४५ विद्यार्थी भए पनि, माथिल्लो कक्षातर्फ जाँदा यो सङ्ख्या घटेर ६-८ कक्षामा ७८, ९-१० कक्षामा ३२, र ११-१२ कक्षामा मात्र ४ पुगेको छ । यसको अर्थ उच्च तहको शिक्षामा जनजाति विद्यार्थीहरूको सहभागिता निकै कम छ ।

तालिका न. ५ शिक्षक सङ्ख्या र प्रवृत्ति

| **तह** | **सामुदायिक विद्यालयमा स्वीकृत र राहत दरबन्दीका शिक्षक सङ्ख्या** | | | | | | **सामुदायिक बिद्यालयका सबै प्रकारका शिक्षक सङ्ख्या (पालिका र निजी श्रोतबाट नियुक्त शिक्षक समेत)** | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दरबन्दी | राहत | जम्मा | महिला | महिला प्रतिशत | विद्यार्थी शिक्षक अनुपात | जम्मा | महिला | पुरुष | पालिकाको स्रोतबाट नियुक्त सङ्ख्या | महिला प्रतिशत |
| पूर्व प्र.बि. बा.बि.के. | १९ | ० | १९ | १९ | १०० | | | | | | |
| आधारभूत (१-५) | ४४ | २८ | ७२ | ८ | ११.११ | १०० ।१ | १६ | ४ | १० | १० | |
| आधारभूत (६-८) | ५ | ३ | ८ | २ | २५ | १०५ ।१ | | | | | ० |
| माध्यामिक (९-१०) | ९ | २ | ११ | ० | ० | ११७ .१ | ४ | ० | ४ | ४ | ० |
| माध्यामिक(११-१२) | २ | १ | ३ | ० | ० | | ० | ० | | ० | ० |

स्रोत:- शिक्षा शाखा, EMIS 2081

तालिका न. ६ देवाही गोनाही नगरपालिकाको साक्षरता विवरण

| **श्रेणी** | **जम्मा (%)** | **पुरुष (%)** | **महिला (%)** |
|---|---|---|---|
| पढ्न र लेख्न सक्ने | ५१ | ६० | ४२ |

| | | | |
|---|---|---|---|
| पढ्न मात्र सक्ने | १ | १ | १ |
| पढ्न र लेख्न नसक्ने | ४९ | ४० | ५७ |

### १.३.५ शिक्षा क्षेत्रको योजना

विद्यालय क्षेत्र विकास योजना (SSDP) को पहिलो पाँच वर्षे कार्यान्वयन (वि.सं. २०७३-२०७८) समाप्त हुँदै गर्दा यसले शिक्षा क्षेत्रमा समता, गुणस्तर, सुशासन, र सक्षमता अभिवृद्धि गर्ने लक्ष्य राखेको थियो। संघीय संरचनाको कार्यान्वयनसँगै आधारभूत तथा माध्यामिक शिक्षाको प्रमुख जिम्मेवारी स्थानीय सरकारलाई हस्तान्तरण गरिएको छ। यस योजनाले विद्यार्थी भर्ना दर तथा कक्षा ८ सम्मको टिकाइ दरमा उल्लेखनीय सुधार ल्याए पनि कक्षा १० र १२ मा अपेक्षित उपलब्धि हासिल गर्न सकेन।गुणस्तरीय शिक्षाको लागि पाठ्यक्रम परिमार्जन, शिक्षक तालिम, र समावेशी शिक्षा योजनाहरू सञ्चालन गरिए तापनि विद्यार्थी सिकाइ उपलब्धिमा उल्लेखनीय वृद्धि देखिएन । संघीय संरचनाको सङ्क्रमणकालीन अवस्थाले कार्यक्रम कार्यान्वयनमा चुनौतीहरू थप्यो। विशेष गरी, विद्यालय क्षेत्र विकास कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न तीन तहका सरकारहरू बिचको स्पष्ट जिम्मेवारी निर्धारण, अनुगमन प्रणाली सुधार, र शिक्षक सहायता प्रणालीको आवश्यक देखिएको छ। तसर्थ, शिक्षा क्षेत्रमा दिगो सुधारका लागि स्थानीय सरकार, शिक्षक, र समुदायको भूमिकालाई थप प्रभावकारी बनाउन आवश्यक छ । त्यसलाई मध्यनजर गरी शिक्षा क्षेत्रको योजना बनाउनु पर्ने आवश्यकता महसुस भएको हो ।

### १.३.६ दिगो विकासका लक्ष्य र देवाही गोनाही नगरपालिका

नेपाल सरकारले सन् २०३० सम्मका लागि दिगो विकास लक्ष्य (SDG) प्राप्त गर्ने प्रतिबद्धता जनाइ जनाइसकेको छ। विशेष गरी, SDG लक्ष्य ४ को रूपमा "सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने" उद्देश्य राखिएको छ। नेपालले सन् २०१५ को इन्चोन घोषणापत्र र संयुक्त राष्ट्र सङ्घको साधारण सभाको निर्णय अनुरूप नेपाल राष्ट्रिय कार्य ढाँचा तयार गरी यस लक्ष्यलाई कार्यान्वयन गरिरहेको छ। यस कार्य ढाँचाले नेपालको संविधानअनुसार अनुसार शिक्षालाई मौलिक हकका रूपमा स्थापित गर्दै सबै नागरिकलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउने राज्यको जिम्मेवारीलाई स्पष्ट पारेको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ अनुसार देवाही गोनाही नगरपालिका शिक्षाका सबै तहमा समावेशी, समान पहुँचयुक्त, गुणस्तरीय र उत्तरदायी शिक्षा व्यवस्था गर्न बाध्यकारी रूपमा जिम्मेवार छ। विशेष गरी, नगरपालिकाले निर्धारण गरिएका SDG सूचकहरू अनुसार विद्यालय शिक्षामा पहुँच, भर्ना दर, विद्यार्थी टिकाइ दर, लैङ्गिक समानता, अपाङ्गता भएका बालबालिकाको समावेशिता, विद्यालय पूर्वाधार, शिक्षक क्षमता विकास जस्ता सूचकहरूमा प्रगति गर्नुपर्छ। नेपाल सरकारले सन् २०१९, २०२२, २०२५ र २०३० का आधार वर्ष राखेर शिक्षा क्षेत्रको वार्षिक समीक्षा गर्दै आएको छ। यस समीक्षाले देखाएको तथ्याङ्कअनुसार, अनिवार्य र निःशुल्क शिक्षा ऐन २०७५ को कार्यान्वयनले गरिब, सीमान्तकृत र आर्थिक रूपमा पछाडि परेका समुदायका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच वृद्धि भएको देखिए तापनि सिकाइ उपलब्धिमा अपेक्षित सुधार हुन नसकेको समस्या औँल्याएको छ। यस सन्दर्भमा, देवाही गोनाही नगरपालिकालाई दिगो विकास लक्ष्य हासिल गर्न पालिकागत रूपमा विद्यालय शिक्षामा पहुँच र गुणस्तर सुधार—विद्यालय भर्ना दर र शिक्षामा टिकाइ दर बढाउने, शिक्षकको दक्षता अभिवृद्धि गर्ने, र शिक्षामा नवीनतम प्रविधिको प्रयोग बढाउने। संघीय सरकार र प्रदेश सरकारका शिक्षासम्बन्धी निर्देशिकाहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै विद्यालय शिक्षाको अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढ गर्ने। विद्यालयको भर्ना, उपस्थिति, सिकाइ उपलब्धि, शिक्षण स्रोतसाधन तथा बजेट व्यवस्थापनलाई डिजिटल प्रणालीमा एकीकृत गर्दै पारदर्शी सूचना व्यवस्थापन गर्ने। सीमान्तकृत समुदायका बालबालिकाहरूको समावेशीकरण—अपाङ्गता भएका, गरिब तथा लैङ्गिक असमानतामा रहेका विद्यार्थीहरूलाई लक्षित



देवाही गोनाही नगरपालिका नगर कार्यपालिकाको कार्यालय मधेश प्रदेश

कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्ने । दिवा खाजा, छात्रवृत्ति, विद्यालय पूर्वाधार तथा शैक्षिक सामग्रीको सुनिश्चितताका लागि स्रोत परिचालन तथा साझेदारी विकास गर्ने । त्यसै गरी नेपालको SDG लक्ष्य ४ अनुरूप देवाही गोनाही नगरपालिकाले शिक्षा क्षेत्रमा आफ्नो नैतिक, कानुनी र प्रशासनिक दायित्व बहन गर्दै शिक्षामा गुणस्तरीयता, समावेशिता तथा दिगोपन ल्याउन प्रभावकारी नीति तथा योजनाहरू कार्यान्वयन गर्ने लक्ष्य लिएको छ । नगरपालिकाले संघीय सरकार र राष्ट्रिय योजना आयोगको समीक्षामा प्रस्तुत गर्नुपर्ने प्रगति विवरणहरू सुदृढ पार्दै शिक्षामा देखिएको असमानतालाई कम गर्न र सिकाइ उपलब्धि सुधार्न ठोस कदम चाल्नुका निम्ति यो नगर शिक्षा योजना २०८१/०८२ देखि २०८५/०८६ सम्मका लागि तयार पार्न वान्छिनिय भएको छ।

## १.४ देवाही गोनाही नगरपालिकाको शिक्षा क्षेत्रका मुख्य चुनौतीहरू

१. भौतिक संरचना बालमैत्री, लैङ्गिक मैत्री,अपाङ्ग मैत्री बनाउन यथेष्ट कार्य हुन सकेको छैन ।

२. करिब ७.०६ प्रतिशत बालबालिका विद्यालयको मूल प्रवाहीकरणभन्दा भन्दा बाहिर रहेका छन्। उक्त बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउने कार्यक्रम तर्जुमा हुन सकेको छैन।

३. विद्यालय भर्ना भएका बालबालिकाको सिकाई उपलब्धि न्यून र टिका उदर ८६.२ मात्र रहेकोले सिकाई उपलब्धि र टिका उदर बढाउने कार्यक्रम ल्याउन नसकिएको ।

४. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५, दिगो विकास लक्ष्य, शिक्षा क्षेत्र योजनाको पन्ध्रौँ योजनाको मर्म र भावना अनुसार विद्यालयलाई प्रविधि मैत्री बनाई कोभिड-१९ जस्ता महामारीमा पनि शिक्षण सिकाइलाई संचालन गर्न भौतिक उपस्थितिको विकल्पको खोजी हुन नसकेको ।

५. **ReAL कार्यक्रम** प्रभावकारी रूपमा संचालन गर्न नसक्नु ।

६. अन्तर्राष्ट्रिय मापदण्ड अनुसार शिक्षाका लागि कुल बजेटको २० प्रतिशत विनियोजन गर्नु गर्नुपर्ने भएता पनि सङ्घ र स्थानीय तहमा पनि आवश्यक बजेट विनियोजन हुन सकेको छैन ।

७. शिक्षकको पेसागत विकासका लागि स्थानीय तहमा भरपर्दो संयन्त्रको विकास गर्न नसकिनु ।

८. विद्यार्थीहरूको शिक्षण सहयोगका लागि थप प्रोत्साहनका कार्यक्रम हुन नसकेको ।

९. विद्यार्थी अनुसारको शिक्षक अनुपात व्यवस्थापन हुन नसकेको ।

१०. भौतिक पूर्वाधारहरू राष्ट्रिय मापदण्ड २०८० अनुसारको नभएको ।

११. स्थानीय पाठ्यक्रम बनाई लागु गर्न नसकेको ।

१२. विद्यालयभन्दा बाहिर रहेको छ विद्यालय उमेर समूहको बालबालिकालाई औपचारिक शिक्षामा समावेश गर्न चुनौती रहेको ।

१३. निरक्षर नागरिकलाई साक्षर बनाउनका लागि सामुदायिक सिकाई केन्द्रको व्यवस्थापन, विस्तार र संचालन प्रभावकारी हुन नसकेको ।

१४. सीप मूलक तालिम र जीवनोपयोगी शिक्षा कार्यक्रम प्रभावकारी रूपमा संचालन गर्न नसकेको ।

१५. विद्यालयको शैक्षिक तथ्याङ्क व्यवस्थापन हुन नसकेको ।

१६. विद्यालय शिक्षामा सुशासन र पारदर्शिता हुन नसकेको ।

१७. बालविकासलाई मापदण्ड अनुसारको बनाउन नसकिनु ।

## १.५. देवाही गोनाही नगरपालिकाको शिक्षा क्षेत्रको विकासका लागि मुख्य अवसरहरू

१. नगरपालिकामा शिक्षक दरबन्दी न्यून रहेका विद्यालयमा शिक्षक-विद्यार्थी अनुपात समायोजन गर्न नगर स्वयंसेवक शिक्षकको व्यवस्था गरिएको,
२. बालविकास सहजकर्ताका लागि क्षमता विकास गर्न प्रत्येक वर्ष दिनको क्षमता विकास कार्यशाला संचालन,
३. मा.बि.का प्रत्येक बालबालिकाको उपलब्धि न्यून रहेका विद्यार्थीका लागि अतिरिक्त कक्षाको व्यवस्था गरिएको।
४. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ विकास भई कार्यान्वयन प्रारम्भ भएको ।
५. शिक्षण सिकाईमा प्राविधिक सहयोग गर्न नगर स्तरमा एउटा विज्ञ समूह गठन गरिएको,
६. मा.बि.विद्यालयमा ICT र Sciencelab को व्यवस्था भएको र कम्प्युटर सिक्न चाहने विद्यार्थी र शिक्षकलाई अवसर प्रदान।
७. प्रत्येक विद्यालयको विद्यालय सुशासन र आर्थिक पारदर्शिता कायम गर्न लेखा परीक्षण, सामाजिक परीक्षण, IEMIS अद्यावधिक आदि कार्यलाई प्रभावकारी बनाइएको,
८. नगर प्रमुख, शिक्षा शाखा, र विज्ञ सहितको टोली बनाई सामूहिक अनुगमन गर्ने कार्यको को प्रारम्भ भएको,
९. प्रत्येक महिना प्रा.अ बैठक गर्ने र विद्यालयमा स्टाफ बैठकलाई निरन्तरता दिएको,
१०. स्थानीय तहको सामाजिक, सांस्कृतिक, भौगोलिक अवस्थालाई समेटेर स्थानीय पाठ्यक्रम निर्माण गर्न समिति गठन

## १.६. देवाही गोनाही नगरपालिकाको शिक्षा क्षेत्रको योजना निर्माण प्रक्रिया

यस पालिका शिक्षा क्षेत्र योजना विशेष गरी नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट नीतिगत मार्गदर्शन २०८१ अनुरूप पश्चात् वि.स.. २०८१ को भदौ महिनाबाट यो योजनाको सुरुवात भएको हो । योजना निर्माणको क्रममा स्थानीय तहलाई शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार पारेको टुल किटको तालिम प्रदान गरियो, त्यसपछि नगर स्तरीय सरोकारवालाहरू योजना सम्बन्धी अभिमुखीकरण गरी प्रक्रिया अनुरूप योजना तर्जुमा समिति र मस्यौदा लेखन समिति बनाई मस्यौदा लेखन कार्य अगाडी बढाए र विभिन्न सरोकारवलाहरु सुझाव भएपछि तयार गरिएको नगर शिक्षाको मस्यौदा हो । यसको आधारमा स्थानीय तहका योजना निर्माण गर्ने क्रममा नगरपालिकाले शिक्षाका लागि रणनीतिक योजना निर्माणको अभ्यास गरेको छ । विद्यालय शिक्षा क्षेत्रको योजना गर्न अपनाएको प्रक्रियाहरू :–

१. स्थानीय तहको बैठक
२. योजना निर्माण समिति गठन
३. शिक्षा क्षेत्रको विश्लेषण
४. सरोकारी निकायसँग छलफल
५. विद्यालय स्तरीय छलफल
६. योजनाको मस्यौदा तयारी
७. सरोकारवालासँग सुझाव समायोजन
८. योजनाको अन्तिमीकरण
९. बाह्य विज्ञद्धरा योजनाको लेखाजोखा र सुझाव समायोजन
१०. योजना स्वीकृति तथा कार्यान्वयन

### १.६.१. शिक्षा योजना निर्माणमा विभिन्न स्रोत/सामग्रीहरूको अध्ययन तथा समीक्षा

यो नगर शिक्षा योजनाको तयारीका लागि स्थानीय तहको शिक्षा योजना निर्माण निर्माणसम्बन्धी मार्गदर्शन २०८० संस्करण २०८१ अनुरूप, स्थानीय तहका सरोकारवाला निकायहरूलाई योजनाबारे अभिमुखीकरण कार्यक्रम संचालन गरिएको थियो ।

सो कार्यक्रम शिक्षा योजना तयारीका लागि ७ सदस्य योजना तर्जुमा समिति र ५ मस्यौदा लेख्न समिति चयन गरिएको थियो । त्यसमा आवश्यकताअनुसार अन्य उपसमिति तथा सरोकारवालाहरूसँग छलफल गरिएको थियो । जसमा तल दिएका १२ क्षेत्रमा अध्ययन र समीक्षा गरिएको थियो ।

१. बाल विकास र शिक्षा
२. आधारभूत शिक्षा
३. माध्यामिक शिक्षा
४. पाठ्यक्रम तथा मूल्याङ्कन
५. शिक्षक व्यवस्थापन तथा विकास
६. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ
७. समता र समावेशीकरण
८. दिवा खाजा, स्वास्थ्य तथा पोषण, छात्रवृत्ति, विद्यार्थी परामर्शलगायतका विद्यार्थी सहायता सेवाहरू
९. आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा
१०. शिक्षामा सूचना र प्रविधि
११. सुशासन तथा व्यवस्थापन
१२. अनुगमन तथा मूल्याङ्कन

यसरी समीक्षा तथा अध्ययन पश्चात् पहिलो मस्यौदा तयारका लागि मस्यौदा लेख्न कार्यशालामा शिक्षा शाखा तथा मस्यौदा लेख्न समितिले यो पहिला योजनाको मस्यौदा तयार पारेको थियो । सो योजना माथि सरोकारवालाहरूको सुझाव सहित शिक्षा योजना तयार गरिएको छ।

### १.६.२ योजनाको तयारी तथा विकासको संरचनात्मक व्यवस्था

यो नगर शिक्षा तयारीका लागि स्थानीय विद्यालय शिक्षा क्षेत्र योजना निर्माण सम्बन्धी मार्गदर्शन २०८० संस्करण २०८१ को निर्देशित प्रक्रिया अनुसार, सुरुमा कार्यक्रमको अभिमुखीकरण र त्यसका लागि निम्न समिति र उपसमितिहरू निर्माण गरिएको थियो ।

१. शिक्षा योजना तर्जुमा समिति
२. मस्यौदा लेख्न समिति वा कार्यदल

यस लगायत आवश्यकताअनुसारको सूचना सङ्कलनका लागि उपसमितिहरू, प्रधानाध्यापकहरूसँग छलफल आदि गरिएको थियो ।

### १.६.२ योजनाको पहिलो मस्यौदा विकास

यो नगरपालिकाको शिक्षा योजना निर्माणका लागि गठित शिक्षा योजना तर्जुमा समिति र मस्यौदा लेखन कार्यदलका सदस्यहरूले शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार पारेको टुल किटको प्रयोग गरी शिक्षासम्बन्धी तथ्याङ्क सङ्कलन र विश्लेषण गरेका छन् । यस क्रममा उनीहरूले शिक्षाका सूचकहरूको अध्ययन गर्दै पहिलो मस्यौदा तयार गर्ने कार्य अघि बढाएका छन् । शिक्षा योजना लेखन कार्यशालामा सहभागी भई मस्यौदा निर्माण सम्पन्न गरिएको छ । अब यस मस्यौदा माथि सरोकारवालाहरूबाट सुझाव सङ्कलन, आवश्यक समायोजन, बाह्य योजनासँगको तुलनात्मक विश्लेषण तथा समायोजनका प्रक्रिया पूरा गरी अन्ततः स्वीकृति प्रदान गर्दै कार्यान्वयनमा ल्याइने अपेक्षा नगरपालिकाले गरेको छ ।

# परिच्छेदः२ दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य

## २.१ परिचय

देवाही गोनाही नगरपालिकाको विद्यालय शिक्षा आगामी ५ वर्षको मार्ग पहिचानका लागि राष्ट्रिय शैक्षिक परिवेशको समीक्षा सहित उठान गरिएका मुख्य चुनौती, अवसर र सम्भावनाहरूको आधार सिर्जना गरेका छन् । यस सन्दर्भलाई ध्यानमा राख्दै, यस शिक्षा क्षेत्र योजनाले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यामिक शिक्षा, सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा, प्राविधिक मैत्री आधुनिक सीपयुक्त विद्यालय शिक्षा तथा जीवनपर्यन्त सिकाइमा नेपालले वि. सं. २०८७ (सन् २०३०) सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेट्ने उद्देश्य राखेको छ। यस योजनामा दूरदृष्टि (vision), ध्येय (mission), उद्देश्यहरू (objectives), रणनीतिहरू (strategies), तथा प्रमुख उपलब्धि सूचक (key indicators), मानव संसाधनको विकास गर्दै समाजको आर्थिक तथा सामाजिक रूपान्तरणबाट नगरवासीको समृद्धिका लागि यहाँको शिक्षा क्षेत्रको समग्र विकास अत्यावश्यक छ। यसै सन्दर्भमा, देवाही गोनाही नगरपालिकाले आगामी ५ वर्षका लागि स्थानीय शिक्षा योजना तर्जुमा गरेको छ, जसले नगरको शैक्षिक प्रणालीलाई प्रभावकारी, समावेशी र दिगो बनाउन रणनीतिक मार्ग निर्देशन प्रदान गर्नेछ। यसले संविधानको मर्मअनुरूप अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा, नि:शुल्क माध्यामिक शिक्षा, सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा, प्रविधि मैत्री आधुनिक सीपयुक्त विद्यालय शिक्षा तथा जीवन पर्यन्त सिकाइका लागि गर्नुपर्ने उपलब्धिहरू समेट्नका लागि यो विद्यालय शिक्षामा दूर दृष्टि (Vision), ध्येय (Mission), लक्ष्य (Goals), र उद्देश्यहरू (objectives) जस्ता सूचकहरूको स्पष्ट रूपमा परिभाषित गरेको छ।

## २.२ दूर दृष्टि

***" शिक्षित र सक्षम जनशक्ति उत्पादन, देवाही गोनाही नगरपालिकाको शैक्षिक अभियान "***

## २.३ लक्ष्य

सबै विद्यालय जाने उमेर समूहका बालबालिकाहरूको साधारण तथा प्राविधिक शिक्षाको पहुँच सुनिश्चित गर्दै समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने।

## २.४ प्रमुख उद्देश्यहरू :

यस देवाही गोनाही नगरपालिकाले ५ वर्षको विद्यालय शिक्षा योजनाका लागि निम्नलिखित उद्देश्यहरू निर्धारण गरेको छः

१. विद्यालय जाने उमेर समूहका अति सीमान्तकृत समुदाय तथा अपाङ्गता भएका वालवलिकाको समतामुल्क सहभागिता तथा सहज शिक्षामा पहुँच वृद्धि गर्नु ।
२. प्रारम्भिक बाल विकास शिक्षा, आधारभूत तह, माध्यामिक तह, अनौपचारिक तथा आजीवन सिकाइ, प्राविधिक तथा व्यावसायिक तालिम र शिक्षा एवम् उच्च शिक्षामा गुणस्तर र सान्दर्भिकता सुनिश्चित गर्नु ।
३. सबै बालबालिकाहरूलाई सुरक्षित तथा बालमैत्री सिकाइ वातावरण निर्माण गर्नु।
४. हरेक शैक्षिक संस्थामा आपत्कालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरूको सिकाइ निरन्तरता दिने अवसर सिर्जना गर्नु।
५. शैक्षिक सेवा प्रवाहमा सुशासन र व्यवस्थापन प्रणालीलाई सुदृढ गर्नु ।
६. शिक्षकहरूको पेसगत विकासमा सहयोग गरी नतिजामुल्क कार्यसम्पादन मुल्यांकन प्रणालीको विकास गरिने ।



देवाही गोनाही नगरपालिका नगर कार्यपालिकाको कार्यालय मधेश प्रदेश

### २.५. रणनीतिहरू :

उल्लेखित उद्देश्यहरू प्राप्त गर्नका लागि निम्न रणनीतिहरू तय गरिएको छ।

१. विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान गरी विद्यालय शिक्षाको सुनिश्चित गर्ने ।
२. गुणस्तरीय शिक्षा सुनिश्चित गर्न दक्ष जनशक्ति तथा शैक्षिक सामग्रीको व्यवस्थापन गर्ने ।
३. विद्यालयमा निर्माण हुने सबै प्रकारका भौतिक संरचनाहरू बालमैत्री, प्रविधि मैत्री तथा समयानुकूल बनाउने ।
४. वैकल्पिक सिकाइको माध्यमबाट ज्ञान, सीप तथा आयआर्जन कार्यक्रमसँग आबद्ध गराउने र विद्यालयमा भर्ना हुन प्रोत्साहन गर्ने ।
५. **ReAL कार्यक्रम** सञ्चालनका लागि सङ्घ-संस्थालाई समन्वयमा LG मेन्टर परिचालन गरिने ।
६. विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि गर्नका लागि सुधार योजना निर्माण गरी कार्यान्वयन गर्ने ।
७. शिक्षणलाई प्रभावकारी बनाउनका लागि मागमा आधारित तालिमको व्यवस्थापन गर्ने ।
८. प्राविधिक शिक्षा शिक्षाको माध्यमबाट दक्ष जनशक्ति तयार गर्न अवसर प्रदान गर्ने।

### २.६ अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्यसम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुनेछ:

१. प्रारम्भिक बाल विकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने बालबालिकाहरूको दरमा वृद्धि हुनेछ ।
२. आधारभूत शिक्षाको उमेर समूहका सबै बालबालिकाले न्यूनतम सिकाइ सक्षमता सहित आधारभूत तह पूरा गर्नेछन् ।
३. शिक्षक र विद्यार्थी अनुपात सुधार भई गुणस्तरीय शिक्षा प्रदान हुनेछ ।
४. माध्यामिक विद्यालय उमेरका सबै बालबालिकाले विद्यालयमा भर्ना भई गुणस्तरीय माध्यामिक शिक्षा प्राप्त गर्नेछन् ।
५. आवश्यकतामा आधारित अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका अवसरहरू सबैका लागि सुनिश्चित भई साक्षर, आत्मनिर्भर र सचेत सिकाइ समाज निर्माणमा योगदान हुनेछ ।
६. विद्यालयमा अध्ययनरत सबै बालबालिकाको स्वास्थ्य तथा पोषण सुधार, मनोसामाजिक क्षमता अभिवृद्धि, र सिकाइ उपलब्धिमा वृद्धि सुरक्षित, आकर्षक, र समावेशी सिकाइ वातावरणमा उनीहरूको पूर्ण पहुँच र सक्रिय सहभागिता सुनिश्चित गरिनेछ।
७. विद्यालय शिक्षा पद्धतिमा सुशासन कायम भई योजना तथा कार्यक्रम कार्यान्वयनमा नतिजामुखी प्रणाली स्थापित हुनेछ ।
८. सिकाइ अपूर्ण र क्षति भएका विद्यार्थीहरूको सिकाइ **ReAL कार्यक्रम अन्तर्गत TRAL विधिको** शिक्षण मार्फत सुधार भएको हुनेछ ।
९. सक्षम र अभिप्रेरित शिक्षकद्वारा सिकारु केन्द्रित सिकाइ क्रियाकलापमा आधारित शिक्षण सिकाइको माध्यमबाट विद्यार्थीको सिकाइ उपलब्धि सुधार हुनेछ ।
१०.विद्यालय तहको अनिवार्य र निःशुल्क रूपमा व्यवस्थापन भई हरेक बालबालिकाको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुनेछ ।
११.आपत्कालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुनेछ ।
१२.सबै विद्यालयमा आवश्यक सक्षमताका आधार पूरा भई बालमैत्री तथा अपाङ्गता मैत्री भौतिक पूर्वाधार सहितको सिकाइ वातावरण तयार हुनेछ ।

## २.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

देवाही गोनाही नगरपालिकाको ५ वर्षे शिक्षा क्षेत्रको योजना (वि.स २०८१ देखि २०८५) का मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य निम्न बमोजिम निर्धारण गरिएको छः

तालिका न. ७, देवाही गोनाही नगरपालिका मुख्य शैक्षिक सूचक विवरण

| क्र. सं. | सूचक | सूचकहरूको तह | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **१.** | **प्रारम्भिक बाल विकास र शिक्षा** | | | | | | | | | |
| १.१ | प्रारम्भिक बाल विकास र शिक्षामा कूल भर्ना दर (प्रतिशत) | स्थानीय | २३.५ | २३.५ | २५.२ | ३० | ४० | ६० | | |
| २.१ | प्रारम्भिक बाल विकास र शिक्षामा खुद भर्ना दर (प्रतिशत) | स्थानीय | १७.९ | १७.९ | १९.७ | ३० | ४० | ५० | | |
| ३.१ | खुद भर्ना दरमा लैगिंक समता सूचक | स्थानीय | १.३ | १.३ | १.३ | १.३ | १.३ | १.२ | | |
| ४.१ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका (प्रतिशत) | स्थानीय | ४५.३ | ४५.३ | ४६. | ४६.७ | ४७.५ | ४८.२ | | |
| ५.१ | तालिम प्राप्त शिक्षक | स्थानीय | ७५. | ७५. | ७७.७ | ८०.५ | ८३.४ | ८६.४ | | |
| २. | आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना | स्थानीय | ४८.६ | ४८.६ | ५१.६ | ५४.७ | ५८.१ | ६१.७ | | |

| क्र. सं. | सूचक | सूचकहरूको तह | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | भएका बालबालिकाको खुद प्रवेश दर (प्रतिशत) | | | | | | | | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (प्रतिशत) | स्थानीय | ७०.३ | ७०.३ | ७०.८ | ७१.३ | ७१.८ | ७२.३ | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर (प्रतिशत) | स्थानीय | ६४.२ | ६४.२ | ६६. | ६७.८ | ६९.७ | ७१.६ | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर (प्रतिशत) | स्थानीय | ८०.३ | ८०.३ | ८२.५ | ८४.९ | ८७.३ | ८९.७ | | |
| २.५ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर (प्रतिशत) | स्थानीय | ७७.५ | ७७.५ | ७९.५ | ८१.५ | ८३.६ | ८५.७ | | |
| २.६ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर (प्रतिशत) | स्थानीय | ८०. | ८०. | ८१.९ | ८३.८ | ८५.७ | ८७.७ | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना | स्थानीय | ५७.२ | ५७.२ | ५९.३ | ६१.५ | ६३.७ | ६६.१ | | |

| क्र. सं. | सूचक | सूचकहरूको तह | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | दर (प्रतिशत) | | | | | | | | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (प्रतिशत) | स्थानीय | ६८.७ | ६८.७ | ६९.८ | ७०.८ | ७१.९ | ७२.९ | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर (प्रतिशत) | स्थानीय | ५२.१ | ५२.१ | ५३.७ | ५५.३ | ५६.९ | ५८.६ | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर (प्रतिशत) | स्थानीय | ५२.५ | ५२.५ | ५४.१ | ५५.८ | ५७.५ | ५९.३ | | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक | स्थानीय | १.१ | १.१ | १.१ | १.१ | १.१ | १.१ | | |
| २.१९ | विद्यालय बाहिर रहेका बालबालिका (प्रतिशत) १-५ कक्षा र १-१२ कक्षा | स्थानीय | ३६.५ | ३६.५ | ३५.२ | ३३.८ | ३२.४ | ३१. | | १-८ कक्षा |
| | | स्थानीय | ७५. | ७५. | ७३.१ | ७१. | ६८.८ | ६६.४ | | १-१२ कक्षा |
| २.२ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला | स्थानीय | ३९.५ | ३९.५ | ३९.६ | ३९.७ | ३९.८ | ३९.९ | | |



... कार्यपालिकाको कार्यालय ... मधेश प्रदेश, ...

| क्र. सं. | सूचक | सूचकहरूको तह | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षकको सङ्ख्या (प्रतिशत) | | | | | | | | | |
| ३. | माध्यामिक शिक्षा (कक्षा ९-१२) | | | | | | | | | |
| ३.१ | माध्यामिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (प्रतिशत) | स्थानीय | ११. | ११. | १२.७ | १४.६ | १६.८ | १९.३ | | |
| ३.२ | माध्यामिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर (प्रतिशत) | स्थानीय | १९.८ | १९.८ | २१.१ | २२.४ | २३.८ | २५.२ | | |
| ३.३ | माध्यामिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक (कक्षा ९-१२) | स्थानीय | ०.९ | ०.९ | ०.९ | ०.९ | ०.९ | ०.९ | | |
| ३.४ | कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा १० को अन्त्यसम्म टिक्नेको दर | स्थानीय | ३४.६ | ३४.६ | ३५.८ | ३७. | ३८.३ | ३९.६ | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (प्रतिशत) | स्थानीय | ३२.९ | ३२.९ | ३४. | ३५.२ | ३६.४ | ३७.७ | | |

| क्र. सं. | सूचक | सूचकहरूको तह | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.६ | कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा १० तथा माध्यामिक त्तह (कक्षा १-१०) पुरा गर्नेको दर | स्थानीय | ३२.२ | ३२.२ | ३३.२ | ३४.३ | ३५.४ | ३६.५ | | |
| ३.७ | माध्यामिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या (प्रतिशत) | स्थानीय | ३४.४ | ३४.४ | ३५.४ | ३६.५ | ३७.६ | ३८.७ | | |
| ४. | जीवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (प्रतिशत) | स्थानीय | ११.७ | ११.७ | | | | | | |
| ४.२ | साक्षरता दर (५ वर्ष भन्दा माथि) (प्रतिशत) | स्थानीय | १६.३ | १६.३ | | | | | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (प्रतिशत) | स्थानीय | २१.४ | २१.४ | | | | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | ०.६ | ०.६ | | | | | | |
| ५ | **सुशासन तथा व्यवस्थापन** | | | | | | | | | |

| क्र. सं. | सूचक | सूचकहरूको तह | आधार वर्ष (२०८१/ ८२) | २०८१/ ८२ | २०८२/ ८३ | २०८३/ ८४ | २०८४/ ८५ | २०८५/ ८६ | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५.१ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थीःशिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | ११८. | ११८. | १२४.६ | १३१.६ | १३८.९ | १४६.७ | | |
| ६.१ | आधारभूत तह (कक्षा६-८) मा विद्यार्थीःशिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | २२१.२ | २२१.२ | २२७. | २३२.९ | २३८.९ | २४५.२ | | |
| ७.१ | आधारभूत तह (कक्षा१-८) मा विद्यार्थीःशिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | ११७. | ११७. | १२४. | १३०. | १३६. | १४०. | | |
| ८.१ | माध्यामिक तह (कक्षा ९-१०) मा विद्यार्थीःशिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | ८३ | ८३ | ८९.९ | ९७.९ | १०६.६ | ११६.१ | | |
| ९.१ | माध्यामिक तह (कक्षा११-१२) मा विद्यार्थीःशिक्षक | स्थानीय | ८८.५ | ८८.५ | ७९.८ | ७१.९ | ६४.९ | ५८.५ | | |

| क्र. सं. | सूचक | सूचकहरूको तह | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | क अनुपात | | | | | | | | | |
| ६. | शिक्षामा लगानी | | | | | | | | | |
| ६.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट (प्रतिशत) | स्थानीय | | | | | | | | |
| ७.१ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | | | |
| ८.१ | माध्यामिक तह (कक्षा९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | | | |

स्रोत : शिक्षा शाखा, EMIS, टुलकिट २०८

# परिच्छेदः३ विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू

## ३. परिचय

देवाही गोनाही नगरपालिकाको विद्यालय शिक्षा क्षेत्र योजना सन् २०२५–२०२९ सम्मका लागि तयार गरिएको पाँच वर्षीय योजना हो, जसले विद्यालय शिक्षाका दूर दृष्टि, लक्ष्य, उद्देश्य तथा रणनीति पहिचान गर्दै प्रमुख क्रियाकलापहरू र लागत अनुमानसमेत प्रस्तुत गरेको छ। पहिलो चरणमा शिक्षा क्षेत्रको वर्तमान अवस्थाको समग्र समीक्षा गर्दै योजनाको आवश्यकता तथा प्राथमिकता पहिचान गरिएको छ। दोस्रो चरणमा योजनाका समग्र दूर दृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्यहरूनिर्धारण गरिएका छन् । तेस्रो चरणमा विद्यालय शिक्षा अन्तर्गतका विभिन्न उपक्षेत्रहरू जस्तै बालविकास, आधारभूत शिक्षा, माध्यामिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी वर्तमान अवस्थाको समीक्षा गर्दै चुनौतीहरू पहिचान गरिएको छ । साथै, पाठ्यक्रम, मूल्याङ्कन, शिक्षक विकास तथा व्यवस्थापनजस्ता क्षेत्रहरूको विस्तृत विश्लेषण गरी समस्याहरू समाधानका लागि रणनीति तथा क्रियाकलापहरू निर्धारण गरिएका छन् । यस योजनाले देवाही गोनाही नगरपालिकाको विद्यालय शिक्षा क्षेत्रको समग्र सुधार गर्दै गुणस्तरीय शिक्षा प्रवर्द्धन, शिक्षामा पहुँच वृद्धि, तथा दिगो विकास सुनिश्चित गर्ने लक्ष्य लिएको छ।

## ३.१. प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

सामान्यतया ४ वर्ष उमेर भन्दा मुनिका बालबालिकाहरूको शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक र सामाजिक विकासको समग्ररुपमा बाल विकास हो ।यस उमेरमा बालबालिकामा स्वास्थ्यकर बानीको विकास, सुरक्षाका उपाय अवलम्बन गर्ने क्षमताको विकास, सिर्जनात्मक सोचको विकास र भाषिक तथा सञ्चार र सीपको विकास गराउन दिइने अवसर वा शिक्षा नै बाल शिक्षा हो ।प्रारम्भीक बाल विकास र शिक्षाको पाठ्यक्रम उमेरगत विकासात्मक पक्षलाई ध्यान दिई एकीकृत सिद्धान्तका आधारमा विकास गरिएको हुन्छ ।फलस्वरूप सिकाइको तत्परतामा उल्लेख्य प्रगति भएको छ जसका कारण विद्यालय छोड्ने र कक्षा दोहोऱ्याउने दर घटेको देखिन्छ ।प्रदेश स्तरमा होस या नगर स्तर गणितीय सिपको उपलब्धि न्यून देखिन्छ ।त्यसैले प्रारम्भिक तहका सिकाई मापदण्डको प्रयोग गरी बालबालिकाको शारीरिक, संवेगात्मक, सांस्कृतिक, भाषिक, सामाजिक तथा संज्ञानात्मक पक्षको विकासको मापन गर्न जरुरी छ । कक्षा कोठालाई बढीभन्दा बढी बालमैत्री बनाउने, सामग्रीको उपलब्ध गराउने, बालबालिकाको अन्तर्निहित प्रतिभाको प्रस्फुटन हुन सक्ने अवस्थाको निर्माण गर्नु पर्दछ । यो कार्यक्रमलाई नतिजामुल्क बनाउन प्रमुख सरोकारवाला सरकारी तथा गैर संस्था, स्थानीय सरकार, समुदाय, विद्यालय तथा आम सरोकारवालाहरूको हातेमालो वा सहयोग हुन त्यतिकै महत्त्वपूर्ण छ ।

### ३.१.२.वर्तमान अवस्था

देवाही गोनाही नगरपालिका अन्तर्गत हाल १९ वटा बालविकास केन्द्रहरू विद्यालयहरूमै सञ्चालनमा रहेका छन्, जसका लागि १९ जना सहजकर्ताहरू नियुक्त गरी कार्यरत रहेका छन् । त्यस विद्यालयहरूमा ४१६ वालिका र ३८८ बालकहरू अध्ययनरत रहेका छन् । तीमध्ये करिब ६० प्रतिशत बालविकास केन्द्रहरू मात्र सरकारले तोकेको मापदण्डअनुसार सञ्चालनमा रहेको पाइन्छ । बालविकास शिक्षामा सहभागी बालबालिका मध्ये ४५.३ प्रतिशत मात्र इसीडी अनुभव सहित कक्षा १ मा भर्ना हुने गरेका छन्, जबकि कुल भर्ना दर ३३.८ प्रतिशत र खुद भर्ना दर २७.३ प्रतिशत रहेको छ । जुन अपेक्षाकृत स्तरभन्दा निकै कम हो । त्यसतै यी विद्यालयहरूको भौतिक संरचना पनि बालमैत्री हुन सकेका छैन ।

बालविकास केन्द्रहरूको वर्तमान अवस्था नगरपालिकाको भौगोलिक अवस्थिति, जनसङ्ख्या वितरण र बस्तीको संरचनासँग प्रत्यक्ष रूपमा जोडिएको छ । हाल सञ्चालनमा रहेका केन्द्रहरूको प्रभावकारिता कमजोर देखिन्छ, जसको मुख्य कारण सहजकर्ताहरूको तालिम अभाव, नियमित कक्षा सञ्चालनमा समस्या, तथा पोषणयुक्त खाजाको अपर्याप्तता रहेको छ । साथै, कतिपय स्थानमा बालविकास केन्द्रहरूको पहुँच नपुग्ने तथा आवश्यक ठाउँमा केन्द्रहरूको अभावले बालबालिकाको प्रारम्भिक शिक्षामा असर परेको छ । संस्थागत विकास र व्यवस्थापनका दृष्टिले समेत सुधार आवश्यक देखिन्छ, जहाँ सहजकर्ताहरूको सीप अभिवृद्धि, सेवा सुविधाको सुधार तथा बालमैत्री सिकाइ वातावरणको प्रवर्द्धन अपरिहार्य छ । यस नगरपालिकामा सञ्चालनमा रहेको १९ वटा बालबिकास केन्द्रहरूमा कार्यरत सहजकर्ताहरूको तलब सघिंय अनुदान र स्थानीय सरकारको केही अनुदानहरूबाट यसका लागि स्रोतहरू व्यवस्थापन गरिरहेको छ । नगरपालिकाले यस क्षेत्रलाई प्राथमिकतामा राख्दै नीति निर्माण, समन्वय तथा बजेट विनियोजनमा विशेष ध्यान दिए मात्र बालविकास शिक्षा प्रभावकारी हुन सक्छ। स्थानीय तह, समुदाय, विद्यालय व्यवस्थापन समिति तथा अन्य सरोकारवाला बीच समन्वय गरी आवश्यक सुधारका उपायहरू अवलम्बन गर्नुपर्ने देखिन्छ ।

| क्षेत्रहरू | आ.व.०७९/८० |
|---|---|
| सामुदायिक ECD को सङ्ख्या | १९ |
| संस्थागत ECD को सङ्ख्या | ३ |
| ECD को विद्यार्थी सङ्ख्या | ८०४ |
| प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर(%) * | ३३.८ |
| प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर(%) * | २७.३ |
| प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका (%) | ४५.३ |
| कुल भर्ना दरमा लैगिंक समता सूचांक | १.३ |
| खुद भर्ना दरमा लैगिंक समता सूचांक | १.४ |

### ३.१.३ समस्या तथा चुनौतिहरु

१. प्रारम्भिक बाल विकास केन्द्रको न्यूनतम मापदण्ड पुरा गर्दै बालबालिकाहरुको सर्वाङ्गीण विकास गर्नु ।
२. पिछाडीएका वर्गका बालबालिकाहरुलाई बाल शिक्षाको पहुँचमा सुनिश्चित गर्नु ।
३. ४४.७ प्रतिशत बालवालिका बालविकास कक्षाको अनुभव नलिई कक्षा १ मा भर्ना हुनु ।
४. कुल भर्ना दर ३३.८ प्रतिशत र खुद भर्ना दर २७.३ प्रतिशत मात्र हुनु ।
५. तालिम प्राप्त सहजकर्ताको व्यवस्था अभाव हुनु ।
६. सबै बालविकास केन्द्रहरूमा तोकिएको पाठ्यक्रम अनुरूप सहजीकरण गर्नु ।
७. प्रारम्भिक बालहेरचाह, पोषण सुरक्षा तथा सिकाइका सम्बन्धमा अभिभावक जागरण गर्नु ।
८. शिक्षणमा भाषा भाषागत समस्या सम्वोधन गर्न नसक्नु ।
९. चार वर्षका विद्यालय क्षेत्र भित्रका सबै बालबालिकालाई विद्यालयमा ल्याउन र टिकाउन ।
१०. बालविकासको सिकाई प्रक्रियालाई प्रभावकारी बनाउन वालमैत्री, व्यावहारिक र प्रविधि मैत्री बनाउनु ।
११. सहजकर्ताको पराश्रमिक वृद्धी गर्नु ।

### ३.१.४ उद्देश्यहरु

यस पालिकाको प्रारम्भिक बालविकास तथा शिक्षाको क्षेत्रमा देहाय बमोजिमको हुने छ ।

१. ५ वर्ष मुनिका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास तथा शिक्षामा समान पहुँच सुनिश्चित गर्नु।
२. पाठ्यक्रम २०७७ अनुसार ५ वर्षमुनिका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक, आध्यात्मिक तथा नैतिक क्षमताको विकास गरी प्रारम्भिक बाल शिक्षा तथा विकास/पर्व प्राथमिक शिक्षालाई कक्षा १ मा प्रवेशको तयारी गराउनु ।
३. बालविकास केन्द्रहरूलाई प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ को पहिलो संशोधन २०७५ को मापदण्ड अनुसार बनाएर गुणस्तरीय बनाउनु ।
४. बालबालिका अनुपात अनुसार तालिम प्राप्त सहजकर्ताको व्यवस्थापन गर्नु ।

### ३.१.५ रणनीति

योजनाका उद्देश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरू अबलम्बन गरिनेछ|

१. बालबालिकहरुको समान पहुँचका लागि वालविकास केन्द्रहरूको नक्शाकंन तथा समायोजन गर्ने ।
२. अति सिमान्तकृत समुदायका बालबालिकालाई बालविकास केन्द्रको पहुँचमा ल्याई कक्षा १मा भर्ना हुन आवश्यक आधार तयार गर्ने ।
३. हाल सञ्चालनमा रहेका बालविकास केन्द्रहरूको भौतिक अवस्था र भौगोलिक अवस्थितिको सर्वेक्षण गरी तोकिएको मापदण्ड अनुसार विकास तथा सुधार गर्ने ।
४. सबै सहजकर्ताहरूका लागि पुनार्ताजी र ELDS तालिम सञ्चालन गर्ने ।
५. सिकाइमा कक्षाकोठाको समय व्यवस्थापनका लागि स्थानीय सामग्रीहरूको प्रयोग गरी शिक्षण सामग्रीको निर्माण र प्रयोगका लागि उचित व्यवस्था गर्ने ।
६. प्रत्येक वडामा बालबालिकाको चौतर्फी विकास र मनोरञ्जनका लागि एउटा बाल उद्यान निर्माण गर्ने ।
७. भौतिक तथा शैक्षिक वातावरण बालमैत्री,सिकाइ मैत्री,समावेशी, भय रहित र सुरक्षित बनाउने ।
८. सबै बालबालिका पहुँच पुग्ने गरी खानेपानी शौचालय ,सिकाई सामाग्री समय लगायत राष्ट्रिय मापदण्ड उल्लेखित सुविधाहरू उपलब्ध गराउने ।
९. कक्षाकोठामा श्रव्य दृश्य सामग्रीको व्यवस्थापन गर्ने ।
१०. नमुना वालविकास केन्द्रको रूपमा विकास गर्ने ।

### ३.१.६ प्रमुख उपलब्धि तथा नतिजाहरू

#### क. उपलब्धि

१. सबै बालबालिकाहरूले गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर पाएका हुने।
२. बालविकास केन्द्रहरू न्यूनतम मापदण्ड पुरा भएको हुने ।
३. दक्ष तालिम प्राप्त शिक्षकबाट अध्ययन अध्यापन भएको हुने छ ।
४. प्रविधि मैत्री र बालमैत्री भौतिक पूर्वाधारको विकास भई कक्षा शिक्षणमा आधुनिक प्रविधिको प्रयोग भएको हुने छ ।
५. शत प्रतिशत बालबालिकाहरु ईसिईडीमा भर्ना भई तयारी साथ कक्षा १ मा भर्ना भएको हुने छ ।

६. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने वातावरण तयार हुनेछ ।
७. सबै प्रारम्भिक बालविकास सहजकर्ताहरू मन्टेश्वरीमा आधारित ३० दिने तालिम प्राप्त हुनेछन् ।
८. प्रारम्भिक बालविकास शिक्षाको कार्यान्वयनका लागि परिवार, समुदाय, गैरसरकारी सङ्घ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाइनेछ ।
९. शत प्रतिशत विद्यालयहरूमा अपांङमैत्री, छात्रामैत्री र लैङिकमैत्री पूर्वाधारको निर्माण भएका हुनेछ ।
१०.बालिका लक्षित खेलकुद, अतिरिक्त क्रियाकलाप, बालिका मैत्री पोसाक तथा मातृभाषामा आधारित बहुभाषिक शिक्षण विधिमा सञ्चालन हुनेछ ।
११.राष्ट्रिय मापदण्ड अनुसारको न्यूनतम ५ वटा मध्ये ३ वटा मापदण्ड पुरा भएको विद्यालय हुने छन् ।
१२.पाठ्यक्रम अनुसारको शिक्षण सिकाई न्युन्तम कार्य घण्टा सुनिश्चित भएको हुने छ ।
१३.भौतिक पूर्वाधारहरू वालमैत्री र शिक्षण सिकाई क्रियाकलापमा आधुनिक विधि प्रविधिको प्रयोग भएको हुने छ ।
१४.बालबालिकाहरुको पोषणयुक्त दिवाखजाको पूर्ण रूपमा सुनिश्चितता भएको हुने छ ।
१५.भय रहित वातावरणमा मनोरञ्जनात्मक तरीकाबाट शिक्षण भएको हुने छ ।

**ख.नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर (प्रतिशत) | ३३.८ | ३३.८ | ३८.७ | ४४.२ | ५०.६ | ५७.९ |
| २ | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर (प्रतिशत) | २७.३ | २७.३ | ३२.१ | ३७.७ | ४४.३ | ५२. |
| ३ | खुद भर्ना दरमा लैगिंक समता सूचक | १. | १. | १. | १. | १. | १. |
| ४ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका (प्रतिशत) | ४६.५ | ४६.५ | ५१.३ | ५६.५ | ६२.२ | ६८.५ |
| ५ | तालिम प्राप्त शिक्षक | ७५. | ७५. | ७७.७ | ८०.५ | ८३.४ | ८६.४ |

स्रोतः शिक्षा शाखा ,EMIS 2081, toolkit

**३.१.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डहरू विकास, परिमार्जन तथा प्रबोधीकरण | पटक | १ | | | | | १ | | सङ्घ, प्रदेश र स्थानीय तह |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षाको नक्साङ्कन गरी पुनर्वितरण तथा नयाँ थप केन्द्रको स्थापना | पटक | | १ | | | | १ | | स्थानीय तह |
| ३ | अपाङ्गता मैत्री शौचालयको व्यवस्था | सङ्ख्या | ३ | ३ | ३ | ३ | २ | १५ | १९ | स्थानीय तह |
| ४ | वालविकास केन्द्रहरूमा वाल मैत्री प्रविधियुक्त सिकाई कक्ष व्यवस्थापन | वटा | ३ | ३ | ३ | ३ | २ | १५ | १९ | सङ्घ र स्थानीय तह |
| ५ | वडा स्तरीय वाल उद्दान निर्माण | वटा | २ | २ | २ | २ | १ | ९ | ९ | स्थानीय तह |
| ६ | खेलकुद तथा सिकाई समाग्रिहरुको व्यवस्थापन | सङ्ख्या | ५ | ५ | ४ | ३ | २ | १९ | १९ | स्थानीय तह |
| ७ | वालविकास केन्द्रहरूलाई सूचना तथा सञ्चार प्रविधिमैत्री बनाउने | सङ्ख्या | ५ | ५ | ५ | २ | २ | १९ | १९ | विद्यार्थीहरूलाई कोड दिई Child trekking |
| ८ | अनुगमन, सुपरिवेक्षक सहयोग तथा सहजिकरण | निरन्तर | | | | | | | | स्थानीय तहको सहयोगमा प्रारम्भिक बालविकास केन्द्र |
| ९ | प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका बालबालिकाका लागि पोषणयुक्त दिवा खाजाको व्यवस्था | निरन्तर | | | | | | | | सङ्घ र स्थानीय तह |
| १० | वाल विकास कक्षाका शिक्षकहरूको कलस्टर निर्माण र नियमित बैठक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | सङ्घ र स्थानीय तह |
| ११ | हरेक कलस्टरमा उत्कृष्ट बालशिक्षकलाई सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | सङ्घ र स्थानीय तह |
| १२ | वालविकास केन्द्रहरूको वडागत नक्साकंन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १३ | नमुना वालविकास केन्द्रको | पटक | १ | १ | १ | १ | १ | ५ | १० | सङ्घ, प्रदेश र |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अवलोकन भ्रमण | | | | | | | | | स्थानीय तह |
| १४ | सबै प्रारम्भिक बालविकास केन्द्रमा शिक्षक र बालबालिकाको अनुपात बढीमा १:२० कायम | निरन्तर | | | | | | | | स्थानीय तह |
| १५ | प्रारम्भिक बाल विकास तथा शिक्षामा बालबालिकालाई गुणस्तरीय एकीकृत सेवा प्रदान | निरन्तर | | | | | | | | स्थानीय तह |
| १६ | सिकाइ क्रियाकलाप सहरीकरणमा मातृभाषालाई प्राथमिकता दिई आवश्यकताअनुसार स्थानीय भाषाको प्रयोग | निरन्तर | | | | | | | | स्थानीय तह |
| १७ | बालबालिकाको मासिक स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्यसम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन (Growth Monitoring) गरी कुपोषण भएका बालबालिकाका लागि आवश्यक प्रबन्ध | निरन्तर | | | | | | | | स्थानीय तह |
| १८ | प्रारम्भिक बालविकास तथा शिक्षाका व्यवस्थापन समितिका सदस्यहरू, वर्तमान तथा भावी अभिभावक तथा सरोकारवालाहरूका लागि प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी नियमित अभिमुखीकरण | निरन्तर | | | | | | | | स्थानीय तहले |
| १९ | ग्रेडिङ अनुसार मापदण्ड पुरा गरेर निरन्तर प्रगतिमा रहेका बालविकास तथा शिक्षा केन्द्र तथा सम्बन्धित केन्द्रको शिक्षकलाई प्रोत्साहनका लागि पुरस्कृत गर्ने | पटक | १ | | १ | | १ | ३ | | स्थानीय तह । पहिलो पटक baseline का लागि र त्यस पश्चात् प्रत्येक २ वर्षमा कति सुधार भयो भन्ने आधारमा |
| २० | प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा कम्तीमा महिनाको एक पटक अभिभावक | निरन्तर | | | | | | | | स्थानीय तह/बालविकासकेन्द्र |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सिपहरू बालबालिकालाई सिकाउने | | | | | | | | | |
| २१ | प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षाको व्यवस्था गर्ने र आवश्यकताको आधारमा मनोसामाजिक परामर्शदाता वा संस्थासँग समन्वय गर्ने | निरन्तर | | | | | | | | स्थानीय तह/बालविकासकेन्द्र |
| २२ | शिक्षकको पेसागत विकासका कार्यक्रम सञ्चालन | निरन्तर | | | | | | | | स्थानीय तह |
| २३ | प्रारम्भिकबालविकास तथा शिक्षामा परिवार तथा समुदाय, निजी क्षेत्र तथा गैरसरकारी सङ्घ संस्थाको सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि | निरन्तर | | | | | | | | स्थानीय तह |
| २४ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रको वर्तमान अवस्थाको परीक्षण गरी न्यूनतम मापदण्ड पूरा गराउन बजेट व्यवस्थाका लागि लागत साझेदारी मापदण्ड २०७७ परिमार्जन गरी कार्यान्वयन | निरन्तर | | | | | | | | संघ ,प्रदेश ,स्थानीय तह |
| २५ | प्रारम्भिक बालविकास तथा शिक्षाको लाइसेन्स प्राप्त व्यक्तिबाट शिक्षक छनौटको व्यवस्था गरी शिक्षकहरूको पारिश्रमिक तथा सेवा सुविधा वृद्धि | निरन्तर | | | | | | | | स्थानीय तह , संघ |
| २६ | प्रत्येक प्रारम्भिक बालविकास तथा शिक्षाका लागि शिक्षकबाहेक कक्षा १० उत्तीर्ण एक जना सहयोगीको व्यवस्था गर्ने ।सहयोगीलाई स्वास्थ्य तथा स्याहारसम्बन्धी आधारभूत तालिमको व्यवस्था | निरन्तर | | | | | | | | स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २७ | सबै प्रकारका प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई अनिवार्य रूपमा शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा दर्ता गराई पाठ्यक्रम कार्यान्वयन | निरन्तर | | | | | | | | स्थानीय तह |
| २८ | सङ्घीय सरकारले बालविकास तथा स्याहार कार्यक्रम (४८ महिनाभन्दा कमका लागि) को सिकाइ तथा विकाससम्बन्धी पाठ्यक्रम निर्माण र लागु | पटक | १ | | | | | १ | | स्थानीय तह |
| २९ | प्रारम्भिक बालविकास सेवा तथा पाठ्यक्रमको कार्यान्वयन, अनुदान तथा सहयोगको उचित प्रभावकारिताको सम्बन्धमा मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रादेशिक प्रारम्भिक बालविकास समिति, स्थानीय प्रारम्भिक बालविकास समितिबाट अनुगमन, सुपरिवेक्षण, सहयोग तथा सहजीकरण | निरन्तर | | | | | | | | सङ्घ,प्रदेश ,स्थानीय तहअनुगमन तथा ) सुपरिवेक्षणमा विज्ञहरूलाई पनि (समावेश गर्ने |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

आधारभूत शिक्षा नेपालको पछिल्लो परिभाषा अनुसार १ देखी ५ र ६ देखि ८ कक्षाको संरचनामा विकास गरिएको छ । बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्दछ । नेपालका संविधान २०७२, शिक्षा ऐन, निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ ले तथा अन्तर्राष्ट्रिय सन्धिहरूले कक्षा ८ सम्मको शिक्षालाई निःशुल्क र अनिवार्य बनाएको छ, यसको प्रभावकारी कार्यान्वयन सङ्घ, प्रदेश, र स्थानीय सरकारको साझा जिम्मेवारी हो । बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हो भने यसको व्यवस्थापन स्थानीय तहको एकल अधिकार सूचीमा राखिएको छ । त्यसैले, स्थानीय तहले बालबिकास केन्द्रहरूको सञ्चालन, व्यवस्थापन तथा विकासमा अग्रसर भूमिका खेल्न आवश्यक छ । साथै, सङ्घ र प्रदेश सरकारले नीति, बजेट तथा प्राविधिक सहयोग उपलब्ध गराई स्थानीय तहलाई सशक्त बनाउनुपर्ने हुन्छ । यस प्रक्रियामा अभिभावक, समुदाय तथा विद्यालय व्यवस्थापन समितिको सक्रिय सहभागिता समेत महत्त्वपूर्ण रहन्छ ।

### ३.२.२ वर्तमान अवस्था

आधारभूत तहको शिक्षा सुधारका लागि कार्यान्वयनमा आएका विभिन्न योजना, परियोजना, आयोगका सुझाव लगायतका विभिन्न प्रयास भएको छ तर परिमाण अपेक्षाकृत हुन सकेको छैन । न त यसलाई पूर्ण रूपमा नीति अनुसार निःशुल्क र अनिवार्य बनाउन सकेका छन् तत देवाही गोनाही नगरपालिकाको आधारभूत तहको शिक्षामा विभिन्न पक्षमा सुधार आवश्यक देखिन्छ । यस नगरपालिकाको १९ वटा सामुदायिक विद्यालयहरूमा कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर ४८.६ प्रतिशत मात्र रहेको छ, जुन अपेक्षाकृत न्यून देखिन्छ । कुल प्रवेश दर ७०.३ प्रतिशत भए पनि अझै धेरै बालबालिका विद्यालय बाहिर रहेकोसङ्केतगर्छ ।मा खुद भर्ना दर ६४. (५-१) आधारभूत तह २ प्रतिशत र कुल भर्ना दर ८०.३ प्रतिशत रहेको छ , जसले विद्यालय भर्नामा केही सुधार भए पनि सम्पूर्ण बालबालिकाको पहुँच अझै सुनिश्चित नभएको देखिन्छ । विद्यालयमा टिकाउने क्षमतामा पनि चुनौती देखिन्छ, किनभने कक्षा ५ सम्म टिकाउ दर ७७.५ प्रतिशत मात्र छ भने आधारभूत तह कक्षा १ देखि कक्षा ८ पुरा गर्ने दर ८० प्रतिशत रहेको छ । जसले कक्षा बढ्दै जाँदा विद्यार्थीहरूको सङ्ख्या घट्ने समस्या दर्साउँछ ।

त्यसतै शिक्षक र विद्यार्थीहरूको अनुपात पनि नमिलेको गुणस्तर सिकाई प्रभावित हुने गरेको छ । त्यसलाई सकेसम्म व्यवस्थापनका लागि तालिम प्राप्त शिक्षक र एकीकृत पाठ्यक्रम, वाहु-भाषी शिक्षणको सुनिश्चितता हुन सकेका छैन । नगरपालिकाको सेवा क्षेत्रभित्र भएका सामुदायिक विद्यालयहरूमा अध्ययनरत बालबालिकाहरूलाई विद्यालयमा उपस्थित भएको दिन दिवा खाजाका लागि दैनिक रु १५ रुपैयाँ दिनुका साथै सबै बालबालिकाका लागि आवश्यक पर्ने भाँडाकुँडाको व्यवस्था भएको छ सरकारको सशर्त अनुदान शिक्षक दिवा खाजा अन्तर्गत रकम निकासा दिने गरिन्छ र सोही रकमबाट बच्चाहरूको दैनिक खाजाको व्यवस्था हुने गर्दछ जहाँ व्यवस्थापन कहिलेकाहीँ प्रभावित हुने गरेको छ । शिक्षण सिकाइको सहजताको लागि राष्ट्रिय मापदण्ड अनुसारको वालमैत्री तथा अपाङ्ग मैत्री भौतिक पूर्वाधार र ल्याब, पूस्ताकलय र अतिरिक्त क्रियाकलापको लागि मैदान र स्वास्थ्य प्राथमिक उपचार को कमी रहेको छ । त्यसतै विद्यालय शिक्षा सुशासन र पारदर्शिताको पनि कमी रहेको देखिन्छ ।

यस पालिकामा निरक्षरलाई साक्षर बनाउने सरकारले विकास गरेको औपचारिक शिक्षा सञ्चालन गर्ने जम्मा १ वटा सामुदायिक अध्ययन केन्द्र रहेको छ । विशेष गरी सामुदायिक सिकाइ केन्द्रको माध्यमबाट सबै सूचना साक्षरता शिक्षा आयआर्जन रोजगारीको बजारको माग अनुसारको सीपमूलक तालिम जस्ता कार्यक्रमहरू सञ्चालन हुनु पर्ने हो जुन सङ्ख्यात्मक रूपले कम तथा उचित व्यवस्थापन हुन नसकेकाले त्यस मार्फत कार्यक्रमहरू सञ्चालन हुन सकेका छैन ।

### ३.२.३ समस्याहरू तथा चुनौतीहरू

१. निर्धारित पाठ्यक्रम अनुसार नियमित कक्षा सञ्चालन नभएको,
२. शिक्षकहरूलाई तालिम दिन नसक्नु ।
३. शिक्षक विद्यार्थीसंख्या अनुपात अनुसार शिक्षक सङ्ख्या नरहेको ।
४. कक्षाकोठामा पाठ तथा विषयवस्तु अनुसारको शिक्षण सिकाई सामाग्रीको प्रयोग नहुनु ।,
५. विद्यार्थी सङ्ख्या अनुसार प्रविधि तथा सञ्चारयुक्त कक्षाकोठाको अभाव हुनु ।
६. **ReAL कार्यक्रमको** प्रभावकारी सञ्चालन गर्न नसक्नु ।
७. १ देखि ५ कक्षामा अध्ययन गर्ने बालबालिका मध्ये ३६.५ प्रतिशत बालबालिका विद्यालय छोड्ने दर भएको ।
८. शिक्षकहरूको लागि मेन्टरिंग जस्ता सहयता तथा पेसागत विकासको व्यवस्थापन गर्न नसक्नु ।

९. राष्ट्रिय मापदण्ड अनुसारको खेल मैदान, अतिरिक्त क्रियाकलाप तथा व्यक्तिगत विकासको अवसरहरू विकास गर्न नसक्नु ।
१०. विद्यालयको भौतिक संरचना राष्ट्रिय मापदण्ड अनुसारको निर्माण वा सबलीकरण गरी वाल तथा अपाङ्ग मैत्री बनाउन नसक्नु ।
११. कक्षाकोठाहरू प्रविधि मैत्र हुन नसक्नु ।
१२. शिक्षणमा नविन्तम शिक्षण विधिहरूको प्रयोग कम हुनु ।
१३. विद्यार्थिहरुको कक्षमा पातलो उपस्थिति रहनु तथा विद्यालय छाड्नु ।
१४. सीमान्तकृत समुदायको विद्यार्थीहरूलाई थप प्रोत्साहन गर्न नसक्नु ।
१५. अधारभुत शिक्षालाई पूर्ण रूपमा निःशुल्क र अनिवार्य गर्न नसक्नु ।
१६. विद्यालयमा विपद् तथा आप्तकालिन अवस्थामा सिकाइ निरन्तरताको वैकल्पिक व्यवस्था गर्न नसक्नु ।
१७. विद्यालय शिक्षालाई डर, भयरहित बनाउन विद्यालय सुरक्षाका लागि योजनाहरूको निर्माण नहुनु, विपद् व्यवस्थापन सम्बन्धी सम्पर्क शिक्षक नतोक्नु, पूर्वतयारी नहुनु ।

**३.२.४ उद्देश्यहरू**

१. समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्दै अधारभुत शिक्षालाई निःशुल्क र अनिवार्य गर्नु ।
२. आधारभूत तह पूरा गर्ने अवस्था सुनिश्चित गर्नु ।
३. न्यूनतम सिकाइ उपलब्धि प्राप्त गर्न टिकाउ दर वृद्धि गर्नु ।
४. **ReAL कार्यक्रम** सञ्चालनका लागि सङ्घ-संस्थालाई समन्वयमा LG मेन्टरको परिचालन गरिने ।
५. आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी, भयरहित र सुरक्षित बनाउनु ।
६. विद्यालय शिक्षा क्षेत्रमा सुशासन सहित पारदर्शिता कायम गरिने छ ।

**३.२.५ रणनीतिहरू**

१. मापदण्डका आधारमा विद्यालयको वातावरण अपाङ्गमैत्री, बालमैत्री, लैङ्गिक मैत्री बनाइ विद्यालयको समायोजन तथा पुनः संरचना गरिनेछ ।
२. तीनै तहका सरकारसँग समन्वय गरी अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गराउने र पढ्दै कमाउँदै कार्यक्रमलाई विद्यालयसँग जोडिनेछ ।
३. विद्यालय बाहिर रहेका बालबालिकालाई समता रणनीति, साक्षर नेपाल अभियान, सिकाइ केन्द्र, मदरसा, धार्मिक विद्यालय मार्फत पहुँच र सवैका सुनिश्चित गरिनेछ ।
४. **ReAL कार्यक्रमलाई** संस्थाहरूको समन्वयमा आवश्यकता अनुसार LG सेन्टरको परिचालन गरी प्रभावकारी सञ्चालन गरिनेछ ।
५. शिक्षण विधि, मूल्याङ्कन विधि, शैक्षिक मानव संसाधनको विकास, पेसागत विकास,दिवा खाजा कार्यक्रम, मनोसामाजिक परामर्श, विद्यालय प्रविधिको प्रयोग जस्ता कार्यका लागि यथेष्ट लगानीको स्रोत सुनिश्चित गरिनेछ ।
६. शिक्षकहरूको पेसागत विकासका लागि मेन्टरिङग जस्ता कार्यक्रमहरू सञ्चालन गरिने छ ।
७. विद्यालय शिक्षा क्षेत्रमा सुशासन र पारदर्शिता कायम गर्न कडा रूपमा अनुगमन गरी वि.ब.स लाई जिम्मेवार बनाइने छ ।
८. विद्यार्थीहरूको प्रभावकारी शिक्षण सिकाइका लागी थप कोचिङको व्यवस्था गरिने छ ।

९. सीमान्तकृत समुदायको विद्यालय उमेर समूहको बालबलिकाहरु जो विद्यालय बाहिर रहेको छ त्यसलाई विद्यालयमा भर्नाका लागि प्रोत्साहन सहित विद्यालयमा स्वागत कार्यक्रम सञ्चालन गरिने ।

१०. निःशुल्क तथा अनिवार्य शिक्षा नीति अनुरूपको शिक्षाको अवसरको सुनिश्चितता गरिने ।

११. राष्ट्रिय मापदण्ड अनुसारको भौतिक पूर्वाधारहरूलाई सबलीकरण गरी लैगिंक, वाल तथा अपाङ्ग मैत्री बनाइने ।

### ३.२.६ प्रमुख उपलब्धि र नतिजा

अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधियुक्त पहुँच सहभागिता र गुणस्तर ,अभिवृद्धि भएको हुने।

**क. उपलब्धि**

१. विद्यालय नक्साङ्कन मार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनर्वितरण तथा समायोजन भएको हुने।

२. स्थानीय सरकारले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न बालमैत्री र समावेशी वातावरणमा सिकाइ भएको हुने ।

३. आधारभूत तह पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने ।

४. स्थानीय तहले आवश्यक सहकार्य गरी विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति सचेत बनाउने।

५. सिकाइ क्षति तथा अपूर्ण भएका विद्यार्थीहरूलाई पहिचान गरी ReAL कार्यक्रम मार्फत सिकाइमा सुधार भएको हुने ।

६. विद्यालय शिक्षालाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई व्यवस्थित रूपमा विस्तार भएको हुने ।

७. जनशक्तिको क्षमता विकास गर्दै आधारभूत तहमा गुणस्तरीय शिक्षा र शैक्षिक सुशासन कायम हुने।

८. विद्यार्थीको सिकाइ उपलब्धि राष्ट्रिय औसत उपलब्धिसँग बराबर हुने।

९. शिक्षकहरूको पेसागत विकासका अवसरहरूको सुनिश्चितता भएको हुने ।

१०. विद्यार्थी र शिक्षक अनुपात मिलाउन पालिकाबाट स्वयमं सेवक शिक्षकहरू परिचालन भएको हुने ।

११. विद्यार्थीहरूको नियमित स्वास्थ्य परिक्षण र पोषणमा सुधार भएको हुने छ ।

**ख. नतिजा**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (प्रतिशत) | ४८.६ | ४८.६ | ५१.६ | ५४.७ | ५८.१ | ६१.७ |
| २ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (प्रतिशत) | ७०.३ | ७०.३ | ७०.८ | ७१.३ | ७१.८ | ७२.३ |
| ३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर (प्रतिशत) | ६४.२ | ६४.२ | ६६ | ६७.८ | ६९.७ | ७१.६ |

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| ४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर (प्रतिशत) | ८०.३ | ८०.३ | ८२.५ | ८४.९ | ८७.३ | ८९.७ |
| ५ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर (प्रतिशत) | ७७.५ | ७७.५ | ७९.५ | ८१.५ | ८३.६ | ८५.७ |
| ६ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर (प्रतिशत) | ८० | ८० | ८१.९ | ८३.८ | ८५.७ | ८७.७ |
| ७ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (प्रतिशत) | ५७.२ | ५७.२ | ५९.३ | ६१.५ | ६३.७ | ६६.१ |
| ८ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (प्रतिशत) | ६८.७ | ६८.७ | ६९.८ | ७०.८ | ७१.९ | ७२.९ |
| ९ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर (प्रतिशत) | ५२.१ | ५२.१ | ५३.७ | ५५.३ | ५६.९ | ५८.६ |
| १० | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर (प्रतिशत) | ५२.५ | ५२.५ | ५४.१ | ५५.८ | ५७.५ | ५९.३ |
| ११ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक | १.१ | १.१ | १.१ | १.१ | १.१ | १.१ |
| १२ | विद्यालय बाहिर रहेका बालबालिका (प्रतिशत) १-५ कक्षा र १-१२ कक्षा | ३६.५ | ३६.५ | ३५.२ | ३३.८ | ३२.४ | ३१ |
| | | ७५ | ७५ | ७३.१ | ७१ | ६८.८ | ६६.४ |
| १३ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या (प्रतिशत) | ३९.५ | ३९.५ | ३९.६ | ३९.७ | ३९.८ | ३९.९ |

स्रोतः शिक्षा शाखा, EMIS २०८१, टुलकिट

### ३.२.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य :

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य (वर्ष ५) | | | | | | भौतिक लक्ष्य (१०वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालयमा नक्शाङ्कन, पुनर्वितरण र समायोजन | पटक | | १ | १ | | | २ | ३ | |
| २ | शिक्षक योग्यता र दरबन्दी निर्धारण तथा पुनरावलोकन | पटक | | १ | १ | | | २ | ३ | |
| ३ | आधारभूत तहमा सबै बालबालिकालाई विद्यालयमा भर्ना | प्रतिशत | ९२ | ९४ | ९६ | ९८ | ९९ | ९९ | १०० | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य (वर्ष ५) | | | | | | भौतिक लक्ष्य (१०वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ४ | कक्षा १ देखि ५ सम्मका बालबालिका लागि भाषिक पठन सीप विकासका लागि शिक्षक तथा विद्यार्थी निर्मित स्थानीय सामाग्रीहरू सहित छापामय कक्षाकोठा व्यवस्थापन | विद्यालय | १ | ३ | ५ | ५ | ५ | १९ | ३८ | |
| ५ | छापामय कक्षाकोठा व्यवस्थापन नभएका कक्षा १ देखी ३ सम्मकाबिद्यालयहरुलाई छापामय कक्षाकोठा व्यवस्थापन | विद्यालय | १ | ३ | ५ | ५ | ५ | १९ | ३८ | |
| ६ | विद्यालयमा न्युनतम भौतिक पूर्वाधार विकास | सङ्ख्या | ० | ४ | ५ | ५ | ५ | १९ | ३८ | |
| ७ | स्थानीय पाठ्यक्रम २०७८ को कार्यान्वयन | कक्षा | १ | ३ | ५ | ५ | ५ | १९ | ३८ | |
| ८ | विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा योजना तयारी महामारीलगायतका परिस्थितिप्रति योजना तयार गरी कार्यान्वयन | पटक | १ | ३ | ५ | ५ | ५ | १९ | ३८ | |
| ९ | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकास | सङ्ख्या | १ | ३ | ५ | ५ | ५ | १९ | ३८ | |
| १० | विद्यालय पोषण ,स्वास्थ्य कार्यक्रम तथा दिवा खाजा | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| ११ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | निरन्तर | | | | | | | | |
| १२ | शिक्षकहरूको पेसागत विकासको निरन्तर सहयोग | निरन्तर | | | | | | | | |
| १३ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, पाठ्यपुस्तक, विद्यार्थी स्टेशनरी वितरण | प्रतिशत | १ | ३ | ५ | ५ | ५ | १९ | ३८ | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य (वर्ष ५) | | | | | | भौतिक लक्ष्य (१०वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १४ | स्वयंम सेवक शिक्षक परिचालन | आवश्यकता अनुसार | १ | ३ | ५ | ५ | ५ | १९ | ३८ | |
| १५ | विधुतीय पुस्तकालय सहित सिकाइ सामग्री व्यवस्थापन | प्रतिशत | १ | ३ | ५ | ५ | ५ | १९ | ३८ | |
| १६ | **ReAL कार्यक्रम** सङ्घ-संस्थाहरूको समन्वयमा र आवश्यकता अनुरूप LG सेन्टरको परिचालन गरी सञ्चालन | सङ्ख्या | १९ | १९ | १९ | १९ | १९ | १९ | ३८ | |

## ३.५ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम

### ३.५.१ परिचय

डिप्लोमा स्तरको प्राविधिक तथा व्यावसायिक शिक्षा १६ वर्षभन्दा माथि उमेर समूहका विद्यार्थीहरूका लागि लक्षित गरिन्छ। यो शिक्षा प्रणालीले विद्यार्थीहरूलाई विशेष सीप, ज्ञान र दक्षता प्रदान गरी रोजगारको अवसर सिर्जना गर्न मद्दत गर्दछ। डिप्लोमा तहका कार्यक्रमहरू इन्जिनियरिङ, कृषि, स्वास्थ्य, सूचना प्रविधि, पर्यटन, व्यवस्थापन लगायतका क्षेत्रमा प्रदान गरिन्छन्। डिप्लोमा तहको प्राविधिक शिक्षाले विशेष गरी व्यवहारिक ज्ञानमा जोड दिने भएकाले विद्यार्थीहरू प्रत्यक्ष रूपमा श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्षम बन्छन्। लैङ्गिक समानता र दुर्गम क्षेत्रका विद्यार्थीहरूको पहुँच सुनिश्चित गर्न छात्रवृत्ति, आवासीय सुविधाहरू, तथा विशेष आवश्यकताका लागि अतिरिक्त सहयोगका कार्यक्रमहरू सञ्चालन गरिनु आवश्यक छ ।

### ३.५.२ वर्तमान अवस्था

हाल देवाही गोनाही नगरपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षाको अवस्था सुधारोन्मुख देखिन्छ । यस नगरपालिकामा हाल एउटा सुव्यवस्थित प्राविधिक विद्यालय सञ्चालनमा रहेको छ, जसले विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्दै आएको छ। यद्यपि, यसअघि नगरपालिकाभित्र कुनै पनि सामुदायिक रूपमा प्राविधिक शिक्षा र सीप विकास तालिम उपलब्ध नभएकाले विद्यार्थीहरू अन्य क्षेत्रका शिक्षण संस्थामा निर्भर रहनुपर्थ्यो । तर, हाल स्थापित प्राविधिक विद्यालयले यस आवश्यकता पूरा गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ। नगरपालिकाले प्राविधिक शिक्षाको पहुँचलाई अझ विस्तार गर्दै विविध व्यावसायिक तथा सीपमूलक कार्यक्रमहरू सञ्चालन गर्ने लक्ष्य राखेको छ, जसले यहाँका युवाहरूलाई दक्ष जनशक्ति बन्न र स्थानीय स्तरमै रोजगारीको अवसर प्राप्त गर्न सहयोग गर्नेछ।

### ३.५.३ उद्देश्य

१. नगरपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रवर्द्धन गरी दक्ष जनशक्ति उत्पादन गर्ने।
२. उपलब्ध प्राविधिक विद्यालयलाई थप सशक्त पार्दै सीपमूलक शिक्षालाई विस्तार गर्ने।
३. विद्यार्थीहरूलाई श्रम बजारका लागि योग्य बनाई स्व-रोजगारीको अवसर सिर्जना गर्ने।

४. दुर्गम क्षेत्रका, आर्थिक रूपमा कमजोर तथा विशेष आवश्यकता भएका विद्यार्थीहरूको पहुँच सुनिश्चित गर्ने।
५. छात्रवृत्ति, आवासीय सुविधा तथा आधुनिक प्रयोगशालासहितको पूर्वाधार निर्माणमा ध्यान दिने।
६. सङ्घीय, प्रदेश तथा स्थानीय सरकारको समन्वयमा नीति तथा कार्यक्रमहरू लागू गर्ने।
७. नगरपालिकाको समग्र शैक्षिक विकासलाई नयाँ उचाइमा पुऱ्याउने।

### ३.५.४. रणनीति

१. प्राविधिक तथा व्यावसायिक शिक्षाको लागि आवश्यक पूर्वाधारको विकास र बिस्तार गर्ने ।
२. गुणस्तर,पहुँच,र सहाभागीतामा वृद्धि गर्ने ।
३. सिप मूलक तालिमको बिस्तार गर्ने ।

### ३.५.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१. नगरपालिकाभित्रै प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार हुनेछ ।
२. दक्ष जनशक्ति उत्पादन भई स्थानीय तथा राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धी बन्ने अवसर बढ्नेछ ।
३. विद्यार्थीहरू स्व-रोजगारी तथा उद्यमशीलतामा लाग्न सक्षम बन्नेछन् ।
४. आर्थिक रूपमा कमजोर तथा दुर्गम क्षेत्रका विद्यार्थीहरूले प्राविधिक शिक्षा प्राप्त गर्न सहज हुनेछ ।
५. छात्रवृत्ति, आवासीय सुविधा तथा आवश्यक पूर्वाधारको विकासले शिक्षाको गुणस्तर वृद्धि हुनेछ ।
६. नगरपालिकाको औद्योगिक, सामाजिक तथा आर्थिक विकासमा योगदान पुग्नेछ ।
७. प्रविधि, ज्ञान र सीपको प्रयोगद्वारा समाजमा सकारात्मक परिवर्तन आउनेछ ।

**ख) नतिजा**

१. प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक संस्थाको वृद्धि हुने ।
२. प्राविधिक तथा व्यावसायिक शिक्षाको पूर्वाधारको विकास हुने ।
३. प्राविधिक तथा व्यावसायिक शिक्षामा सबैको पहुँच,गुणस्तर र सहभागितामा वृद्धि हुने ।

### ३.५.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्रसं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य (वर्ष ५) | | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्राविधिक शिक्षा प्रदायक संस्था | सङ्ख्या | | | १ | | १ | २ | ५ | सङ्घ / /प्रदेश नगरपालिका |
| २ | सिप मूलक तालिम | सङ्ख्या | | १ | | १ | | २ | ५ | सङ्घ / /प्रदेश नगरपालिका |
| ३ | पूर्वाधार निर्माण | सङ्ख्या | | | १ | १ | १ | ३ | ५ | सङ्घ / |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | /प्रदेश नगरपालिका |

## ३.६ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

### ३.६.१ परिचय

नेपालमा शिक्षालाई सबै नागरिकसम्म पुऱ्याउने लक्ष्य राख्दै विभिन्न प्रयासहरू हुँदै आएका छन् । विशेष गरी, औपचारिक शिक्षाको पहुँचबाट बाहिर रहेका नागरिकहरूका लागि गैरऔपचारिक शिक्षा प्रणालीलाई विकास गरिएको हो- ।साक्षर नेपाल वर्ष २०८० को अवधारणा अनुसार, हाल देशभर साक्षरता कार्यक्रमलाई व्यापक रूपमा अघि बढाइँदै छ । अझै साक्षर हुन बाँकी रहेका जिल्लाहरूमा विभिन्न कारणले निरक्षर रहेका व्यक्तिहरूलाई साक्षर बनाउनका लागि स्थानीय तहको विशेष भूमिका रहेको छ । यस अन्तर्गत, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव विकास स्रोत केन्द्र, प्रदेश स्तरमा शिक्षा विकास निर्देशनालय, जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाई, र स्थानीय तहको शिक्षा शाखालाई साक्षरता अभियानको सफल सञ्चालनका लागि परिचालन गरिएको छ ।

### ३.६.२ वर्तमान अवस्था

देवानी गोनाही नगरपालिकामा अनौपचारिक शिक्षा कार्यक्रम सीमित रूपमा सञ्चालन भइरहेको छ । हाल नगरपालिकामा केवल १ वटा सामुदायिक सिकाइ केन्द्र मात्र सक्रिय रूपमा सञ्चालनमा रहेको छ, जसले अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ तथा निरन्तर शिक्षाका क्षेत्रमा काम गरिरहेको छ । तर, स्रोत, संरचना र कार्यक्रमको दायरा सीमित भएको कारण यस कार्यक्रम अपेक्षित रूपमा प्रभावकारी बन्न सकेको छैन ।

जनगणना वर्ष वि.सं. २०७८ का तथ्याङ्क अनुसार, देवानी गोनाही नगरपालिकाको कुल जनसङ्ख्यामध्ये मात्र ५०.७ प्रतिशत व्यक्ति साक्षर रहेका छन् । यसमा पुरुषहरूको साक्षरता दर ५९.६ प्रतिशत रहेको छ भने महिलाहरूको साक्षरता दर मात्र ४१.८ प्रतिशत रहेको छ, जसले साक्षरता क्षेत्रमा गम्भीर लैङ्गिक असमानता र समग्र रूपमा साक्षरताको न्यून स्तर देखाउँछ । यसले देखाउँछ कि नगरपालिकामा साक्षरताको स्तर अभिवृद्धि गर्न तथा सबै उमेर समूहका नागरिकलाई जीवनपर्यन्त सिकाइमा सहभागी गराउन अझ प्रभावकारी र पहुँचयुक्त अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ ।

स्थानीय तहले अनौपचारिक शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक बजेट तथा स्रोत साधन परिचालन गर्दै निरक्षर जनसङ्ख्यालाई साक्षर बनाउने लक्ष्य राखेको छ । आगामी दिनमा नगरपालिकाले साक्षरता अभियानलाई थप व्यवस्थित गर्दै किशोरी शिक्षा, महिला साक्षरता तथा वयस्क शिक्षा कार्यक्रमहरू विस्तार गर्ने कार्यक्रमहरूलाई प्रभावकारी बनाउनका लागि यस ५ वर्षे शिक्षा योजना सारेको छ, जसले नगरपालिकाको समग्र शिक्षाको स्तर वृद्धि गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ र साक्षर नगरपालिका घोषणा हुने छ ।

### ३.६.३ चुनौतीहरू

१. यस देवानी गोनाही नगरपालिकाको साक्षर दर जम्मा ५०.७ प्रतिशत मात्र हुनु ।
२. यस पालिकामा पुरुषहरूको साक्षरता दर ५९.६ प्रतिशत र महिलाहरूको साक्षरता दर ४१.८ प्रतिशत मात्रै हुन ।

३. राष्ट्रिय समकक्षता मापदण्डलाई लागु गर्न नसक्नु ।
४. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको सहज र सर्वसुलभ पहुँच सुनिश्चित ।
५. साक्षरता, निरन्तर सिकाइ, आयमूलक सीपसँगै समय सापेक्ष सूचना प्रविधियुक्त साक्षरता कक्षा सञ्चालन।
६. मौलिक तथा परम्परागत संस्कृतिको पहिचान, संरक्षण प्रवर्धन गर्न ।
७. सामुदायिक सिकाइ केन्द्रलाई समयसापेक्ष सिकाइ आवश्यकता सम्बोधन गर्न सक्ने बनाउनु ।
८. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ लागि मापदण्ड बनाउनु ।
९. पाठ्यक्रम, पाठ्यपुस्तक तथा थप सिकाइ सामग्रीहरू विकास गर्न नसक्नु ।
१०. व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र,घुम्ती पुस्तकालय स्थापना र प्रवर्धन गर्ने विषयलाई सामुदायिक सिकाइ केन्द्रसँग आबद्ध गर्ने ।
११. सहजकर्ताको क्षमता विकास गर्न नसक्नु ।
१२. स्रोत व्यवस्थापन र सरोकारवालाहरूको सम्वन्वयमा कमी हुनु ।
१३. सामुदायिक सिकाई केन्द्रहरू प्रविधि मैत्री बनाई पुस्तकालयसँग जोड्नु ।
१४. परम्परागत तथा रैथाने शिक्षालाई प्रवर्द्धन गर्न नसक्नु ।

### ३.६.४ उद्देश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ:

१. साक्षर देवानी गोनाहीको रूपमा विकास गर्नु ।
२. साक्षरतालाई सीपसँग आबद्ध गरी रोजगारका अवसर प्रदान गर्नु।
३. सामुदायिक सिकाइ केन्द्रको विकास, विस्तार र प्रविधियुक्त बनाउनु ।
४. तालिम प्राप्त दक्ष सहजकर्ता उत्पादन तथा व्यवस्थापन गर्नु ।

५. सामुदायिक सिकाई केन्द्रलाई पुस्तकालय र प्रविधिसँग जोडन नसक्नु ।
६. राष्ट्रिय सक्षमता लागु गर्न नसक्नु ।
७. सरोकारवलाहरुको प्रभावकारी समन्वय नहुनु ।

### ३.६.५ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ:

१. साक्षर नेपाल अभियान पूरा गर्न यस पालिकाले सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार,नागरिक समाज, टोल विकास,राजनैतिक दल , सञ्चार माध्यम, अभिभावक र अन्य साझेदारहरू प्रभावकारी समन्वय गरी परिचालन गरिनेछ।
२. स्थानीय तहले सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरूको आवश्यकताअनुसार समायोजन, पुनर्संरचना तथा पुनर्वितरण गरी स्थानीय आवश्यकताका आधारमा सिकाइ केन्द्र स्थापना तथा सञ्चालन गर्दै लानेछ ।
३. सामुदायिक तथा घुम्ती पुस्तकालय पहुँचको अभिवृद्धि गरिनेछ।
४. मौलिक एवम् परम्परागत ज्ञान तथा सीपको पहिचान, संरक्षण, प्रवर्धन एवम् हस्तान्तरण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।
५. तालिम प्राप्त सहजकर्ताहरू नियुक्ति गरी परिचालन गर्ने ।



गोनाही गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मधेश प्रदेश

६. विज्ञ समूह निर्माण गरी अनौपचारिक तथा आजीवन सिकाइ सम्बन्धी अवधारणा पत्र तयार गरिने छ।
७. सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय बहुउद्देश्यीय संयन्त्रको रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइ थलोको रूपमा विकास गरिनेछ ।
८. सामुदायिक सिकाई केन्द्रहरूलाई पुस्तकालयसँग जोड्दै प्रविधि मैत्री बनाउने ।
९. विभिन्न परम्परागत र रैथाने शिक्षालाई विकास तथा प्रवर्द्धन गरिने ।
१०. नागरिकलाई योग र व्यामको लागि भौतिक पूर्वाधार तथा प्रभावकारी व्यवस्थापन गरिने ।

### ३.६.६ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१. साक्षर देवानी गोनाही नगरपालिका रूपमा विकास हुने ।
२. लक्षित वर्ग र समुदायमा सिकाइ अवसरहरूको सिर्जना हुने ।
३. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्य सञ्चालन हुने ।
४. विज्ञ समूह निर्माण गरी अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी अवधारणा पत्र तयार हुने।
५. स्थानीय माग र आवश्यकताका आधारमा रोजगारीमूलक अनौपचारिक पाठ्यक्रम तयार हुने ।
६. सिकाई केन्दहरुको सङ्ख्यामा वृद्धि वडा गत भई प्रविधि मैत्र हुने ।
७. परम्परागत तथा रैथाने शिक्षाको विकास तथा प्रवर्द्धन हुने ।

**ख) नतिजा**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | नगरपालिकाको साक्षर दर | ५०.७ | ६० | ७० | ८५ | ९० | १०० |
| २ | महिलाहरूको साक्षरता दर | ४१.८ | ५० | ७० | ८० | ९० | १०० |
| ३ | माध्यामिक तह (कक्षा १-१२) मा विद्यालय बाहिर रहेका बालबालिकाको दर (OOSC) | ३२.४ | २५ | २० | १५ | १० | ५ |
| ४ | हरे वडामा १ सामुदायिक सिकाई केन्द्रको विस्तार | २ | २ | २ | १ | १ | १ |
| ५ | छोटो अवधिका आयमूलक कार्यक्रम सञ्चालन | १ | १ | १ | १ | १ | १ |
| ६ | साक्षर नगरपालिका घोषणा | ० | ० | ० | ० | १ | ० |
| ७ | घुम्ती पुस्तकालय स्थापना | १ | ० | १ | ० | १ | ० |
| ८ | छोटो अवधिका आयआर्जन तथा सिपमूलक कार्यक्रमहरू सञ्चालन | सङ्ख्या | १०० | १५० | २०० | २५० | ३०० |
| ९ | राष्ट्रिय शिक्षा सक्षमता | निरन्तर | | | | | |

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| | प्रारूपको सफल कार्यान्वयन | | | | | | |
| १० | शैक्षिक तथ्याकंहरु अद्यावधिक तथा व्यवस्थित | निरन्तर | | | | | |

**३.६.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निरक्षरहरूको विवरण सङ्कलन र शैक्षिक तथ्याकंहरु अद्यावधिक तथा व्यवस्थित | पटक | १ | | | | | १ | २ | नगरपालिका |
| २ | साक्षर देवानी गोनाही | वडागत | | १ | २ | ३ | ३ | ९ | १२ | नगरपालिका |
| ३ | स्थानीय माग र आवश्यकताका आधारमा सा.सि.के सञ्चालन र व्यवस्थापन | सङ्ख्या | | | १ | | १ | २ | २ | नगरपालिका |
| ४ | सामुदायिक पुस्तकालयलाई सामुदायिक केन्द्रसँग आबद्ध गर्ने | पुस्तकालय | | | १ | १ | | २ | २ | नगरपालिका |
| ५ | सा.सि.के.मा प्रविधिको विकास गर्ने | सङ्ख्या | | | १ | | १ | २ | ४ | नगरपालिका |
| ६ | सा.सि.के. ले समुदायमा आधारित सङ्घ संस्थासँग सहकार्य गर्ने | निरन्तर | | | | | | | | सा. सि.के. |
| ७ | विज्ञ समूह निर्माण | पटक | | १ | | | १ | २ | २ | सा. सि.के. |
| ८ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास | सङ्ख्या | | | १ | १ | १ | ३ | १० | सा. सि.के. |
| ९ | परिचालकको क्षमता विकास | सङ्ख्या | | १ | | | १ | २ | ४ | नगरपालिका |
| १० | राष्ट्रिय शिक्षा सक्षमता प्रारूपको सफल कार्यान्वयन | निरन्तर | | | | | | | | |
| ११ | वडागत घुम्ती पूस्ताकलयको स्थापना | पटक | | १ | | | १ | २ | ४ | |
| १२ | छोटो अवधिको शिपमुल्क तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १३ | परम्परागत तथा रैथाने शिक्षा विकास तथा प्रवर्द्धन | निरन्तर | | | | | | | | |
| १४ | योग तथा व्याम शिविर सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

# परिच्छेद:४ अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरू

## ४. परिचय

परिच्छेद तीनमा शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरू जस्तै प्रारम्भिक बाल विकास, आधारभूत र माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा, आजीवन सिकाइ, पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन तथा विकास लगायतका विषयहरूको विश्लेषण गरी चुनौतीहरू पहिचान गरिएको छ । यस योजनाले शिक्षाका अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरू जस्तै समता तथा समावेशीकरण अभिवृद्धि, विद्यालय स्वास्थ्य, पोषण तथा दिवा खाजा, छात्रवृत्ति, आपत्कालीन अवस्था शिक्षा, विद्यालय भौतिक विकास, तथा सूचना प्रविधिको प्रयोगलाई प्राथमिकता दिएको छ । विद्यालय शिक्षाको वर्तमान अवस्था, आवश्यकताहरू तथा सम्भावित समाधानहरू पहिचान गरी योजनाको उद्देश्य, रणनीति, प्रमुख नतिजा, क्रियाकलाप र लक्ष्यहरू निर्धारण गरिएको छ, जसले शिक्षाको समग्र  शिक्षाको सन्तुलित सुधारमा योगदान पुर्याउनेछ ।

## ४.१ पाठ्यक्रम पाठ्यपुस्तक, सिकाइ सामग्री र मूल्याङ्कन

### ४.१.१ परिचय

पाठ्यक्रम मानव जीवनका समस्याहरू समाधान गर्न आवश्यक ज्ञान, सीप र क्षमता आर्जनका लागि मार्गनिर्देशकको रूपमा कार्य गर्छ । यसले शैक्षिक र सामाजिक जीवनदर्शन, सिकाइ प्रक्रिया, र ज्ञानको प्रकृतिका आधारमा बालबालिकाको सिकाइको आवश्यकताहरू पहिचान गरेर योजना प्रस्तुत गर्दछ । पाठ्यक्रम विकास निरन्तर प्रक्रिया हो, जसले समाज, राष्ट्र र व्यक्तिको आवश्यकता अनुसार परिवर्तन हुन्छ । पाठ्यक्रमले विद्यार्थीलाई सिकाइका लागि सही दिशा दिने उद्देश्य राख्छ र यसलाई प्रभावकारी बनाउन शिक्षक, विद्यार्थी, र समुदायको सहकार्य आवश्यक हुन्छ । पाठ्यक्रम समयसापेक्ष, सान्दर्भिक र समावेशी हुनुपर्छ । अपेक्षित उपलब्धिको पहिचानका लागि मूल्याङ्कन गरिन्छ जुन कक्षामा आधारित पठन सीप परीक्षण, आवधिक परीक्षा र अन्य मूल्याङ्कन विधिहरू प्रयोग गरी गरिन्छ  । यसका साथै, विद्यार्थीहरूको पहुँचका लागि विद्युतीय सामग्री र अनलाइन पोर्टलहरू तथा अन्य स्थानीय समाग्रिहरुको प्रयोग गरी विषयवस्तु सुहाउँदो शैक्षिक समाग्रिहरुको निर्माण गरी गुणस्तरीय शिक्षाका लागि  कक्षा शिक्षणमा प्रभावकारी प्रयोग गरिएको हुन्छ  ।

### ४.१.२ वर्तमान अवस्था

देवाही गोनाही नगरपालिकाले हालसम्म नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गर्दै आएको सर्वविदितै छ । तर स्थानीय सरकारको अधिकार क्षेत्र तथा जिम्मेवारीमा राहेका स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन यस पालिकाले गर्न सकेका छैन जसकारण बालबलिकाले पालिकाको समग्रता आफ्नो परिवेश अनुकूलको विषयवस्तुमा सहज तरिकाले वुझ्न र पढ्न पाएको छैन  । आधारभूत तहमा स्थानीय कला,संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नु पर्ने  हो र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गर्नु पर्नेमा गर्न सकेका छैन  । त्यसै गरी यसले सिकाइमा प्रयोग गरिने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई  जीवनोपयोगी तथा व्यवहार कुशल सीपका रूपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ

क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिए ता पनि प्रभावकारी रूपले अगाडी बढन सकेका छैन ।

खास गरी, आधारभूत तह कक्षा १ देखि ३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली मार्फत उद्धार कक्षोन्नित नीति अपनाइएको छ। आधारभूत तह कक्षा ४ र ५ मा ५०प्रतिशतनिर्णयात्मक र ५० प्रतिशत निर्माणत्मक मूल्याङ्कन विधि अपनाइएको छ। आधारभूत तह कक्षा ६ र ८ मा ६०प्रतिशतनिर्णायात्मक र ४० प्रतिशत निर्माणात्मक मूल्याङ्कन अपनाइएको छ। आधारभूत तहको कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अपनाइएको छ। कक्षा ८ को वार्षिक परीक्षा पालिका स्तरमा हुने छ। कक्षा १० तथा १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन अनुरूप हुने गरेको छ ।

### ४.१.३ चुनौतीहरुः

१. स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्नु ।
२. प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार कक्षामा मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गर्न ।
३. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास गर्नु ।
४. स्थानीय पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउने।
५. सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग गर्न ।
६. स्थानीय पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कनमा पद्धतिको विकास गर्नु ।
७. अपाङ्गता मैत्री पाठ्यपुस्तक तथा कार्य पुस्तिकाको प्रयोग गर्नु ।

### ४.१.४ उद्देश्य

यस योजनाले पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ।

१. पाठ्यक्रम विकासमा स्थानीय तहको नेतृत्व र सहभागिता सुनिश्चित गर्नु .
२. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तर सम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।
३. स्थानीय पाठ्यक्रम मार्फत देवाही गोनाही नगरपालिकाको समृद्धि निर्माणका लागि सक्षम,सृजनशील तथा प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्नु ।
४. सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरकृत मूल्याङ्कन पद्धतिको व्यवस्था गर्नु ।

### ४.१.५ रणनीतिहरू

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. स्थानीय पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाउँदै, सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन अनुसन्धान र मूल्याङ्कनमा आधारित हुनेछ ।
२. पाठ्यक्रम र पाठ्यपुस्तक विकासलाई सहभागितामूलक बनाउँदै, स्थानीय सरोकारवालामा अपनत्व सिर्जना गरेर स्थानीय परिवेशमा आधारित पाठ्यक्रम कार्यान्वयन गरिनेछ र प्रभावकारिता आधारमा निरन्तरता दिइनेछ ।
३. स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयनको लागि शिक्षकको क्षमता विकास गर्ने ,
४. स्थानीय पाठ्यक्रम मार्फत प्रकोप व्यवस्थापन विषयवस्तु समावेश गरी विपद्, महामारी तथा सङ्कट व्यवस्थापन र न्यूनीकरण गर्न प्रारम्भिक कक्षा देखिनै बालबालिकालाई सक्षम बनाइँदै लगिने छ ।

५. विपद्, महामारी तथा सङ्कटको समयमा सिकाइलाई निरन्तरता दिन सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोगमा जोड दिइने छ।
६. प्रारम्भिक कक्षाहरूमा सिकाइ सहजीकरणको निम्ति आवश्यकता अनुसार मातृभाषा र स्थानीय भाषालाई प्राथमिकता दिइने छ।
७. अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ अवसर वृद्धि गर्न सिकाइ सामग्रीलाई ब्रेल लिपिमा तयार गर्ने र श्रव्य दृश्यमा आधारित साङ्केतिक भाषाका शैक्षिक सामग्रीहरूको विकास र प्रयोगलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइने छ।
८. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारिताका साथ कार्यान्वयन गरिनेछ ।
९. आधारभूत तहको कक्षा ५ र ८ को वार्षिक परीक्षालाई पालिका स्तरीय बनाई सुधार गरिनेछ ।

**४.१.६ प्रमुख उपलब्धि तथा नतिजा,**

**क) उपलब्धि**

१. स्थानीय पाठ्यक्रमको विकास भई लागु भएको हुने ।
२. बालबालिकाहरूले स्थानीय बारे जानकार भएको हुने ।
३. स्थानीय पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी कार्यान्वयन भएको हुने ।
४. शिक्षकहरूले स्थानीय समाग्रिहरुको प्रयोग गरी विषयवस्तु अनुसारको शैक्षणिक समाग्रिहरुको उत्पादन गरी कक्षामा प्रयोग गरेको हुने छ।
५. विद्यार्थीहरूमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानसकारात्मक सोच भएको
६. निरन्तर सिकाइ प्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार गर्न सहयोग हुने ।
७. स्थानीय पाठ्यक्रम२०७८ प्रारम्भिक बाल विकास देखि कक्षा ८ सम्म विकास तथा कार्यान्वयन हुने।
८. प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तह कक्षा १ मा ५-आवश्यकता अनुसार मातृभाषा स्थानीय भाषा प्रयोग गरी सिकाइ सहजीकरण हुने ।
९. शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा मूल्याङ्कन हुने ।
१०.शिक्षण सिकाइ क्रियाकलाप बालमैत्रीअपाङ्गमैत्री तथा स्थानीय सन्दर्भ सापेक्ष प्रभावकारी हुने ।
११.स्थानीय पाठ्यक्रम परिमार्जन तथा सुधार अनुसन्धानमा आधारित हुने ।
१२.प्रत्येक विद्यालयमा प्रत्येक विद्यार्थीको मूल्याङ्कनका लागि अनिवार्य फायल खडा भएको हुने ।

**ख) नतिजा**

| क्र सं | सूचक | आधार वर्ष (२०८१८२) | २०८१८२ | २०८२८३ | २०८३८४ | २०८४८५ | २०८५८६ |
|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय पाठ्यक्रम२०७८ प्रारम्भिक बाल विकास देखि कक्षा ८ | १९ | १९ | १९ | १९ | १९ | १९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सम्म विकास तथा कार्यान्वयन हुने | | | | | | |
| २ | स्थानीय पाठ्यक्रम निर्माण | ० | | कक्षा१देखि३सम्म | कक्षा४देखि५सम्म | | कक्षा६देखि८सम्म |
| ३ | स्थानीय पाठ्यक्रम परिमार्जन तथा सुधार | ० | | | कक्षा१देखि३सम्म | कक्षा४देखि५सम्म | कक्षा६देखि८सम्म |
| ४ | स्थानीय पाठ्यक्रम सम्बन्धी शिक्षकहरूलाई तालिम | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक |

### ४.१.७ प्रमुख क्रियाकलाप र लक्ष्य

तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गरिएको छ

| **क्र स** | **प्रमुख क्रियाकलापहरु** | **इकाई** | **भौतिक लक्ष्य** | | | | | | भौतिक लक्ष्य १० वर्ष मा | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६को प्रभावकारी कार्यान्वयन लागि अभिमुखीकरण | विद्यालय सङ्ख्या | १९ | १९ | १९ | १९ | १९ | १९ | १९ | सङ्घ/स्थानीय तह/बिधयल |
| २ | स्तरकृत प्रश्न निर्माण कार्यशाला | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |
| ३ | एकीकृत पाठ्यक्रम तथा निरन्तर मूल्याङ्कन सम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |
| ४ | उत्कृष्ट विद्यालय य, शिक्षक, विद्यार्थी प्रोत्साहन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |
| ५ | स्थानीय पाठ्यक्रमको र कार्यान्वयन | निरन्तर | | | | | | | | स्थानीय तह/बिद्यायल |
| ६ | स्थानीय वस्तुहरूको प्रयोग | पटक | १ | १ | १ | १ | १ | ५ | | स्थानीय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | गरी शिक्षण सामाग्रीहरूको निर्माण तालिम | | | | | | | | | |
| ७ | सूचना तथा सञ्चार प्रविधि प्रविधिमा आधारित डिजिटल सामग्री निर्माण | निरन्तर | | | | | | | | |

## ४.२ शिक्षक व्यवस्थापन तथा विकास

### ४.२.१ परिचय :

शिक्षक व्यवस्थापन र पेसागत विकास शिक्षा क्षेत्रमा महत्त्वपूर्ण कार्य हो, जसले गुणस्तरीय शिक्षण सुनिश्चित गर्न मद्दत पुऱ्याउँछ । शिक्षा बजेटको ७०शिक्षक तलबमा खर्च हुन्छ % ।शिक्षककको छनोट , नियुक्ति र पदोन्नति शिक्षक सेवा आयोगले गर्ने भए पनि सङ्घीयता कार्यान्वयन पछि स्थानीय तहको पनि सहभागिता आवश्यक भएको छ । शिक्षक तालिम केन्द्रमार्फत सञ्चालित रहे पनि, केही स्थानीय तहले क्षमता विकास तालिम पनि सञ्चालन गरेका छन् । शिक्षकको पेसागत सीपले शिक्षाको गुणस्तरमा सीधा असर पुऱ्याउँछ, र तालिमबाट प्राप्त ज्ञान कक्षामा प्रभावकारी प्रयोग गर्न आवश्यक छ । निरन्तर प्राविधिक सहयोग र शिक्षकको पेसागत विकासमार्फत शिक्षण सुधारले विद्यार्थीको सिकाइ सुधार्न मद्दत गर्दछ ।

### ४.२.२ वर्तमान अवस्था :

**शिक्षक पेसामा आकर्षण र नियुक्ति**

नेपालको पन्ध्रौं योजना २०७६/०७७-२०८०/८१ ले शिक्षण पेसामा आकर्षण बढाउन विश्वविद्यालयका उत्कृष्ट अङ्क हासिल गर्ने व्यक्तिलाई सोझै शिक्षण पेसामा प्रवेश गर्न पाउने कानुनी व्यवस्था गर्ने उल्लेख गरेको छ ।शिक्षक सेवा नियमावली, २०५७ अनुसार शिक्षाको लागि शिक्षण अनुमति पत्र अनिवार्य हुनुपर्ने, स्थायी शिक्षकको हुनका लागि शिक्षक सेवा आयोगले लिने परीक्षामा पास भएको हुनुपर्ने, बढुवाका लागि निश्चित मापदण्ड पुरा गर्नुपर्ने र पेसा सुरक्षा लगायतका कारणले शिक्षण पेसालाई समाजमा प्रतिष्ठित पेसाका रूपमा लिने अवस्था सुधार हुँदै गएको छ ।

**शिक्षक तयारी**

शिक्षक सेवा आयोग नियमावली,२०५७ का अनुसार बि.एड.वा एम.एड.गरेपछि अध्यापन अनुमति पत्रका लागि योग्य मानिन्छ ।प्राथमिक र निमावि तहका लागि शिक्षा शास्त्रबाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा कक्षा १२ वा अन्यका लागि प्रमाणपत्र तह उत्तीर्ण १० महिने तालिम लिई अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनु गरेको र माध्यमिक तहका लागि शिक्षा शास्त्रमा स्नातक तह उत्तीर्ण वा अन्य बाट स्नातक तह उत्तीर्ण गरी एक बर्से बि.एड. गरी अध्यापन अनुमति पत्र प्राप्त गरेका व्यक्ति योग्य मानिन्छन् ।कक्षा ११-१२ को हकमा अध्यायपनका लागि स्नातकोत्तर तह उत्तीर्ण गरी अध्यापन अनुमति पत्र लिएको व्यक्ति शिक्षाको हुन योग्य मान्ने व्यवस्था गरेको छ .

**तहगत शिक्षक विवरण**

| तह | सामुदायिक विद्यालयमा स्वीकृत र राहत दरबन्दीका शिक्षक सङ्ख्या | | | | | | सामुदायिक विद्यालयका सबै प्रकारका शिक्षक सङ्ख्या (पालिका र निजी श्रोतबाट नियुक्त शिक्षक समेत) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दरबन्दी | राहत | जम्मा | महिला | महिला प्रतिशत | विद्यार्थी शिक्षक अनुपात | जम्मा | महिला | पुरुष | पालिकाको स्रोतबाट नियुक्त सङ्ख्या | महिला प्रतिशत |
| पूर्व प्र.बि. बा.बि.के. | १९ | ० | १९ | १९ | १०० | | | | | | |
| आधारभूत (१-५) | ४४ | २८ | ७२ | ८ | ११.११ | १०० ।१ | १६ | ४ | १० | १० | |
| आधारभूत (६-८) | ५ | ३ | ८ | २ | २५ | १०५ ।१ | | | | | ० |
| माध्यमिक (९-१०) | ९ | २ | ११ | ० | ० | ११७ ।१ | ४ | ० | ४ | ४ | ० |
| माध्यमिक(११-१२) | २ | १ | ३ | ० | ० | | ० | ० | | ० | ० |

**शिक्षण सिकाई क्रियाकलाप**

विद्यालय तहको पाठ्यक्रम प्रारूप,२०७६ ले शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित, प्रविधिमैत्री, परियोजनामा आधारित, समूह कार्यमा आधारित, सामुदायिक क्रियाकलापमा आधारित बनाउन जोड दिएको छ ।यस्तै राष्ट्रिय शिक्षा नीति,२०७६ ले सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाई प्रक्रियाको अभिन्न अङ्गका रूपमा एकीकृत गर्दै प्रविधिमैत्री,व्यावहारिक र नतिजामूलक बनाउन बनाउने उल्लेख गरेको अवस्था छ ।चालू पन्ध्रौं योजनाले शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी सङ्ख्या कम भएका विद्यालयमा बहुकक्षा शिक्षण व्यवस्था, कक्षा शिक्षण पद्धति मार्फत पढाइ सीप प्रवर्धन गर्न उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोत सामग्री, प्रयोगात्मक सामग्री,उपयुक्त कक्षाकोठा व्यवस्थापन लगायतको व्यवस्थामा जोड दिएको छ ।विद्यालय क्षेत्र विकास योजना (२०७३/७४-२०७७/७८) ले शैक्षणिक अभ्यासको सुधार मार्फत नै विद्यार्थीको सिकाइ उपलब्धि सुधार हुन्छ भन्ने मान्यता राखेको पाइन्छ ।

**शिक्षक पेसागत सहयोग पद्धति**

सैद्धान्तिक ज्ञान प्राप्त नव आगन्तुक शिक्षकले प्राप्त गर्ने सेवाकालीन तालिममा सिकेका ज्ञान, सीप र कार्यकौसलले सबै परिस्थिति र परिवेशमा सहयोग नगर्न सक्छ ।परिवर्तित समयमा आएका नयाँ-नयाँ विधि, सिद्धान्त र तौरतरिकाको जानकारी लिने सिकेको ज्ञान, सीपलाई समयअनुसार सान्दर्भिक बनाउने र विद्यार्थीको ज्ञान, सीप, क्षमता र परिवेश अनुसार परिमार्जन गर्दै जानुपर्दछ । एक परिस्थितिमा उपयोगी र प्रभावकारी भएको सिप अर्को परिस्थितिमा उत्तिकै उपयोगी प्रभावकारी नहुन सक्दछ ।त्यसैले परीक्षणका लागि शिक्षकलाई समयको माग अनुसार आफूलाई समायोजन गर्न समय समयमा सहयोगको आवश्यकता पर्दछ ।व्यक्तिगत प्रयासबाट सकिने सुधारका लागि अभिप्रेरित अभिप्रेरित गर्नु पर्दछ भने अर्कोतिर शिक्षक सहयोग पद्धतिमा पनि विकास गर्नुपर्दछ ।शिक्षकको पेसागत सहयोग,२०७७ का अनुसार विद्यालयमा शिक्षकलाई आन्तरिक शिक्षकको

coaching/mentoring, विद्यालय तह सिकाई समूह  निर्माण, क्लस्टर समूह निर्माण,सूचना प्रविधि मार्फत सहयोग, अन्तर विद्यालय भ्रमणजस्ता मोडिलाटी उल्लेख गरेको पाइन्छ ।सबै परिवेशमा यिनै ठिक भन्ने होइन देवाही गोनाही नगरपालिकामा विज्ञहरू सहितको joint monitoring system बाट पेसागत सहयोग  हुने गरेको छ ।केन्द्र विद्यालयको अवधारणा अनुसार केन्द्र विद्यालय सहायक  विद्यालयका  शिक्षकलाई शिक्षण सिकाइको क्रममा आएका समस्या समाधान गर्न सहयोग गरेको पाइन्छ ।विभिन्न समयमा मागमा आधारित पेसागत सहयोग कार्यक्रम पनि सञ्चालन गरी पनि सबै मागहरू  सम्बोधन गर्न सकिएको छैन ।नगरमा कम्तीमा प्रत्येक विषयको एक जानका हिसाबले विज्ञको व्यवस्था मिलाइनेछ ।

**शिक्षक क्षमता विकास कार्यक्रम**

एकाइसौं शताब्दीको शिक्षक आफ्नो विषयमा निपुण हुनुपर्छ। शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी कलाकौशलबाट भरपूर्ण हुनुपर्छ। स्थानीय सरकारले प्रदेश सरकार तथा केन्द्र सरकारसँग समन्वय गरी शिक्षक तथा कर्मचारीहरूको क्षमता विकासका लागि निम्नानुसारका क्षमता विकास कार्यक्रम सञ्चालन गर्न सकिनेछअनुभव  ,पुनर्ताजगी तालिम , प्रमाणीकरण तालिम , स्वप्रयत्नमा आधारित सिकाइ आदि ,स्थानीय आवश्यकतामा आधारित मोड्युलर तालिम ,आदान प्रदान कार्यक्रम। पेसागत रूपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको शिक्षण सिकाइमा सुधार आउन सक्छ। यसका निम्ति शिक्षकलाई पेसागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ।शिक्षकको पेसागत विकासका विभिन्न तौरतरिकाहरू छन्। शिक्षक तालिम, कार्यशाला, सेमिनार, कन्फिडेन्स, क्रियात्मक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण, मेन्टरिङ आदि अवसरहरूबाट शिक्षकको पेसागत विकास सम्भव हुन्छ। नेपालमा शिक्षकको पेसागत क्षमता अभिवृद्धि गर्ने ध्येयले नेपालमा विभिन्न परियोजना तथा कार्यक्रमहरू सञ्चालन भएका थिए। शिक्षककोक्षमता अभिवृद्धि गरी कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउने उद्देश्यले वि २०५० .सं.मा शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना भएको थियो।

**शिक्षकको उत्तरदायित्व**

शिक्षण सिकाइको मुख्य  उत्तरदायित्व नै शिक्षण गर्ने हो  ।शिक्षण सिकाइ प्रक्रिया सञ्चालन भइरहँदा आउने समस्याको समाधान व्यक्तिगत र संस्थागत रूपमा पहल गर्ने, शिक्षण शिक्षणलाई मर्यादित बनाउने, पेसागत विकासका मोडिलाटी विकास गर्ने, तालिम कार्यशाला, गोष्ठी, अभिमुखीकरणमा सहभागी हुने र त्यहाँ सिकेका सिपलाई कक्षाकोठामा प्रयोग गर्ने, समस्या समाधान गर्नेजस्ता थप उत्तरदायित्व वहन गर्नु पनि शिक्षकको नैतिक जिम्मेवारी हो ।प्र.अ. समेत पर्ने हुनाले समस्या  समाधान गर्न छलफल गर्ने, क्षमता विकास कार्यक्रम गर्ने, बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न शिक्षक तथा अभिभावकलाई रचनात्मक पृष्ठपोषण दिने कार्य प्रधानाध्यापकले गर्नु पर्दछ ।

**शिक्षकको आपूर्ति र वितरण**

शिक्षा नियमावली,२०५९ को नियम ९२ अनुसार सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दीको विवरण अनुसूची १२ मा व्यवस्था गरिएको छ। पूर्व प्राथमिक विद्यालयमा १ जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तीमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा ३ जना, कक्षा ६ जना र का लागि कम्तीमा ४ ८-माध्यमिक का लागि ८ १२-तह ९ जना शिक्षक रहने व्यवस्था उक्त नियमावलीमा छ।

यस पालिको सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात ECD मा ३३  कक्षा१-५ मा ६२ र कक्षा ९-१० मा २८ र ११-१२ को ८१ रहेको छ  । अधिकांश विद्यालयमा आधारभूत तहका शिक्षक अप्राप्त रहेकोले विद्यालयले प्र.वि. दरबन्दीका शिक्षकलाई निम्न माध्यमिक तहमा परिचालन गरेको र प्र.वि. तहको शिक्षकको आवश्यकतालाई बालबालिका शिक्षक र

विद्यालयका परिचरबाट पूर्ति गर्नु परेको बाध्यता छ । गत आर्थिक वर्षमा शिक्षा विकास तथा समन्वय इकाई रौतहटले यस नगरपालिकासङको सहकार्यमा शिक्षक समायोजन तथा दरबन्दी मिलानको काम सम्पन्न गरिसकेको भए ता पनि राम्ररी शिक्षक व्यवस्थापन हुन सकेका छैन । सङ्घीय सरकारबाट माग अनुसारको शिक्षक आपूर्ति हुने आस गरिएको र तत्कालको लागि यस नगरपालिकाले स्वयंसेवक शिक्षक परिचालन गर्ने योजना बनाएको छ ।

**४.२.३ चुनौतीहरु:**

१. शिक्षण पेसालाई सबैको रोजाइको पेसाका रूपमा विकास गर्नु।
२. शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधि र क्रियाकलापमा विविधता ल्याउनु।
३. शिक्षक पेसागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु।
४. विषयगत आधारमा आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्नु।
५. शिक्षकको पेसागत विकासको अवसर र विस्तार गर्न।
६. समयमा कक्षाकोठाभित्र शिक्षकको नियमितता र गुणस्तरीय शिक्षण हुन् नसक्नु ।
७. तहगत रूपमा परीक्षा सञ्चालन गरी अग्रिम रूपमा स्वयंसेवक सूची प्रकाशन गर्नु

**४.२.४ उद्देश्य**

यस पालिकाको शिक्षा क्षेत्रको योजनामा शिक्षक व्यवस्थापन र विकासका देहायबमोजिमका उद्देश्यहरू निर्धारण गरिएका छन्:

१. शिक्षकको छनौट, नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउन सहयोग पुऱ्याउनु।
२. शिक्षक विकास तथा निरन्तर पेसागत सहायता प्रणाली स्थापना गर्नु।
३. सबै तहमा योग्य,दक्ष तथा क्षमतावान् शिक्षकहरूको प्रबन्ध गर्नु।
४. पालिका अन्तर्गत स्वयम् सेवक शिक्षकको छनोट गर्नु ।
५. कक्षाकोठामा शिक्षकको नियमितताको लागि निरन्तर अनुगमन र शिक्षकको पेसागत सहयोग प्रणालीको विकास ।

**४.२.५ रणनीतिहरू**

१. शिक्षक तालिमलाई विषयवस्तुको ज्ञान र शिक्षण सीपमा केन्द्रित बनाइने छ।
२. विषयगत रूपमा शिक्षक दरबन्दी मिलान र परिमार्जन गरिनेछ ।
३. शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सीप विकाससम्बन्धी तालिम सञ्चालन गरिने छ।
४. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने छ। यसका लागि अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिङको पद्धति विकास गरिनेछ।
५. शिक्षक सरुवा हुँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरिनेछ।
६. पालिका अन्तर्गत स्वयंसेवक शिक्षकको करार सूची प्रकाशन गरिनेछ।
७. शिक्षकको पेसागत performance को आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिनेछ ।

**४.२.६ प्रमुख उपलब्धि तथा नतिजा**

**क ) उपलब्धि**

१. विद्यालयको भौतिक तथा शैक्षिक वातावरण सुधार र शिक्षकको पेसागत क्षमता विकास गरी शिक्षण सिकाई क्रियाकलापमा सुधार ल्याई विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्ने ।
२. पालिका अन्तर्गतका विद्यालयहरूमा विद्यार्थी सङ्ख्याको अनुपातमा प्राथमिकताका आधारमा भौतिक संरचना निर्माण गर्ने।

३. पालिकाद्वारा आवश्यकता अनुसार स्वयंसेवक शिक्षकको लागि प्रतिस्पर्धा गराई १ वर्षे करार सूची प्रकाशन गरिनेछ ।

४. शिक्षण पेसा प्रतिस्पर्धी र सम्मानित हुनेछ ।

५. स्थानीय तहबाट शिक्षक पेसागत सहयोग प्रणाली मार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने ।

६. विषयगत रूपमा शिक्षक दरबन्दी मिलान परिमार्जन तथा आपूर्ति हुने ।

**ख) नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१८२) | २०८१८२ | २०८२८३ | २०८३८४ | २०८४८५ | २०८५८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | १९ | १९ | १९ | १९ | १९ | १९ |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक(प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | माध्यमिक तह(कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक(प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ४ | सूचना तथा प्रविधि सम्बन्धी नूतनतम सक्षमता भएका शिक्षक (प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | ० | ५ | ५ | ५ | ५ | ४ |
| ६ | कार्यसम्पादन सम्झौता कार्यान्वयन गरेको विद्यालय सङ्ख्या | ० | ५ | ५ | ५ | ५ | ४ |
| ७ | सामुदायिक आधारभूत बिद्यालयतहहरूमा कार्यरत शिक्षकहरूमध्ये TPD तालिम पुरा गर्नेको प्रतिशत | ० | ४५ | ५५ | ६५ | ८५ | १०० |
| ८ | आधारभूत र माध्यमिक तहमा नयाँ नियुक्त भएका शिक्षकहरूमध्ये १ महिने क्षमता अभिवृद्धि तालिम (Capacity Development | ० | ४० | ५० | ६० | ८० | १०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | Training) लिएका शिक्षक सङ्ख्या | | | | | | |
| ९ | आधारभूत र माध्यमिक तहका शिक्षकहरूमध्ये विद्यार्थीहरूको सिकाई अभिवृद्धिका लागि ICT मा आधारित Online/Offline १ महिने तालिम पुरा गर्ने शिक्षक सङ्ख्या | १० | २५ | ३५ | ५० | ७० | ८५ |
| १० | आधारभूत तहका शिक्षकहरूमध्ये मागमा आधारित Online/Offline छोटो अवधि र पुनर्ताजगी तालिम पुरा गर्ने शिक्षक सङ्ख्या | १० | १० | १५ | २० | २५ | ३० |
| ११ | आधारभूत तह (कक्षा १-५) मा महिला शिक्षकको प्रतिशत | ५०.६ | ५०.६ | ५०.६ | ५०.६ | ५०.६ | ५०.६ |
| १२ | आधारभूततह (कक्षा ६-८) मा महिला शिक्षकको प्रतिशत | ३५.४ | ४० | ४५ | ५० | ५० | ५० |
| १३ | आधारभूततह (कक्षा १-८) मा महिला शिक्षकको प्रतिशत | ४८ | ५० | ५० | ५० | ५० | ५० |
| १४ | माध्यामिकतह (कक्षा ९-१०) मा महिला शिक्षकको प्रतिशत | २० | ३० | ४० | ५० | ५० | ५० |
| १५ | माध्यामिकतह (कक्षा ११-१२) मा महिला शिक्षकको प्रतिशत | ९.१ | १५ | २५ | ४० | ५० | ५० |
| १६ | माध्यामिकतह (कक्षा ९-१२) मा महिला शिक्षकको प्रतिशत | १८ | २५ | ३० | ४० | ५० | ५० |

स्रोत: शिक्षा सखा ,EMIS टुलकिट २०८१

### ४.२.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शिक्षण पेसाप्रति आकर्षण र नियुक्ति | | | | | | | | | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| | स्वयम् सेवक शिक्षक तयारी | अवशयता अनुसार | | | | | | | | सङ्घ र नगरपालिका |
| | पालिका श्रोतबाट नियुक्त शिक्षकका लागि निर्देशिका निर्माण | पटक | | १ | | | | १ | १ | नगरपालिका |
| २ | शिक्षक तयारी | | | | | | | | | |
| | नवनियुक्त शिक्षकलाई सेवा प्रवेश तालिम सञ्चालन | पटक | १ | | १ | | १ | १ | १ | सङ्घ,प्रदेश/नगरपालिका |
| ३ | शिक्षण सिकाइ क्रियाकलाप | | | | | | | | | |
| | शिक्षण सिकाइ नियमित गर्न मापदण्ड विकास | पटक | | १ | | | | १ | १ | नगरपालिका |
| | उपचारात्मक शिक्षण पद्धति विकास | निरन्तर | | | | | | | | विद्यालय |
| | एक विद्यालय एक पुस्तकालय स्थापना | सङ्ख्या | | ३ | ५ | ५ | ५ | १९ | ३८ | सङ्घ,प्रदेश/नगरपालिका |
| | एक विद्यालय एक ICT ल्याब स्थापना | सङ्ख्या | | १ | १ | १ | १ | ४ | ८ | सङ्घ,प्रदेश/नगरपालिका |
| | शिक्षक पेसागत सहयोग पद्धति विकास | निरन्तर | | | | | | | | सङ्घ,प्रदेश/नगरपालिका |
| | शिक्षक पेसागत सहयोग मार्गदर्शन विकास र प्रयोग | पटक | | १ | | | | १ | २ | नगरपालिका |
| | पेसागत शैक्षिक अवलोकन | निरन्तर | | | | | | | | नगरपालिका |
| ४ | शिक्षक क्षमता विकास कार्यक्रम | | | | | | | | | |
| | छोटो अवधिको पुनर्ताजगी तालिम सञ्चालन गर्ने | पटक | | १ | | १ | | २ | ३ | नगरपालिका |
| | बाल विकास सहजकर्ताको लागि ३० | सङ्ख्या | | ५ | ५ | ५ | ४ | १९ | ३८ | नगरपालिका |

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| | कार्य दिने मन्टेश्वरी तालिम | | | | | | | | | |
| ५ | शिक्षक उत्तरदायित्व | | | | | | | | | |
| | शिक्षकले शिक्षणमा बिताउने समयमा प्र.अ. लाई जिम्मेवार बनाउने | सबै विद्यालय | १९ | | | | | १९ | ३८ | नगरपालिका |
| ६ | शिक्षकको आपूर्ति र वितरण विद्यार्थी सङ्ख्यको आधारमा दरबन्दी व्यवस्थापन गर्ने | पटक | | | १ | | १ | २ | ४ | संघ प्रदेश/नगरपालिका |

## ४.३ शैक्षिक समता र समावेशीकरण


### ४.३.१ परिचय


शिक्षा समावेशी र समान हुनुपर्छ, जसले हरेक व्यक्तिको जाति, लिङ्ग, भाषा, क्षमता, वा आर्थिक(सामाजिक अवस्थाको आधारमा विभेद नगरोस् । समावेशी शिक्षाको मुख्य लक्ष्य सबैलाई शिक्षा प्राप्त गर्ने समान अवसर प्रदान गर्नु हो, विशेष गरी आर्थिक रूपमा कमजोर, फरक क्षमता भएका, तथा भाषिक, सांस्कृतिक रूपमा विविध समुदायका बालबालिकालाई शिक्षाको मूल प्रवाहमा ल्याउनु आवश्यक छv. नेपाल सरकारले शिक्षामा समानता र समावेशितालाई प्रवर्द्धन गर्न विभिन्न कानुनी तथा नीतिगत पहलहरू अघि बढाएको छ। नेपालको संविधान ले शिक्षामा समान अवसर सुनिश्चित गर्ने प्रतिबद्धता जनाएको छ भने राष्ट्रिय शिक्षा नीति २०७६ , अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ , तथा एकीकृत क्षमता र नीति २०७१ ले बहिष्करणमा परेका समुदायका लागि शिक्षा पहुँचयोग्य बनाउने नीति अवलम्बन गरेका छन् । यी नीतिहरू अन्तर्गत छात्रवृत्ति, निःशुल्क उच्च तथा प्राविधिक शिक्षा, आवासीय विद्यालय , तथा आर्थिक सहयोग कार्यक्रमहरू सञ्चालनमा ल्याइएका छन्, जसले हरेक विद्यार्थीलाई उनीहरूको आवश्यकता अनुसार शिक्षामा सहभागी गराउन सहयोग पुर्‍याउने लक्ष्य राखेको छ। शिक्षामा समावेशिता र समानता सुनिश्चित गर्नका लागि विविध समुदायका आवश्यकतालाई ध्यानमा राखी बहुभाषिक शिक्षा, फरक क्षमताका विद्यार्थीका लागि सहायक प्रविधि , तथा लैङ्गिक समानता अभिवृद्धि कार्यक्रमहरू लागू गरिनु जरुरी छ। केवल कानुनी व्यवस्था मात्र पर्याप्त नभई तिनको प्रभावकारी कार्यान्वयन तथा व्यवहारिक अभ्यासबाट मात्र सबैका लागि समान र समावेशी शिक्षा सम्भव हुनेछ ।

### ४.३.२ वर्तमान अवस्था

देवाही गोनाही नगरपालिकामा लैङ्गिक अनुपात १०५.९० प्रतिशत रहेको छ । तहगत रूपमा हेर्ने हो भने, आधारभूत तह (कक्षा १-८) मा १.१० र माध्यमिक तह (कक्षा ९-१२) मा ०.७७ लैङ्गिक समता सूचक रहेको छ। सामुदायिक विद्यालयमा महिला शिक्षक अनुपात आधारभूत तह (कक्षा १-८) मा ४८% र माध्यमिक तह (कक्षा ९-१२) मा १८% रहेको छ ।

नगरपालिकाका विभिन्न संस्थामा, जस्तै नगरपालिका, वडा समिति, नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ आदि, महिला र दलितको सहभागिता उल्लेख्य रहेको छ। जातजाति र भाषिक दृष्टिकोणले हेर्दा आधारभूत तह (कक्षा १-८) मा दलित विद्यार्थीको सङ्ख्या ६४.४% र माध्यमिक तह (कक्षा ९-१२) मा दलित विद्यार्थीको सङ्ख्या ११.९% रहेको छ ।




यस्तै यो नगरपालिकाको सामाजिक पक्षको अर्को पाटो धर्म मन्ने जनसख्यालाई यसरी उल्लेख गर्न सकिन्छ ।

| धर्म अनुसारको जनसङ्ख्या | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **धर्म** | **जम्मा** | **हिन्दु** | **बौद्ध** | **ईसलाम** | **किराँत** | **क्रिसचन** | **प्रकृति** | **बोन** | **जैन** | **बहाई** |
| **जम्मा** | ३८६९० | २९४९१ | १ | ९१९३ | ० | ० | ० | ० | ० | ० |
| **पुरुष** | १९२९५ | १४९७८ | ० | ४३१५ | ० | ० | ० | ० | ० | ० |
| **महिला** | १९३९५ | १४५१३ | १ | ४८७८ | ० | ० | १ | ० | ० | ० |

स्रोत: राष्ट्रिय जनगणना वर्ष २०७८

### ४.३.३ चुनौतीहरू

१. देवाही गोनाही नगरपालिकामा लैङ्गिक अनुपात  १०५ ९०.प्रतिशत रहेको र नगरपालिकाले अनुपात कायम गर्न नसकेको,
२. महिला शिक्षक अनुपात आधारभूत तह कक्षा १ देखि ८ सम्ममा ४८ र माध्यमिक तह कक्षा ९ देखि १२ सम्म १८ रहेको छ त्यसैले पुरुष शिक्षकको तुलनामा महिला शिक्षक अनुपात कायम हुन नसक्नु,
३. लैङ्गिक मूल प्रवाहीकरणमा महिलाको सहभागिता सुनिश्चित गर्नु।
४. विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्ने।
५. लक्षित समूहको शिक्षामा समतामूलक पहुँच पुऱ्याउने।
६. विद्यालयमा विभेदरहित बालमैत्री बनाउने।

### ४.३.४ उद्देश्यहरू

१. शिक्षाको मूल धारबाट वञ्चित रहेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याई गुणस्तर सुनिश्चित गर्ने।
२. शैक्षिक सुशासन कायम गर्ने।
३. विद्यालयलाई लैङ्गिक मैत्रीअपाङ्गतामैत्री तथा बालमैत्री बनाउने ,।
४. महिला शिक्षकको सङ्ख्या वृद्धिमा गर्ने ।

### ४.२.५ रणनीतिहरू

१. विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरिने छ।
२. आवासीय विद्यालय मार्फत आवश्यकताअनुसार पोसाक, स्टेसनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने छ।
३. विद्यालय बाहिर रहेका बालबालिकाहरूको अवस्था र आवश्यकता पहिचान गरी सोअनुसार प्रबन्ध मिलाइने छ।
४. आधारभूत तहमा मातृभाषामा सिकाइको अवसर प्रदान गरिनेछ।
५. लैङ्गिक मैत्रीअपाङ्गतामैत्री तथा बालमैत्री भौतिक संरचना निर्माण गर्ने ,।
६. किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने छ।
७. हरेक कार्यालय तथा विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति व्यवस्था गर्ने।
८. सीमान्तकृत समुदायको विद्यार्थीहरूका लागि थप छात्रवृत्ति जस्ता प्रोत्साहन कार्यक्रमको व्यवस्था गरिने ।
९. शिक्षक भर्ना तथा नियुक्तिमा महिलालाई प्राथमिकता दिने ।

### ४.३.६ प्रमुख उपलब्धि तथा नतिजा

**(क)उपलब्धि**

१. विद्यालयमा भेदभाव रहित बालमैत्री वातावरण सिर्जना हुने।
२. विद्यालय बाहिर रहेका बालबालिकाहरूको अवस्था र आवश्यकता पहिचान गरी सबै बालबालिकाहरूलाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्ने।
३. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुधार हुने।
४. विद्यालयहरूमा अपाङ्गतामैत्री र लैङ्गिक मैत्री वातावरण सिर्जना हुने।
५. किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने।
६. मातृभाषामा  सिकाइको अवसर प्रदान गरिने ।
७. महिला शिक्षकको सङ्ख्यामा वृद्धि हुने छ ।
८. शिक्षण प्रक्रिया वह भाषी र स्थानीय भाषाको प्रयोग गरी भएको हुने ।

**(ख) नतिजा**

| क्र.सं. | सूचक | सूचक हरूको तह | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | सूचकको स्रोत | तथ्याङ्क को स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.१ | खुद भर्ना दरमा लैगिंक समता सूचक | स्थानीय | १.३ | १.३ | १.३ | १.३ | १.३ | १.२ | | |
| २. | **आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | | | | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक | स्थानीय | १.१ | १.१ | १.१ | १.१ | १.१ | १.१ | | |
| २.१९ | विद्यालय बाहिर रहेका बालबालिका (प्रतिशत) १-५ कक्षा र १-१२ कक्षा | स्थानीय | ३६.५ | ३६.५ | ३५.२ | ३३.८ | ३२.४ | ३१ | | १-८ कक्षा |
| | | स्थानीय | ७५ | ७५ | ७३.१ | ७१ | ६८.८ | ६६.४ | | १-१२ कक्षा |
| ३. | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक (कक्षा ९-१२) | स्थानीय | ०.९ | ०.९ | ०.९ | ०.९ | ०.९ | ०.९ | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या (प्रतिशत) | स्थानीय | ३४.४ | ३४.४ | ३५.४ | ३६.५ | ३७.६ | ३८.७ | | |
| ४. | **जीवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (प्रतिशत) | स्थानीय | ११.७ | ११.७ | | | | | | |
| ४.२ | साक्षरता दर (५ वर्ष भन्दा माथि) (प्रतिशत) | स्थानीय | १६.३ | १६.३ | | | | | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (प्रतिशत) | स्थानीय | २१.४ | २१.४ | | | | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | ०.६ | ०.६ | | | | | | |

स्रोत: शिक्षा शाखा, EMIS, टुलकिट २०८१

**४.३.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य (वर्ष ५) | | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अवस्था र आवश्यकता पहिचान | पटक | | १ | | | | १ | २ | नगरपालिका |
| २ | विद्यालय बाहिर रहेका बालबालिकाहरूको अवस्था र आवश्यकता पहिचान गरी सहभागिता | निरन्तर | | | | | | | | |
| ३ | वर्गीय आधारमा छात्रवृत्ति वितरण | निरन्तर | | | | | | | | |
| ४ | आवासीय विद्यालय मार्फत छात्रवृत्ति | निरन्तर | | | | | | | | |
| ५ | विद्यालयहरूमा वालमैत्री ,अपाङ्गता मैत्री र लैङ्गिक मैत्री भौतिक संरचना निर्माण | सङ्ख्या | | | ५ | ५ | ५ | ५ | २० | |
| ६ | मातृभाषामा सिकाइको अवसर प्रदान गरिने । | निरन्तर | | | | | | | | |
| ७ | मनोसामाजिक परामर्श | निरन्तर | | | | | | | | |
| ८ | महिला शिक्षकको सङ्ख्यामा वृद्धि | जना | | ५ | ५ | ५ | ४ | १९ | १९ | |
| ९ | लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता विकास | आवश्यकता अनुसार | | १ | | १ | १ | ३ | ५ | |

## ४.४ दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम

### ४.४.१ परिचय

नेपालमा सन् १९७४ देखि छनौटमा परेका जिल्लाका छानिएका प्राथमिक विद्यालयमा विश्व खाजा कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएको थियो ।आर्थिक वर्ष २०७७ र २०७८ मा सामुदायिक विद्यालयमा पूर्वप्राथमिकदेखि कक्षा ५ का सबै विद्यार्थीलाई दिवा खाजाको व्यवस्था गरिएको छ ।नेपाल सरकारले दिवा खाजामा विगत केही वर्षदेखि लगानी विस्तार गर्दै आई आर्थिक वर्ष २०७७र ७८ मा यो लगानी करिब ८ अरब पुगेको छ ।नेपालको हाल कार्यान्वयनमा रहेको सत्रौँ योजनालगायत शिक्षा क्षेत्रका मुख्य रणनीतिक दस्ताबेजहरूमा दिवा खाजालाई स्वास्थ्य, प्राथमिकता दिइएको छ भने विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरू हासिल गर्न दिवा खाजाले महत्त्वपूर्ण योगदान दिएको छ ।

**विद्यालयमा स्वास्थ्य र पोषण**

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ। वार्षिक स्वास्थ्य परीक्षण, अर्धवार्षिक रूपमा जुकाको औषधिकिशोरीका लागि फोलिक एसिड तथा आइरन , चक्की वितरण कार्यक्रम स्वास्थ्य क्षेत्रबाटसञ्चालनहुने गर्दछन् ।

**सरसफाइ तथा स्वच्छता**

विद्यालयमा हुने सरसफाइ तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने स्पष्ट छ । यसले बालबालिकाको भावी जीवनका लागि सरसफाइ तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नाका साथै परिवार तथा समुदायमा पनि यसले सकारात्मक घरकोठाको प्रबन्ध नै छैन भने भएकाहरू/मध्ये कतिपयको सरसफाइ र स्वच्छतामा सुधार आवश्यक छ। विपद् तथा जोखिम व्यवस्थापनको तयारीका केही कार्य भए पनि यसमा विपद्,जोखिम तथा महामारी समावेश गरी थप सुधार गर्नु आवश्यक छ।

**४.४.२ वर्तमान अवस्था**

यस पालिकाका अन्तर्गतका नेपाल सरकारबाट सञ्चालित दिवा खाजा कार्यक्रमबाट २६वटा विद्यालय मार्फत आ.वा. २०८१/०८२ मा कक्षा १-५ सम्मका ७६०६ बालबालिका लाभान्वित भएका छन्, साथै पालिकाबाट विद्यालय दिवा खाजा सम्बन्धी कार्यविधि निर्माण गरी विद्यालय दिवा खाजामा पूर्ण रूपमा जङ्क फुड निषेध गरी व्यवस्थापन गर्ने प्रयास गरिएको। सरसफाइ तथा खानेपानीको अवस्था दैनिय छ, शौचालय प्राय जसो विद्यालयमा भए पनि सरसफाईको कमी र त्यसको उचित व्यवस्थापन हुन सकेका छैन ।

**४.४.३ चुनौतीहरू**

१. सबै विद्यालयमा स्वास्थ्यकर्मी सहित प्राथमिक उपचारको व्यवस्था गर्ने।
२. दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताका प्रभावकारितालाई व्यवस्थित गर्ने।
३. विद्यालय खाजाका लागि उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वास्थ्यकर विद्यालय खाजा सुनिश्चित गर्ने।
४. सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नु।
५. विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्ने।
६. सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरी कार्यान्वयन गर्ने।

**४.४.४ उद्देश्य**

१. प्रत्येक विद्यालयमा बालबालिकालाई स्वास्थ्यकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु।
२. विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु।
३. सरोकारवालाहरूको समन्वय तथा सहभागितामा सुदृढ गरी बालबालिकाको पोषण,स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु।

**४.४.५ रणनीतिहरू**

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. शिक्षा स्वास्थ्य र कृषि क्षेत्रलाई समेत समेटी ,गरी विद्यालय स्वास्थ्य तथा पोषण रणनीति तयार गरिने।
२. विद्यालय सरसफाइलाई नियमित गर्नेका लागि कार्यविधि बनाई लागु गरिने ।
३. बालबालिकाको लागि विद्यालयमा नै सफा ताजा र पोसिलो खाजा तयार गरी समूहमा हात धुने बानी विस्तार गरिने।

४. सबै विद्यालयमा User Manual समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्राथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरिएको हुने।
५. अभिभावक आमा समूह मार्फत सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने।
६. सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरी कार्यान्वयन गर्ने।

**४.४.६ प्रमुख उपलब्धि तथा नतिजा**

**क) उपलब्धि**

१. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएको साथै स्वच्छ पिउने पानी तथा सरसफाइ प्रति सचेत भएको हुने ।
१. सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास भएको हुने।
२. सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएको हुने।
३. विद्यालय दिवा खाजा कार्यविधि २०७७,अद्यावधिक तथा थप प्रभावकारिताका साथ कार्यान्वयन भएको हुने।
४. सबै माध्यमिक विद्यालयमा एक विद्यालय एक स्वास्थ्यकर्मी परिचालन हुने।
५. सबै विद्यालयमा User Manual समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्राथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरिएको हुने।
६. स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा सम्बन्धी विषय समावेश हुने।
७. स्थानीय उत्पादनमा चक्रीय पोषणयुक्त दिवा खाजा सुनिश्चितता हुने।
८. सबै विद्यालयमा स्वास्थ्यकर्मी सहित प्राथमिक उपचारको व्यवस्था भएको हुने ।

**ख) नतिजा**

| क्रस | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (प्रतिशत) | ७० | ७५ | ८० | ८५ | ९० | १०० |
| २ | कक्षा१मा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (प्रतिशत) | ७० | ७५ | ८० | ८५ | ९० | १०० |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | १-५ | १-८ | १-८ | १-८ | १-८ | १-८ |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने | ४ | ५ | ५ | ५ | १९ | १९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विद्यालयको सङ्ख्या | | | | | | |
| ५ | खानेपानी,शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सङ्ख्या | २४ | २६ | २६ | २६ | २६ | २६ |
| ६ | नर्सिङ सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | ० | १० | १५ | २० | २४ | २६ |

### ४.४.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य (वर्ष ५) | | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय दिवा खाजा कार्यविधि २०७७ अद्यावधिक र परिमार्जन | पटक | | १ | | | | १ | २ | नगरपालिका |
| २ | एक विद्यालय एक स्वास्थ्यकर्मी | विद्यालय | | | १ | २ | १ | ४ | ८ | सङ्घ/ प्रदेश/ नगरपालिका |
| ३ | User Manual समेतको प्राथमिक उपचार बाकस | सङ्ख्या | | ४ | ५ | ५ | ५ | १९ | ३८ | नगरपालिका |
| ४ | स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा | कक्षा | | ६-८ | | | | ६-८ | | विद्यालय |
| ५ | सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास | सङ्ख्या | | ५ | ५ | ५ | ५ | २० | २५ | विद्यालय |
| ६ | स्थानीय उत्पादनमा चक्रीय पोषणयुक्त दिवा खाजा | निरन्तर | | | | | | | | विद्यालय |
| ७ | विद्यालयमा पोषण कर्नर निर्माण | निरन्तर | | ४ | ५ | ५ | ५ | १९ | ३८ | विद्यालय |
| ८ | विद्यार्थीहरूको स्वास्थ्य परीक्षण | पटक | २ | २ | २ | २ | २ | १० | | विद्यालय |
| ९ | महिनावारी स्वच्छता सम्बन्धी तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | २४ वटा विद्यालयमा सेनिटरी प्याडको डिस्पोजलको लागि मेसिन | पटक | ४ | ५ | ५ | ५ | ० | १९ | | |

## ४.५ आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा

### ४.५.१ परिचय

परिस्थितिजन्य शिक्षा भन्नाले युद्ध, द्वन्द्व, महामारी तथा प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई लिने गरिन्छ। यसको मुख्य उद्देश्य विभिन्न कारणले उत्पन्न सङ्कटकालीन अवस्थामा बालबालिकालगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित सङ्कटको व्यवस्थापन, सामाजिक द्वन्द्व तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्बाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो। यस अवधारणाअन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपत्कालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने आपत्काल पश्चात् क्षतिको आपूरण गर्ने कार्यढाँचा समेटिएको हुनु पर्दछ।

आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरिए पछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो। अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय घोषणा तथा प्रतिविद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न राष्ट्रहरूले आआफ्नो नीति-, कानुन तथा योजनाहरूमा परिस्थितिजन्य शिक्षा )आपत्कालीन तथा सङ्कटपूर्ण लाई समावेश (अवस्थामा शिक्षा गर्ने गरेका छन्। विशेषतः लामो द्वन्द्वपरिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव , २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिडलगायतका १९- महामारीहरूका प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस शिक्षा क्षेत्रको योजनामा यस पालिकाले आगामी १० वर्षका लागि नीति तथा कार्यक्रमिक प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरिएको छ।

यस खण्डमा मूलतः तीन प्रकारका आपत्कालीन: अवस्थाहरू समावेश गरिएको छ

**क**.प्राकृतिक प्रकोपः भूकम्प बाढी पहिरो, हावाहुरी, हिम पहिरो, आगलागी, चट्याङ, खडेरी, दुर्घटना, आदि।

**ख**.महामारीः झाडापखाला, कालाज्वर, हैजा, भाइरल ज्वरो, डेङ्गु, टाइफ हेपाटाइटिस, बर्डफ्लू, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लु, कोभिड (१९आदि सरूवा रोगहरू।

**ग.**युद्ध, द्वन्द्व, विस्थापन आन्तरिक तथा बाह्य युद्ध एवम् द्वन्द्व तथा साम्प्रदायिक, धार्मिक, राजनीतिक आदि द्वन्द्व, युद्ध, शोषण, दुराचार तथा अन्य कारणले नागरिकहरूको विस्थापन, आन्तरिक तथा बाह्य स्थानान्तरणका कारण बालबालिकाले शिक्षा प्राप्त गर्ने अधिकारलाई सुरक्षित राख्ने।

### ४.५.२ वर्तमान अवस्था

नेपालको संविधान २०७२, ले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गहरूका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिका माथि हुने विभेद, सजाय र दुराचारलाई निषेध गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षा कार्यविधि २०७७ ले छात्रवृत्ति, दिवा

खाजा, सुविधा विहीनहरूका लागि विशेष सहयोग, मातृभाषामा शिक्षासहित कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ।

यस पालिकामा पनि विभिन्न समयमा विपद् तथा सङ्कट आइपर्दछन् यस्तो अवस्थामा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन तथा विपद् तथा सङ्कटको घडीमा पनि विचलित नभई सो को व्यवस्थापन र न्यूनीकरण गर्न योजनाबद्ध रूपमा शिक्षा प्रदान गर्दै आएको छ जस्तै कोभिडका कारणबाट अस्त व्यस्त भएको शैक्षिक सत्र २०७७ लाई विद्यालय व्यवस्थापन समितिको संयुक्त सहयोगमा भर्चुअल कक्षा ,फोन तथा टोल सिकाइ योजना बनाएर बालबालिकाको सिक्ने अधिकारलाई सुनिश्चित गरी सिकाइलाई निरन्तरता दिएको सर्वविदितै छ । यसै सन्दर्भमा कक्षागत रोल नं लाई जोर .बिजोरप्रणालीमार्फत विद्यालयमासामाजिकदूरी काय म गर्दै शिक्षण सिकाइ समेत भएको थियो। विपद्का लागि सहयोगार्थ यस पालिकामा द्रुत प्रतिकार्य समितिनेपाल रेडक्रस सोसाइटी उपशाखा तथा वारुण यन्त्र रहेको छ , तल्लो कक्षा देखिनै विपद् जोखिम न्यूनीकरणका विषयवस्तु समावेश गरिएको छ।

### ४.५.३ चुनौतीहरू :

१. सङ्कटको क्षेत्र पहिचान गर्नु।
२. पूर्व तयारी र प्रतिकार्य योजना निर्माणको प्रक्रिया र सहभागिता गराउन
३. आपत्कालीन अवस्थाको शिक्षालाई छुट्टै विधाको रूपमा सम्बोधन गर्न।
४. प्रकोप र सोको जोखिमको विषयमा सावधानी अपनाउनु।
५. क्षेत्र पहिचान गरी योजना निर्माण गर्नु।

### ४.५.४ उद्देश्यहरू

१. सङ्कटको सम्भावित जोखिम पहिचान गरी शिक्षाको माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने।
२. सूचना तथा सञ्चार प्रविधिको विकास गर्ने।
३. आपतकालिन अवस्थामा शिक्षण क्रियाकलापको निरन्तरता गर्नु ।

### ४.५.५ रणनीतिहरू

१. विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापन गरिने छ।
२. विद्यालय शान्ति क्षेत्र कायम गरी यसप्रति सरोकारवालालाई जिम्मेवार बनाइनेछ।
३. स्थानीय सरकारले सङ्कटको पहिचान र मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत् योजना र विद्यालयहरूले आआफ्ना विद्यालयको योजना तयार गर्ने छन्- ।
४. विद्यार्थी, शिक्षक ,अभिभावकलाई प्रकोप रोकथाम र पुनर्स्थापनाका लागि क्षमता विकास गरिनेछ।
५. विपद्मा सेवा प्रवाहको संयन्त्र विकास गरिनेछ।
६. विद्यालय बन्दका समय भर्चुअल कक्षा, टोल शिक्षा सञ्चालन गरी सिकाई क्षति न्यूनीकरण गरिनेछ ।

### ४.५.६ प्रमुख उपलब्धि तथा नतिजा

**(क) उपलब्धि**

जुनसुकै परिस्थितिमा पनि बालबालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चितता भएको हुने।

**(ख) नतिजा**

| क्रस | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालयमा प्रकोप व्यवस्थापनका लागि पूर्व तयारीको योजना तथा क्षमता विकास हुने । | ० | १० | १५ | १९ | ० | ० |
| २ | स्रोतको व्यवस्थापनसहित विद्यालय तथा शिक्षा प्रणाली सक्रिय हुने । | ० | १९ | १९ | १९ | १९ | १९ |
| ३ | महामारीको समयमा स्वास्थ्य मापदण्ड तथा उपचारसहित सिकाइ निरन्तरता हुने । | ० | १९ | १९ | १९ | १९ | १९ |

**४.५.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | सुरक्षित शिक्षण सिकाइ सहजीकरण योजना निर्माण र कार्यान्वयन | योजना | ४ | ५ | ५ | ५ | ५ | १९ | ३८ | |
| २ | क्षमता विकास | सङ्ख्या | ४ | ५ | ५ | ५ | ५ | १९ | ३८ | |
| ३ | मापदण्ड अनुसारको भौतिक पूर्वाधार | निरन्तर | | २ | ५ | ५ | ३ | १५ | १ | |
| ४ | समुदायमा सूचना तथा सञ्चार प्रविधिको विस्तार | प्रतिशत | | ५ | १० | १५ | २० | ५० | ५० | |
| ५ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास | सङ्ख्या | ४ | ५ | ५ | ५ | ५ | १९ | ३८ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | User manual सहितको प्राथमिक उपचार बाकस सहित स्वास्थ्यकर्मी परिचालन | सङ्ख्या | | ४ | ५ | ५ | ५ | ५ | १९ | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरेको छ। त्यसतै विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी ऐन २०८० अनुसारको भौतिक विकास विद्यालयमा वालमैत्री रूपमा हुनु पर्छ । यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

### ४.६.२ वर्तमान अवस्था

यस पालिकामा कूल विद्यालय १९ सामुदायिक विद्यालय छन् । जहाँ विद्यालयहरूमा १२० कक्षा कोटा जति पक्की र अरु बाँकी कच्ची कच्ची भवन रहेको छ यसरी हेर्दा । सामुदायिक विद्यालयमा छात्रा शौचालय भएका विद्यालयहरू सङ्ख्या १० वटा छात्र शौचालय ८ तथा महिला शिक्षक शौचालय ५ वटा छन् तर पनि शौचालयहरूमा पानीको अभाव र कम व्यवस्थित रहेका छन् । खानेपानीको आफ्नै श्रोत मुख्य गरी ट्यूभेल नै हो शुद्ध खानेपानी फिल्टरको प्रयोग हुने विद्यालयहरू एकदमै न्यून छ । विपद् तथा जोखिम व्यवस्थापनको तयारीका लागि स्थानीय पाठ्यक्रम मार्फत प्रारम्भिक कक्षा देखि नै विषयवस्तु समावेश गरिएको छ भने सबै विद्यालयहरूमा इन्टरनेट र आईसीटीको सुविधा पुगन सकेका छैन जहाँ पुगेका छ त्यहाँ तालिम प्राप्त शिक्षकको अभाव छ । विद्यालयको वातावरण तर्फ फर्केर हेर्दा माध्यमिक विद्यालयहरूमा विद्यालयमा स्टाफ कोठा, विद्यालयमा स्टोर कोठा, विद्यालयमा खेलकुद कोठा साथै विद्यालयमा पर्याप्त खेल मैदान सबै विद्यायहरुमा रहेका छैन भने आधारभूत तहमा पर्याप्त भवन ,कक्षाकोठा, खेलमैदान, शौचालय, खानेपानी र घेराबेरा वा विद्यालय पर्खालको कमी रहेको छ ।

### ४.६.३ चुनौतीहरू

१. पूर्वाधार विकासकालाई गुणस्तरीय पारदर्शी एवं जबाफदेही बनाउनु।
२. भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको भूमिका।
३. सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको गुरु योजना विकास गर्नु।
४. आवश्यक स्रोतको व्यवस्थापन गर्नु ।
५. पूर्वाधारहरूलाई बालमैत्रीअपाङ्गता र लैङ्गिक मैत्री बनाउनु ,।

### ४.६.४ उद्देश्य

१. सुरक्षित विद्यालय पूर्वाधारको आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु ।
२. पूर्वाधारहरूलाई पारदर्शी एवं जबाफदेहीताका आधारमा बालमैत्री ,अपाङ्गता र लैङ्गिक मैत्री बनाउने ।

### ४.६.५ रणनीतिहरू

१. विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय, भान्सा वा खाजा घरलगायत सबैको योजना समावेश गरी डिजाइन गरिनेछ ।
२. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गरिने छ ।
३. पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ ।
४. विद्यालय पूर्वाधार विकासका लागि विभिन्न सङ्घसंस्था एवं सरोकारवालाहरूसँग लागत साझेदारी गरिनेछ ।
५. प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरुन्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नती गरिनेछ ।
६. पूर्वाधार विकासकालागि विद्यालयको भौतिक सूचक तयार गरिनेछ ।
७. आंशिक रूपमा क्षति भएका विद्यालयका संरचनाको मर्मत सम्भार तथा सबलीकरण गरिनेछ ।

### ४.६.६ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त वाल, अपाङ्ग मैत्री भौतिक वातावरणमा अध्ययन गर्ने अवसर हुने ।

**ख) नतिजा**

| क्रस | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माग र आवश्यकताका आधारमा विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको १० वर्षे गुरु योजना तयार हुने । | 0 | | १ | ० | ० | ० |
| २ | पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ । | ० | १ | ० | ० | ० | ० |
| ३ | विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड २०८० अनुसारको भौतिक पूर्वाधार सबलीकरण र विकास | ० | १९ | १९ | १९ | १९ | १९ |
| ४ | पालिकाका सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार | १० | १२ | १५ | १९ | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विकास र विस्तार हुने। | | | | | | |
| ५ | पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार भई लागु | ० | १ | ० | ० | ० | ० |
| ६ | विद्यालयमा अपाङ्गमैत्री , बालमैत्री तथा लैङ्गिक मैत्री भौतिक पूर्वाधार हुने। | ० | १ | २ | ५ | ३ | २ |

**४.६.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य (वर्ष ५) | | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | पूर्वाधार विकासका लागि मापदण्ड | पटक | | १ | | | | १ | २ | |
| २ | पूर्वाधार विकास एवम् विस्तारका लागि १० वर्षे गुरु योजना तयार | पटक | | १ | १ | | | २ | ३ | |
| ३ | अपाङ्गमैत्रीबालमैत्री तथा लैङ्गिक , मैत्री भौतिकपूर्वाधार निर्माण | सङ्ख्या | | | ३ | ३ | ४ | १० | १९ | |
| ४ | पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारी | निरन्तर | | | | | | | | |
| ५ | विद्यालयको मर्मत सम्भार र सबलीकरण | निरन्तर | | | | | | | | |
| ६ | प्रकोपको सिकार भएका विद्यालय भवन मर्मत | आवश्यक | | | | | | | | |

## ४.७ विद्यालय सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, विद्यार्थीलाई अभिप्रेरित गर्न, र शैक्षिक व्यवस्थापनमा सुशासन कायम गर्न महत्त्वपूर्ण भूमिका खेल्छ। प्रविधिको विकासले डिजिटल विभाजन कम गर्दै सबै विद्यार्थीका लागि शिक्षामा समान पहुँच सुनिश्चित गर्न मद्दत गर्दछ (MoE, 2013)। कोभिड-१९ महामारीले प्रविधिमैत्री शिक्षाको आवश्यकतालाई थप उजागर गरेको छ, जसले अनलाइन, अफलाइन तथा भर्चुअल सिकाइ प्रणालीको प्रयोग अपरिहार्य बनाएको देखिन्छ (Poudel, K. 2020)। नेपाल सरकारको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२, डिजिटल नेपाल

कार्यढाँचा, २०७६, तथा राष्ट्रिय विज्ञान तथा प्रविधि नीति, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना प्रविधि शिक्षा तथा GIS शिक्षालाई प्रवर्द्धन गर्ने लक्ष्य राखेका छन् । साथै, विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत प्रविधिमैत्री सिकाइका लागि आवश्यक सामग्री उपलब्ध गराउने, विद्युतीय शिक्षण सामग्री निर्माण गर्ने, पूर्वाधार विकास गर्ने, तथा सूचना व्यवस्थापन प्रणाली (IEMIS) विकास गर्ने कार्यक्रमहरू अघि सारिएका छन् । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी उपयोगले गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्दै प्रविधिमैत्री भविष्यको निर्माण गर्न सहयोग गर्नेछ । डिजिटल साक्षरताको अभिवृद्धिबाट मात्र सिकाइको सशक्तीकरण सम्भव हुनेछ, जसले विद्यार्थीलाई २१औँ शताब्दीका आवश्यक सीप हासिल गर्न मद्दत गर्नेछ ।

### ४.७.२ वर्तमान अवस्था

यस पालिकाले १९ ओटा सामुदायिक विद्यालय भए पनि विद्यालयलाई विद्युतीय पुस्तकालय व्यवस्थापन हुन सकेका छैन । त्यसतै कुनै पनि कक्षाहरू स्मार्ट कक्षाको रूपमा हुन सकेका छैन । केही नमुना धरहरी मावि जस्ताले मात्र हाल मल्टिमिडिया समेतको सुविधा प्रयोग गरिरहेको छ अरूमा व्यवस्थापन हुन सकेका छैन । देवाही गोनाही नगरपालिकामा सबै माध्यमिक विद्यालयमा विद्युतको पहुँच छ भने विज्ञान प्रयोगशाला, जस्ता सुविधाहरूको कमी रहेको छ अर्थात् विधालयहरुमा सूचना तथा सञ्चार क्षेत्रमा धेरै काम गर्नु पर्ने देखिन्छ ।

### ४.७.३ चुनौतीहरू

१. प्रविधिसम्बन्धी उपकरणको व्यवस्था त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास गर्न ।
२. स्थानीय स्तरमा अडियो, भिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चालन गर्न सरोकारवालको सक्रियता बढाउने ।
३. सबै विद्यालयहरूमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार गर्न ।
४. विस्तार गरिएका ई पुस्तकालयलाई प्रभावकारी-रूपमाकार्यान्वयन गर्न ।
५. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि एकीकृत प्रणालीको विकास गर्न ।
६. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत तथ्याङ्क अद्यावधिक गर्न ।
७. सबै विद्यालयलाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्न ।

### ४.७.४ उद्देश्यहरू

१. अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउने ।
२. विद्यालय शिक्षालाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने ।
३. विद्यालयको व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने ।
४. शिक्षण प्रक्रियालाई दूर शिक्षाको रूपमा पनि विकास गरिने ।
५. सिकाइलाई प्रभावकारी र रोचक बनाउनका लागि कक्षामा प्रविधिको प्रयोग गरिने ।

### ४.७.५ रणनीतिहरू

१. सबै विद्यालयहरूमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार गरी उपकरणको प्रबन्ध गरिने ।
२. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई मासिक रूपमा अद्यावधिक गरिनेछ ।
३. शिक्षकहरूको क्षमता विकास गरी स्वयंसेवक शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सीप अनिवार्य गरिनेछ ।
४. विभिन्न कक्षा र विषयका लागि अन्तरक्रियात्मक डिजिटल सामग्री विकास गरिनेछ ।

५. सबै विद्यालयहरूमा सि.सि क्यामरा तथा .विद्युतीयहाजिरी जडान गरिनेछ ।
६. विद्युतीय पुस्तकालयलाई वार्षिक रूपमा अद्यावधिक गरिनेछ ।
७. अपाङ्गता भएका व्यक्तिहरूलगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउने ।
८. विद्यालयको समग्र व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने ।
९. सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधिको विकास गरिने ।
१०. सूचना तथा सञ्चार प्रविधिमा आधारित अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास गरिनेछ ।

### ४.७.६ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमैत्री वातावरण निर्माण भई विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार ल्याइ सुशासन प्रवर्धन हुने ।

**ख) नतिजा**

| क्रस | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि अगुवा विद्यालय विकास गरी एक पूर्णकालीन ICT शिक्षक व्यवस्थापन डिजिटल ,ल्याब स्थापना | ० | ० | १ | | | |
| २ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने । | ० | ५ | ५ | ५ | १४ | ० |
| ३ | स्थानीय स्तरमा अडियो भिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चालनका लागि प्रत्येक विद्यार्थीको हातमा भिडियो प्लेयर वा Android फोन का साथै पेन ड्राइभ हुने । | ० | ५ | ५ | ५ | १४ | ५ |
| ४ | विद्यालयको तथ्याङ्क पद्धति पूर्ण पेपर लेस हुने । | ५ | ५ | ५ | १४ | | |
| | प्रत्येक वडामा एक फ्रि वाई-फाई चौतारी निर्माण गर्ने । | ० | ३ | ३ | ३ | ३ | ० |
| | शिक्षकमा सञ्चार प्रविधिको सीप विकास | ० | १ | १ | १ | १ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुने । | ० | १ | १ | १ | १ | १ |
| | सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने । | ० | ० | २ | २ | २ | २ |

**४.७.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य (वर्ष ५) | | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार | सङ्ख्या | | ५ | ५ | ५ | ४ | १९ | १९ | |
| २ | पूर्णकालीन ICT शिक्षक व्यवस्थापन , डिजिटल ल्याब स्थापना | सङ्ख्या | | | १ | १ | १ | २ | ५ | |
| ३ | कक्षाकोठामा प्रविधिको प्रयोग | सङ्ख्या | २ | ३ | ५ | ५ | ४ | १९ | १९ | |
| ४ | ईपुस्तकालय- अद्यावधिक र विस्तार | सङ्ख्या | २ | ३ | ५ | ५ | ४ | १९ | १९ | |
| ५ | विद्यार्थीको डिजिटलमा पहुँच | प्रतिशत | | १० | १० | १० | १० | ४० | ७० | |
| ६ | तथ्याङ्क पद्धति पूर्ण पेपर लेस | सङ्ख्या | २ | ३ | ५ | ५ | ५ | १९ | १९ | |
| ७ | फ्रि वाईफाई चौतारी- | सङ्ख्या | २ | २ | २ | १ | ३ | ९ | ९ | |
| ८ | शिक्षकहरूको क्षमता विकास | निरन्तर | | | | | | | | |
| ९ | सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चारप्रविधको प्रयोग | निरन्तर | | | | | | | | |
| १० | सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन | निरन्तर | | | | | | | | |

# परिच्छेद:५ सुशासन तथा व्यवस्थापन

## ५.परिचय

शिक्षा पद्धतिमा निणर्य तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्धलाई जनाउँदछ। शासकीय प्रवन्धमा संरचना तथा प्रक्रिया दुवै पर्दछन्। विद्यालय क्षेत्रको यो योजनाका सन्दर्भमा शासकीय प्रवन्ध अन्तर्गत योजनाको प्रभावकारी ढङ्गले तथा कुशलतापूर्वक कार्यान्वयन गरि बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश हुन्छन्। यस्ता संरचना तथा कार्य प्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निणर्य गर्नु तथा निणर्य कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जवाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरि सुशासनको प्रत्याभूति गर्नुपर्दछ। शिक्षामा स्थानीय सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले भूमिका अनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहेको छ।

शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना सहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ। सुशासन तथा व्यवस्थापन सम्बन्धी योजनाका उद्देश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरूप, संवैधानिक प्रावधान अनुसारको संघीय संरचनामा विभिन्न तहका सरकारको दायित्व तथा ज्ञान, प्रविधि, मूल्यमान्यता र दृष्टिकोणमा आएको परिवर्तनलाई विचार गर्नु पर्दछ। नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरि तीन तहका सरकारका एकल र साझा अधिकारका सूची सहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था भएको छ। यस सन्दर्भमा संविधानमा संघीय एकाइहरूका लागि एकल र साझा अधिकार तथा दायित्वको रूपमा विषयहरू प्रस्तुत भएका सन्दर्भमा एकल अधिकार मूल रूपमा प्रभावी भई साझा अधिकार परिपूरक वा सम्पूरक भएर आउँछ भन्ने विषयलाई ध्यान दिनका साथै शिक्षामा विशिष्टीकृत प्रकृतिका कार्यको सञ्चालन तथा व्यवस्थापनका लागि विशेष प्रबन्धको आवश्यकतालाई पनि विचार गर्नु पर्दछ। त्यसैगरि योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्धन, नतिजाप्रतिको जिम्मेवारी र उत्तरदायित्व जस्ता पक्षहरूलाई प्राथमिकता दिनु पर्दछ। यस परिच्छेदमा सुशासन प्रवर्धन गरी शिक्षा क्षेत्रमा यस १० वर्षे शिक्षा क्षेत्रको योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरीएको छ। वर्तमान अवस्थाको समीक्षाका आधारमा यस योजनाका अपेक्षित नतिजा प्राप्तिका लागि प्रस्तावित कार्यक्रमहरूको कुशल तथा प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको स्वरूप प्रस्तुत गरिएको छ।

## ५.१ संस्थागत संरचना र क्षमता विकास

### ५.१.१ परिचय

बदलिदो परिवेश अनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय सरचनाअनुसार स्थानीय सरकारका अधिकार तथा दायित्व; शिक्षामा भएको सङ्ख्यात्मक विस्तार,ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास,सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत बिचार गरेर

संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ । यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यामिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार,अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार;प्रकोप तथा महामारीको अवस्थामा सिकाइ र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्ने प्रयास गरिएको छ भने त्यसका लागि आवश्यक पर्ने जनशक्ति तथा क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ । पहिचान गरीएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको लागि तयार गरिएको छ ।

परिवर्तित शासकीय संरचना अनुसार स्थानीय सरकार सन्चालन ऐन,२०७४ मा उल्लेखित अधिकार र संविधानमा माध्यामिक तर्फको अधिकार स्थानीय तह को एकल अधिकार सूचीमा रहेको वर्तमान अवस्थामा नीतिनिर्माण व्यवस्थापन अनुगमन मूल्यांकन को सम्पूर्ण जिम्मा स्थानीय तहको हुन आएको छ ।नगरकार्यपालिका र नगर शिक्षा समिति नीति निर्माणको तहमा रहनेछन शिक्षकको पेशागत बिकासका लागि नगर स्तरमा कम्तिमा प्रति विषय एकजना पर्नेगरी प्रशिक्षक व्यवस्था गरिनेछ ।स्थानीय पाठ्यक्रम निर्माणका लागि छुट्टै समिति गठन गरी कार्य अगाडि बढाइनेछ ।

### ५.१.२ वर्तमान अवस्था

शिक्षा क्षेत्रको विकासका लागि हाल संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा विभागीय रुपमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील रहेका छन् । यसैगरी प्रदेश तहमा सामाजिक विकास मन्त्रालय मार्फत शिक्षा, शिक्षा विकास निर्देशनालय र प्रत्येक प्रदेशमा शिक्षा तालिम केन्द्र रहेका छन् भने जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ, प्रत्येक पालिकामा शिक्षा शाखाको व्यवस्था रहेको छ । पालिका स्तरमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनले तोकिए बमोजिमको २३ ओटा कार्यहरु कार्यान्वयनमा रहेका छन् ।

### ५.१.३ समस्याहरु र चुनौतिहरु

१. विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठनमा राजनीतिकरणका कारण समस्याहरू उत्पन्न भएका छन् ।
२. विद्यालय व्यवस्थापन समिति र अभिवावक सँघ लगायत अन्य सरोकारवलाहरुलाई जिम्मेवार र उतरदायी वनाउन ।
३. शिक्षक पदपूर्ति, क्षमता विकास गर्न मा समस्या भएको
४. कक्षा १० तथा १२ को परीक्षा व्यवस्थापनमा संघ र प्रदेशसँग समन्वय गर्न चुनौतीहरू छन् ।
५. शिक्षको पेशागतरुपमा सहयोग पुर्याउन ।
६. तिनै तहका विभिन्न निकायहरु विच समन्वय सहकार्य कमजोर हुनु ।

### ५.१.४ उद्देश्य

यस योजनामा सुशासन तथा व्यवस्थापनका लागि संस्थागत संरचना र क्षमता विकाससम्बन्धी उद्देश्यहरू निम्नानुसार रहेका छन्ः

१. विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानिय तहमा गुणस्तर अभिवृद्धि गर्न संरचना र जनशक्तिको व्यवस्था गर्ने ।
२. विद्यालयमा जनशक्ति, संरचना र संयन्त्रको क्षमता अभिवृद्धि गर्ने ।
३. विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरूको समन्वय, सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि संयन्त्र र संस्थागत व्यवस्था गर्ने ।
४. समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन व्यवस्था गर्ने ।

### ५.१.५ रणनीतिहरू

१. विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि गर्न भौतिक तथा सांगठानिक संरचनाको सुधार गर्ने र पर्याप्त र तालिम प्राप्त जनशक्तिको व्यवस्थापनमा जोड दिने
२. विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरुको समन्वय, सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि नीतिगत र प्रणालीगत संयन्त्रको विकास र कार्यान्वयन गर्ने र संस्थागत व्यवस्थाका लागि आवश्यक भौतिक पूर्वाधार, जनशक्ति, वित्त व्यवस्थापन र नीति नियम निर्माण गरी कार्यान्वयन गर्ने
३. समता तथा समावेशितालाई प्रोत्साहन गर्नका लागि आवश्यक पर्ने नीतिगत तथा कानूनी व्यवस्था गरी कार्यान्वयनमा ल्याउने र शिक्षामा सुशासन व्यवस्था गर्नका लागि पारदर्शिता, जवाफदेहीता, नियमको पालना, कुशल नेतृत्व तथा सूचना सम्प्रेषणका लागि पद्धतिको विकास गरी कार्यान्वयन गर्न जोड दिने
४. विद्यालयमा दक्ष जनशक्ति व्यवस्थापनका लागि पेशागत योग्यता र तालिमको व्यवस्था गर्नुका साथै भौतिक तथा सांगठानिक संरचनाको निर्माण गर्ने र संयन्त्रको क्षमता अभिवृद्धि गर्नमा जोड दिने

### ५.१.६ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपब्धि**

शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुने।

१ स्थानीय तहको शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि संयन्त्र, संरचना र जनशक्ति तयार हुने।
२ स्थानीय सरकार, शिक्षाको शासकीय स्वरुप र विद्यालयको जिम्मेवारी, भूमिका, कर्तव्य, दायित्व र अधिकार सुनिश्चित हुने
३ शैक्षिक निकाय र जनशक्तिको दक्षता प्रवर्धन गर्ने, संयन्त्र निर्माण हुने र उक्त संयन्त्रले क्षमता सुधार गर्ने।
४ शिक्षा सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनमुखी, शिक्षार्थीको सिकाइप्रति जवाफदेही, समतमूलक तथा समावेशिताको सिद्धान्तमा कार्यसम्पादन उद्देश्यमूलक र प्रभावकारी हुने।

**ख) नतिजा**

| क्र सं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यामिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | ० | ४ | ४ | ४ | ४ | ४ |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा | ० | १६ | १६ | १६ | १६ | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | | | | | | |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सँख्या | १९ | १९ | १९ | १९ | १९ | १९ |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सँख्या | १९ | १९ | १९ | १९ | १९ | १९ |
| ५ | प्रचलित कानूनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यामिक विद्यालय सँख्या | १९ | १९ | १९ | १९ | १९ | १९ |

### ५.१.७ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | | भौतिक लक्ष्य (वर्ष १०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | आवश्यक कानूनी प्रवन्ध र मापदण्ड विकास | संख्या | १ | १ | | | | २ | ३ | |
| २ | शिक्षा तालिम केन्द्रको स्थापना | संख्या | ० | १ | ० | ० | ० | १ | १ | |
| ३ | सूचना प्रणाली सुधार तथा सुदृढीकरण | पद्धति | १ | | | १ | | २ | ३ | |
| ४ | प्रलाई कार्यसम्पादन करार गरी .अ. जिमवेवार वनाउने | संख्या | ३ | २ | ५ | ५ | ५ | १९ | १९ | |
| ५ | शिक्षक तथा विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने | पद्धति | ३ | २ | ५ | ५ | ५ | २१९ | १९ | |
| ६ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकास | संयन्त्रवडा/ | १ | २ | २ | २ | २ | ९ | ९ | |
| ७ | विद्यालय स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता, विपत तथा महामारी सम्बन्धी सेवा तथा समन्वय संयन्त्रको विकास | संयन्त्र विद्यालय सं | ३ | २ | ५ | ५ | ५ | १९ | १९ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | विद्यालय व्यवस्थापन समिति नभएको मा गठन | निरन्तर | | | | | | | | |
| ९ | विद्यालहरुमा अनलाईनमा अधारित लेखा प्रणाली | संख्या | ३ | २ | ५ | ५ | ५ | १९ | १९ | |
| १०. | सरोकारवलाहरु विच समन्वय सहकार्य | निरन्तर | | | | | | | | |

## ५.२ शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रवन्ध

### ५.२.१ परिचय

कुनै पनि योजनाको प्रभावकारी कार्यान्वयनको निमित्त व्यवस्थित, नीतिगत, प्रणालीगत र वैज्ञानिक प्रबन्धको खाँचो पर्दछ। योजना निर्माण, संगठन, नियन्त्रण, निर्देशन, नेतृत्व प्रदान जस्ता तत्वहरुले योजना कार्यान्वयनको प्रबन्धमा महत्वपूर्ण भूमिका खेल्दछन्। यसैगरी शिक्षा क्षेत्रको योजना कार्यान्वयन गर्न पनि उल्लेखित तत्वहरुले प्रभाव पार्दछन्। शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रबन्ध प्रभावकारी भएमा अपेक्षित उपलब्धि प्राप्त गर्न सकिन्छ।

अपेक्षित नतिजा तथा उपलब्धि हासिल गर्न कार्यान्वयनको उपयुक्त व्यवस्था हुनु आवश्यक छ। योजना कार्यान्वयन प्रबन्धमा सङ्गठन, निर्देशन, नियन्त्रण, संयन्त्र, जनशक्ति, नीति नियम,कानुन तथा मापदण्ड सहितको जिम्मेवारी र उत्तरदायित्व रहन्छन्। नेपालमा संघीय व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई स्थानीय तहमा केही कानुनी प्रबन्ध सहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरीएको छ। त्यसैले कार्यान्वयन प्रबन्ध र सम्पादनका लागि आवश्यक संयन्त्रको विकास हुनु आवश्यक । कार्यान्वयन प्रबन्ध तयार गर्दा दीगोपना, कार्यकुशलता, प्रभावकारितामा ध्यान दिनु पर्दछ। कार्यान्वयन प्रबन्धको समग्र पक्षलाई समावेश गरी स्थानीय तह र विद्यालय अन्तर्गत योजना कार्यान्वयनको प्रबन्धको प्रक्रिया इङ्गित गरिएको छ।

### ५.२.२ वर्तमान अवस्था

मुलुक संघीय संरचनाको ढाँचामा रुपान्तरण भएसँगै नयाँ चिराबाट योजना कार्यान्वयनको प्रवन्ध गर्नुपर्ने कानूनी व्यवस्था छ। शिक्षा क्षेत्रमा पनि यसै अनुसार संरचनात्मक रुपान्तरण गर्नुपर्ने हुन्छ। संघमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय, विकास साझेदारहरूसँग समन्वय तथा सहकार्य गर्दछ। स्थानीय तहमा शिक्ष छन्। विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षक मध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय संचालनको जिम्मेवारी दिइएको छ।

स्थानीय तहमा कार्यसम्पादन गर्नका लागि परिवर्तन गरीएको उल्लिखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कामय गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको सन्दर्भलाई विचार गर्दा यस योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि वर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ ।

### ५.२.३ चुनौतीहरू

१. स्थानीय शिक्षक सहायता पद्धति विकास गर्नु

२. शिक्षक तालिमको क्षमता विस्तार गर्नु।



नगरपालिका कार्यालय ... मधेश प्रदेश

३. स्थानीय तहमा जनशक्ति अभावले विद्यालयका लागि सहयोग तथा अनुगमन प्रणाली व्यवस्थित गर्न र सङ्गठन तथा दरवन्दी पुनरावलोकन गर्नु ।
४. विद्यालय शिक्षाका सन्दर्भमा स्थानीय तहको भूमिका तथा कार्य विवरण स्पष्ट गर्नु पर्ने
५. संघ, प्रदेश र स्थानीय तहको बजेटलाई एकीकृत गरी स्थानीय तहमा शिक्षा योजना निर्माण गर्नु ।
६. संघ, प्रदेश तथा स्थानीय तहहरूवीच समन्वय र सहकार्य सुदृढ गर्ने ।
७. आन्तरिक वजेटको स्रोतको पहिचान गरि परिचालन गर्नु ।

**५.२.४ उद्देशयहरु**

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

**५.२.५ रणनितिहरु**

योजनाको कार्यान्वयनको मुख्य थलो विद्यालय भएकाले विद्यालयमा कार्यान्वयनको उपयुक्त प्रवन्धका साथै स्थानीय तहले विद्यालयको क्रियाकलापहरुमा नियमित अनुगमन तथा कार्यान्वयनमा आवश्यकता अनुसार सहयोग, समन्वय र सहकार्य गर्नु पर्दछ । स्थानीय तहमा शिक्षा क्षेत्रको समग्र योजना कार्यान्वयन प्रक्रियाका लागि निम्न लिखित प्रवन्ध गर्नु पर्दछ ।

स्थानीय तह:

१. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार देवाही गोनाही नगरपालिकाले कानुन, मापदण्ड र निर्देशिका विकास गर्ने ।
२. देवाही गोनाही नगरपालिकाले संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।
३. देवाही गोनाही नगरपालिकाको शिक्षा शाखाको क्षमता विकास गरी कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गर्ने ।
४. देवाही गोनाही नगरपालिकाले एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने, योजना निर्माणको आधारका रूपमा प्रयोग गर्ने र संघीय तथा प्रदेशमा समेत आवश्यक विवरण सहजै प्राप्त हुने सुनिश्चितता गर्ने ।
५. देवाही गोनाही नगरपालिकाले कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने छन् ।
६. देवाही गोनाही नगरपालिकाले शिक्षण सिकाइमा आवश्यक सहयोग तथा आदान प्रदानका लागि पालिकास्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चाल गर्ने ।

**विद्यालय:**

१. विद्यालयले विद्यालय सुधार योजना तयार गरी सालवसाली अद्यावधिक गर्ने ।
२. संघ, प्रदेश, स्थानीय तह र विद्यालयको आफ्नै आम्दानीबाट प्राप्त बजेट समावेश गरी निर्धारित वार्षिक कार्यक्रमलाई विद्यालय व्यवस्थापन समितिले कार्यान्वयन गर्ने ।
३. व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाइने ।

४. विद्यालयले वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, अभिलेखीकरण, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षाकोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागू गर्ने।

५. विद्यालयले अभिभावक र सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने।

६. स्थानीय सरकारका सम्बन्धित इकाइहरू, समुदाय र गैरसरकारी संस्थाको सहकार्यमा बालबालिकाका लागि पौष्टिक आहार, सरसफाइ र विपत्तिको व्यवस्थापन सम्बन्धी सीप प्रदान गर्न क्रियाशील संरचना तयार गर्ने।

७. विद्यालयलेविद्यार्थीलाई विषयगत सिकाइ, अतिरिक्त क्रियाकलाप, सामुदायिक कार्यमा सहभागिताका लागि आवश्यक जिम्मेवारी तथा कार्ययोजना तयार गर्ने।

**सामुदायिक सिकाइ केन्द्रः**

१. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न व्यवस्थापन समिति गठन गर्ने।

१. वित्तीय व्यवस्थापनका आधारमा व्यवस्थापन समितिले वार्षिक योजना निर्माण गरी कार्यान्वयनको व्यवस्था मिलाउने।

२. साले विषय .के.सि.गत स्थानीय तहका इकाइहरू, समुदाय, गैर सरकारी संस्था र सामुदायिक संस्थासँग आवश्यकता अनुसार सहकार्य गरी कार्यक्रमहरू सञ्चालन गर्ने।

### ५.२.६ प्रमुख उपलब्धि तथा नतिजा,

**क) उपलब्धि**

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ।

**ख)प्रमुख नतिजा**

सवै सरोकारवला निकाय तथा पक्षहरुको समन्वय सहकार्यमा विधालयमा शुसान प्रवद्धन भई शिक्षण सिकाई प्रति उत्तरदायी प्रणालिको विकास हुनेछ ।

### ५.२.७ प्रमुखक्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १९ | १९ | १९ | १९ | १९ | १९ | ३८ | |
| ३ | एकिकृत शैक्षिक सुचना प्रणाली सृदृढीकरण | संख्या | १ | १ | १ | १ | ५ | १० | | |
| ४ | नियमित लेखा, सामजिक परिक्षण | पटक | १९ | १९ | १९ | १९ | १९ | १९ | | |

## परिच्छेदः६ लगानी र स्रोत व्यवस्थापन

### ६.१ परिचय

शिक्षा आर्थिक तथा सामाजिक परिवर्तनका लागि देशको मेरुदण्ड हो । त्यसैले सभ्य समाज र समृद्ध राष्ट्र निर्माणका लागि व्यक्ति, समुदाय र सरकारले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ । दक्ष, सीपयुक्त र गुणस्तरीय मानव संसाधनको विकास गर्नु नै शिक्षामा लगानी गरिएको हो ।शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ ।राष्ट्रिय आकांक्षालाई मध्यनजर गर्दै नेपाल सरकार र समुदायबाट विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरीएको छ ।शिक्षामा गरीने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता र दीगो विकासको लक्ष्यका लागि कार्य गर्नु पर्दछ । संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भएतापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र नीजिक्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनुपर्ने महत्वपूर्ण पक्ष हुन् ।शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने भन्ने विषयमा ध्यान पुग्दछ । यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरू उल्लेख गरीएको छ ।पहिचान गरीएका चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ ।

स्थानीय तहको लगानी र सुरक्षा व्यवस्थापनको मुख्य आधार भनेको नै संघीय सरकारबाट प्राप्त हुने Education Sector Plan अन्तर्गतको सशर्त बजेट नै हो । यसका अलवा निजी साझेदारी कार्यक्रम, प्रदेश तथा स्थानीय ताका सरकारबाट प्राप्त हुने अनुदान र अशिक्षा सम्बन्ध राष्ट्रिय-अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त सहयोगबाट यस योजनामा समावेश भएका कार्यक्रमहरु संचालन गरिनेछ ।अधिकारहरुलाई निश्चित निति, निर्देशन, सिद्धान्तबमोजिम व्यवस्थित र यथार्थपरक, पारदर्शी रुपमा राख्ने व्यवस्था गरिनेछ ।

### ६.२ वर्तमान अवस्था

देवाही गोनाही ९ प्रतिशतको हराहरी विद्यालय शिक्षा क्षेत्रमा कार्यक्रम तथा परियोजना अन्तरगतको बजेट विनियोजन गरेको छ ।शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति देखिन्छ ।सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्वपूर्ण आधार मान्न सकिन्छ ।नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय तहको चुनावी घोषणापत्रमा कूल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरीने कुरा उल्लेख गरिएको छ ।

### ६.३ चुनौतीहरू

१. संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तह विचको शिक्षाको लगानी मापदण्ड रबित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामालगानीको लागि जिम्मेवार बनाउने ।
२. शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय परिवेश, स्थापित मूल्य र मान्यता, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रूपमा सम्बोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगनी वृद्धि र दिगो स्रोत व्यवस्थापन गर्ने ।

३. संवैधानिक मार्गदर्शन तथा नीति अनुरूप निजी क्षेत्रबाट शिक्षामा गरीने लगानीको व्यवस्थापन रस्वरूप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायको रूपमाविकास गर्ने।
४. आधुनिक प्रविधि विशेषगरी सूचना तथा सञ्चार प्रविधिमैत्री शिक्षण सिकाइ सञ्चालन गर्नआवश्यक स्रोतको व्यवस्था गर्ने।
५. प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बनाउने सरकारको प्रतिवद्धताकार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्ने।
६. वैदेशिक सहायता प्राप्ति, परिचालन, घट्दै गएको वैदेशिक सहायतालाई बढाउन र त्यसकोदिगोपना सुनिश्चित गर्ने।
७. शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरूः प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यामिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यवसायिक शिक्षा र अनौपचारिक तथानिरन्तर शिक्षामा सरकारी लगानीको संरचना (प्राथमिकता र प्रतिशत) निर्धारण गर्ने।
८. विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरीलगानी गर्न स्रोत व्यवस्थापन गर्ने।
९. शिक्षामा समता तथा समावेशिता सुधार गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, विभिन्नकठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूको पहुँच, सहभागिता रगुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त गर्ने।
१०. गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाईअभिलेखीकरण र प्रोत्साहन गर्ने
११. वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्ने।
१२. वित्तीय व्यवस्थापन कार्यकुशल बनाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्ने

## ६.४ उद्देश्य

योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरू देहायअनुसार रहेका छन्:

१. विद्यालय शिक्षासम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु।
२. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु।
३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरीएका कार्यक्रमको प्राथमिकता निर्धाण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु।
४. लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रियाउपयुक्त (प्रतिवेदन पद्धति) प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्ट गर्नु।
५. खर्चको प्रक्रिया, तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु।

## ६.५ रणनीतिहरू

योजनाको वित्तीय व्यवस्थासम्बन्धी रणनीतिहरू देहाय बमोजिम हुनेछन्:

१. विद्यालय शिक्षाको लागत साझेदारी तीनै तहका सरकारहरू (संघीय, प्रदेश, स्थानीय) बीच हुनेछ।
२. संघीय सरकारको शिक्षा क्षेत्रको लगानीअनुसार प्रदेश र स्थानीय सरकारले थप लगानी गर्ने।
३. शिक्षामा सरकारी अनुदान खर्चको प्रमुख जिम्मेवारी स्थानीय तहको हुनेछ।
४. स्थानीय तहलाई लक्षित शैक्षिक पहुँच, सहभागिता, र गुणस्तर सुनिश्चित गर्न जवाफदेही बनाइने।
५. सरकारबाट प्रदान गरीने स्रोतको उपयोग गर्ने प्रमुख इकाइ विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने जवाफदेहिता विद्यालयको हुनेछ।

६. शिक्षामा सार्वजनिक लगानी वृद्धि गरी कूल गार्हस्थ उत्पादनको ७ प्रतिशत र तिनै तहका सरकारबाट कूल बजेटको वार्षिक रूपमा २० प्रतिशत पुऱ्याइने छ ।

१. नेपालको वैदेशिक सहायता नीतिअनुरुप शिक्षाको बजेटमा हुने न्यूनता पूरा गर्नका लागिनिश्चित लक्ष्य हासिल गर्न बाह्य स्रोतको परिचालन गरिनेछ ।

२. उपागमको अवधारणा अनुसार कार्यक्रम खर्च तथा नतिजामा आधारित खर्च गरिनेछ ।

३. सार्वजनिक सेवा,सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा विकास गरिनेछ ।

४. मापदण्डका आधारमा शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गरीने छ भने निजी क्षेत्रले सार्वजनिक सेवा ,सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी विद्यालय शिक्षा सञ्चालन गर्न व्यवस्था गरिनेछ ।

६. आवश्यकताका आधारमा समानीकरण, समपुरक, शसर्त र विशेष अनुदानको अवलम्वन र उपयोग गरिनेछ ।

७. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्वन गरिनेछ ।

८. वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी रउत्तरदायित्वलाई थप सबल बनाइनेछ ।

**६.६ प्रमुख उपलब्धि तथा नतिजा**

**क)उपलब्धि**

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुने छ ।

**ख)नतिजा**

१. विद्यालय शिक्षाको गुणस्तर सुधारको लागि आवश्यक स्रोतको पहिचान र परिचालन हुने ।

२. निजी शिक्षण संस्थाहरूले सार्वजनिक सेवा, सामाजिक दायित्त्व र सेवामूलक व्यवसायको रूपमा विद्यालय सञ्चालन गरेको हुने ।

३. विद्यालय शिक्षाका हरेक निकायमा कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व निर्वाह भएको हुने ।

४. मापदण्डका आधारमा खर्च गर्ने पद्धतिको विकास हुने ।

५. स्रोत व्यवस्थार परिचालनमा समुदाय र गैससहरूसँगको साझेदारी विकासभएको हुने ।

६. सबै शिक्षण संस्थाहरूको सामाजिक परीक्षण भएको हुने।

७. विद्यालयहरुको आन्तरिक स्रोतको पहिचान तथा लागत तयार भएको हुने ।

### ६.७ प्रमुख क्रियाकलाप र लक्ष्य

**क) सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानितबजेट**

| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष२०८१/0८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| **वालविकास र शिक्षा** | | | | | | | | |
| १ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा<br>विद्यलय कर्मचारी व्यबस्थापन अनुदान | ६९१६ | ७२६२ | ७६२५ | ८००६ | ८४०६ | ३८२१५ | ७६४३१ |
| २ | सहयोगी कार्यकर्ता पारिश्रमिक | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | प्रति विद्यार्थी लागत | ० | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | ६९१६ | ७२६२ | ७६२५ | ८००६ | ८४०६ | ३८२१५ | ७६४३१ |
| **आधारभुत शिक्षा** | | | | | | | | |
| १ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक,राहत अनुदान<br>शिक्षककका लागि तलब भता अनुदान (विशेष शिक्षा परिषद<br>अन्तरगतका शिक्षकह÷कर्मचारीहरु समेत ) | ४२५८९ | ४४७१८ | ४६९५४ | ४९३०२ | ५१७६७ | २३५३३१ | ४७०६६२ |
| २ | आधारभूत तहका कक्षा ६ देखि ८ सम्ममा अंग्रेजी, गणित, बिज्ञान, क्षिशान सहयोग अनुदान | २३०७ | २४२२ | २५४३ | २६७१ | २८०४ | १२७४८ | २५४९५ |
| | जम्मा | ४४८९६ | ४७१४१ | ४९४९८ | ५१९७३ | ५४५७१ | २४८०७९ | ४९६१५७ |
| **माध्यामिक शिक्षा** | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | माध्यामिक तह स्वीकृति दरवन्दी राहात शिक्षक का लागि तलव भत्ता अनुदान विशेष शिक्षा परिषद अन्तर्गत का शिक्षक कर्मचारी प्राविधिक धारका शिक्षक कर्मचारी प्रशिक्षक समेत | १४५१६ | १५२४२ | १६००४ | १६८०४ | १७६४४ | ८०२१० | १६०४२० |
| २ | माध्यामिक तह कक्षा (९ देखि १०) मा अग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | २८९० | ३०३५ | ३१८६ | ३३४६ | ३५१३ | १५९६९ | ३१९३८ |
| | जम्मा | १७४०६ | १८२७६ | १९१९० | २०१५० | २११५७ | ९६१७९ | १९२३५८ |
| **सुशासन तथा व्यवस्थापन** | | | | | | | | |
| १ | विद्यालय संचालन तथा व्यवस्थापन अनुदान | १४६५ | १५३८ | १६१५ | १६९६ | १७८१ | ८०९५ | १६१९० |
| २ | विद्यालय शौक्षिक गुणस्तर सुदृढिकरण एवंम कार्य सम्पादनमा आधारित अनुदान | ६६८९ | ७०२३ | ७३७५ | ७७४३ | ८१३१ | ३६९६१ | ७३९२२ |
| ३ | शौक्षिक सुशासनको लागि सस्थागत क्षमता विकास, विद्यार्थी परिक्षण मूल्याकंन, शिक्षक मेन्टरिगं तथा विद्यालय सुपरिवेक्षण | ९४८ | ९९५ | १०४५ | १०९७ | ११५२ | ५२३८ | १०४७७ |
| ४ | प्रति विद्यार्थी लगताका आधारमा सिकाई सामाग्री तथा डिजिटल सिकाई सामाग्री व्यवस्थापनका लागि अनुदान | ४४०८ | ४६२८ | ४८६० | ५१०३ | ५३५८ | २४३५७ | ४८७१४ |
| | जम्मा | १३५१० | १४१८६ | १४८९५ | १५६४० | १६४२१ | ७४६५१ | १४९३०३ |
| **प्राबिधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम** | | | | | | | | |
| १ | नमुना विद्यालय अनुदान | O | O | O | O | O | O | O |
| २ | स्थानीय साझेदारीमा विद्यालय भवन निर्माण अनुदान | ५५०० | ५७७५ | ६०६४ | ६३६७ | ६६८५ | ३०३९१ | ६०७८२ |
| **पाठ्यक्रम तथा मूल्याङ्कन** | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | सार्वजनिक विद्यालयका विद्यार्थीका लागि निःशुल्क पाठयपुस्तक अनुदान (स्थानीय विषय, मातृभाषा समेत) | ९३०१ | ९७६६ | १०२५४ | १०७६७ | ११३०५ | ५१३९४ | १०२७८८ |
| **दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम** | | | | | | | | |
| १ | तोकिएको विद्यार्थीलाई दिवा खाजाको लागि विद्यालयलाई अनुदान | २१३६५ | २२४३३ | २३५५५ | २४७३३ | २५९६९ | ११८०५५ | २३६११० |
| २ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | २४०५ | २५२५ | २६५२ | २७८४ | २९२३ | १३२८९ | २६५७८ |
| | जम्मा | २३७७० | २४९५९ | २६२०६ | २७५१७ | २८८९३ | १३१३४४ | २६२६८९ |
| **छात्रवृत्ति** | | | | | | | | |
| १ | विपन्न लक्षित छात्रवृतिका लागि छनौट भएका (कक्षा ६ देखि १२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृति | १०२६ | १०७७ | ११३१ | ११८८ | १२४७ | ५६६९ | ११३३९ |
| २ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृति (अवासिय तथा गैर अवासिय) | १८२२ | १९१३ | २००९ | २१०९ | २२१५ | १००६८ | २०१३५ |
| | जम्मा | २८४८ | २९९० | ३१४० | ३२९७ | ३४६२ | १५७३७ | ३१४७४ |
| **अनौपचारिक शिक्षा** | | | | | | | | |
| १ | शौक्षिक पँहुच सुनिचिता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता निरन्तर शिक्षा कार्यक्रम समेत) | १००० | १०५० | ११०३ | ११५८ | १२१६ | ५५२६ | ११०५१ |
| **आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा** | | | | | | | | |
| १ | विपदको समयमा सिकाई निरन्तरताका लागि सिकाई आपुरण तथा द्रुत सिकाई योजना कार्यन्वयन | ५०० | ५२५ | ५५१ | ५७९ | ६०८ | २७६३ | ५५२६ |

**ख) प्रदेशसरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| आधारभुत शिक्षा | | | | | | | | |
| १ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई सामग्री तथा डिजिटल व्यवस्थापन अनुदान | १५०० | १५७५ | १६५४ | १७३६ | १८२३ | ८२८८ | १६५७७ |
| २ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | १८०० | १८९० | १९८५ | २०८४ | २१८८ | ९९४६ | १९८९२ |
| ३ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ७०० | ७३५ | ७७२ | ८१० | ८५१ | ३८६८ | ७७३६ |
| ४ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | १३० | १३७ | १४३ | १५० | १५८ | ७१८ | १४३७ |
| ५ | सार्वजनिक विद्यालयमा विद्यर्थीहरुका लागि छात्रबृत्ति (आवसीय तथा गैरआवसीय ) | १२०० | १२६० | १३२३ | १३८९ | १४५९ | ६६३१ | १३२६२ |
| | जम्मा | ५३३० | ५५९७ | ५८७६ | ६१७० | ६४७९ | २९४५२ | ५८९०३ |

**ग) स्थानीयतहबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापका लागि प्राप्त हुने अनुमानित बजेट**

| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| वालविकास र शिक्षा | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यलय कर्मचारी व्यबस्थापन अनुदान | ४५०० | ४७२५ | ४९६१ | ५२०९ | ५४७० | २४८६५ | ४९७३१ |
| २ | सहयोगी कार्यकर्ता पारिश्रमिक | ० | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | ४५०० | ४७२५ | ४९६१ | ५२०९ | ५४७० | २४८६५ | ४९७३१ |
| **आधारभुत शिक्षा** | | | | | | | | |
| १ | स्थानीय पाठयक्रम विद्यालयलाई सहयोग | ० | ० | ० | ० | ० | ० | ० |
| २ | विद्यालयमा शिक्षकहरुको लागि तलव भता अनुदान | २९०० | ३०४५ | ३१९७ | ३३५७ | ३५२५ | १६०२४ | ३२०४९ |
| ३ | लोकसेवा तयारी अनुदान | २५० | २६३ | २७६ | २८९ | ३०४ | १३८१ | २७६३ |
| ४ | परिक्षा संचालन र विद्यार्थीहरुको रजिष्ट्रेसन शुल्क अनुदान | २७००.०० | २८३५ | २९७७ | ३१२६ | ३२८२ | १४९१९ | २९८३८ |
| ५ | ड्रेस वितरण | ५५६ | ५८४ | ६१३ | ६४४ | ६७६ | ३०७२ | ६१४५ |
| ६ | विद्यालय भौतिक पूर्वाधार निर्माण | ५७०० | ५९८५ | ६२८४ | ६५९८ | ६९२८ | ३१४९६ | ६२९९२ |
| ७ | सार्वजनिक विद्यालयका विद्यर्थीहरुका लागि निशुल्क पाठयपुस्तक अनुदान | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | विपन्न लक्षित छात्रबृत्तिको लागी छनौट भएका (६—१२ ) विद्यर्थीहरुका लागि छात्रबृत्ति | ० | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | १२१०६.०० | १२७११ | १३३४७ | १४०१४ | १४७१५ | ६६८९३ | १३३७८७ |
| **घ) अन्य संघ संस्थाहरुबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट** | | | | | | | | |
| **क्रसं** | **अनुदान प्राप्त हुने क्रियाकलाप** | **आर्थिक वर्ष** | | | | | **५ वर्षको जम्मा** | **१० वर्षको जम्मा** |
| | | **२०८१/०८२** | **२०८२/०८३** | **२०८३/०८४** | **२०८४/०८५** | **२०८५/०८६** | | |
| १ | शैक्षिक सामाग्री वितरण | ३५०० | ३६७५ | ३८५९ | ४०५२ | ४२५४ | १९३४० | ३८६७९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | २०० | २१० | २२१ | २३२ | २४३ | ११०५ | २२१० |
| ३ | विपद समयमा सिकाई निरन्तरताक लागि कार्यक्रम सिकाई | २५०० | २६२५ | २७५६ | २८९४ | ३०३९ | १३८१४ | २७६२८ |
| ४ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय,वैकल्पिक विद्यालय , साक्षरता र शिक्षाका कार्यक्रम समेत ) | २०० | २१० | २२१ | २३२ | २४३ | ११०५ | २२१० |
| | जम्मा | ६४०० | ६७२० | ७०५६ | ७४०९ | ७७७९ | ३५३६४ | ७०७२८ |

# परिच्छेद-७ अनुगमन तथा मूल्याङ्कन

### ५.३.१ परिचय

शैक्षिक कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न अनुगमन र मूल्याङ्कन महत्वपूर्ण हुन्छन् । अनुगमन भनेको स्रोतसाधनको विनियोजन, वितरण, लगानीको प्रवाह, कार्यक्रम कार्यान्वयन प्रक्रिया, शैक्षिक क्रियाकलापहरूको कार्यान्वयन, तथा लक्षित प्रतिफल प्राप्तिको अवस्थालाई नियमित वा आवधिक रूपमा निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण तथा जाँचबुझ गर्ने प्रक्रिया हो । यसले कार्यक्रमको प्रगति र वर्तमान अवस्थाबारे स्पष्ट जानकारी प्रदान गर्छ । त्यस्तै, मूल्याङ्कन भनेको शैक्षिक कार्यक्रमहरूको औचित्यता, सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिता मूल्याङ्कन गर्ने व्यवस्थित प्रक्रिया हो, जसले प्रतिफल र प्रभावमा केन्द्रित भएर कार्यक्रमको प्रभावकारिता मापन गर्छ । अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको क्रममा गरिन्छ, जबकि मूल्याङ्कन कार्यक्रम सम्पन्न भएपछि पनि गर्न सकिन्छ । यी प्रक्रियाहरूले शैक्षिक कार्यक्रमहरूलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायी बनाउन सहयोग पुऱ्याउँछन्, जसले शिक्षाको गुणस्तर सुधार गर्न महत्त्वपूर्ण भूमिका खेल्छ । योजना आफैंमा पूर्ण होइन । यसको सफलता र असफलता यसको कार्यान्वयन ले निर्धारण गर्दछ ।बनेका योजना योजनावद्धरुपमा कार्यन्वयन भए मात्र अपेक्षित उपलब्धि प्राप्त हुन्छ ।त्यसैले योजना निर्माणका क्रममा कार्यन्वयन संयन्त्र, अनुगमन प्रक्रिया र मूल्यांकनलाई स्पष्ट पार्नु पर्दछ ।यस नगरका शिक्षा योजनाको कार्यान्वयन संयन्त्र भन्नु नै नगरपालिका, बिद्यालय र अन्य सरोकारवाला निकाय हुन् जसको सक्रिय सहभागीताले मात्र योजना सफल हुन्छ ।अनुगमन गर्ने प्रमुख आहार भनेको योजनाले राखेका सुचकहरु उक्त सूचक प्राप्त भए नभएको निरन्तर आन्तरिक र बाह्य अनुगमनको व्यवस्था मिलाइनेछ ।प्रारम्भिक मूल्याङ्कनको आधारमा तयार भएको योजनाको पाँच वर्षमा मध्यावधि मूल्याङ्कन र अन्तमा अन्तिम मूल्यांकन गरिनेछ ।मध्यावधि मूल्यांकनका क्रममा आएका सुझाव, पृष्ठपोषण आधारमा योजना हेरफेर समेत गरिनेछ ।शिक्षा विकास तथा समन्वय इकाई, गाउँ शिक्षा समिति, शिक्षक अभिभावक संघ र शिक्षा सम्बद्ध संघसंस्थाले समन्वय तथा सहजीकरणको कार्य गर्नेछन् ।

### ५.३.२ वर्तमान अवस्था

शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायहरूबाट, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा विकास निर्देशनालयबाट, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय इकाईबाट र स्थानीय स्तरमा स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ । दीगो विकासको शिक्षासम्बन्धी लक्ष्य नं ४ कार्यान्वयनका लागि तयार गरीएको कार्यढाँचा, विद्यालय क्षेत्र विकास योजना, चालु आवधिक योजना, नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटका लक्ष्य मापनका लागि विकास गरीएका सूचक, देवाही गोनाही नगरपालिकाका शिक्षा सम्बन्धि नीति, योजना तथा कार्यक्रमका आधारमा अनुगमन तथा मूल्याङ्कन गरीने गरिएको छ ।वार्षिक कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयद्वारा तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा वार्षिक कार्यक्रमको अनुगमनसम्बन्धी प्रबन्ध गरिएको छ । विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधार सम्बन्धी मुख्य सूचना प्राप्तिको आधारको रूपमा शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई लिइएको छ । विद्यार्थीको शैक्षिक उपलब्धि, शिक्षक तथा विद्यार्थीको सामाजिक तथा भाषिक पृष्ठभूमि लगायतको विषयमा पनि तथ्याङ्कहरु व्यवस्थापन हुन सकेका छैन । शिक्षा सखावाट अनुगमण पनि भइरहेता पनि प्रभावकारी हुन सकेका छैन ।

विद्यालय र पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा समीक्षाको लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको उपयोग गरिएको छ । यसका लागि हाल प्रयोगमा रहेको शैक्षिक सूचना प्रणालीमा सुधार गरी एकीकृत सूचना प्रणालीका माध्यमबाट स्थानीय सरकारले आवश्यक सूचना प्राप्त गर्न सक्ने बनाउनु आवश्यक छ । अनुगमन

तथा मूल्याङ्कनका नतिजाका आधारमा कार्यक्रममा सुधार गर्ने परिपाटीलाई व्यवस्थित गर्नु पनि उत्तिकै आवश्यक छ । उल्लिखित विश्लेषणका आधारमा यस योजनामा अनुगमन तथा  निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ ।

**५.३.३ चुनौतिहरु**

१. अनुगमनलाई योजनाबद्ध, नियमित र एकरूपता कायम गरी पर्याप्त साधनस्रोतको प्रबन्ध गर्नु ।

२. शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय मापदण्डको विकास गरि मापनयोग्य सूचकहरूको निर्धारण र निर्माण गर्ने दक्ष जनशक्ति तथा अनुगमनकर्ताको  विकास गर्नु ।

३. अनुगमन र मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास र अनुगमनकोप्रतिवेदन व्यवस्थित गर्नु ।

४. अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वसनीय बनाउनु शासकीय संरचना फेरिएसँगै विद्यालय निरीक्षण र सुपरीवेक्षणको काम संगठित गर्नु ।

५. तीनै तहका सरकारबिच अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु ।

६. सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनश्चितता गर्दै  यसमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु ।

**५.३.४ उद्देश्य**

१. योजनाको प्रारम्भदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गर्न सहयोग गर्नु ।

२. प्रभावकारी अनुगमन प्रणाली विकास गर्नु ।

३. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामुखी बनाउनु ।

४. योजना कार्यान्वयनका क्रममा देखिएका चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।

**५.३.५ रणनीतिहरू**

१. शिक्षाका सबै कार्यक्रम, योजना, परियोजनाहरुको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन वेभसाइटमा आधारित एकीकृत शैक्षिक सूचना प्रणाली सञ्चालनमा ल्याउने ।

२. सिकाइको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण र प्रतिवेदन प्रणालीको विकास गर्ने .

३. अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग र सञ्जालीकरण गर्ने ।

४. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचकसहित स्वचालित बनाउने ।

५. स्थानीय सूचकहरूलाई राष्ट्रिय सूचना प्रणालीमा आवद्ध गर्ने प्रणालीको विकास गर्ने ।

६. विद्यार्थी उपलब्धि परीक्षण र विद्यालय कार्य सम्पादन परीक्षणलाई व्यवस्थित र नियमित गरीने ।

७. सहभागितामूलक र नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरीने ।

८. शैक्षिक योजना तथा कार्यान्वयनहरुको नियमित, आवधिक, मध्यावाधिक र अन्तिम मूल्याङ्कन प्रणाली कायम गर्ने

**५.३.६  प्रमुख उपलब्धि तथा नतिजा**

**क) प्रमुख उपलब्धि**

प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु सम्बोधन गरि अपेक्षित उपलब्धि हासिल हुने र आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त भएको हुने।

**ख) नतिजा**

१. अनुगमन तथा मूल्याङ्कनका आधारमा नतिजा सुधार, संस्थागत संरचना र क्षमता विकास, कार्य सम्पादन परीक्षण व्यवस्थित एवम् प्रभावकारी र कार्यक्रमहरुको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने ।

२. विद्यालय शिक्षामा शुशासन र प्रादर्शित अभिवृद्धी हुने ।

### ५.३.७ अनुगमन तथा मूल्याङ्कनका मुख्य क्रियाकलापहरु

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | | भौतिक लक्ष्य (वर्ष १०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरु तयार गर्ने | पटक | १ | ० | ० | ० | ० | १ | २ | |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरु अध्यावधिक गर्ने | पटक | १ | ० | ० | ० | ० | १ | २ | |
| ३ | कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | ४० | |
| ४ | कार्यक्रम कार्यान्वयनको चौमासिक समिक्षा र प्रतिवेदन (बार्षिक/चौमासिक) | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | २० | |
| ५ | एकीकृत शैक्षिक सूचना व्यवस्थापन पद्धतिमा सूचना अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ६ | विभिन्न कार्यक्रमको आवधिक मूल्याङ्कन गर्ने | पटक | १ | २ | २ | २ | २ | ९ | १८ | |
| ७ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ८ | विद्यालयको लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

### ५.३.८ सूचक सहित मूल्याङ्कनका मुख्य क्रियाकलापहरु

| देवाही गोनाही नगरपालिका अनुगमन योजना (कार्यसम्पादन सूचकमा आधारित) |
|---|
| क. प्रारम्भिक बाल विकास तथा शिक्षा (ECED) |

| क्र.सं. | सूचक | तह/विषय | आधार वर्ष (२०८२/०८३) | लक्ष्य (२०८५/०८६।०८७ | प्रमाणीकरणको माध्यम | तथ्याङ्क स्रोत | पुनरावृत्ति | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|
| 1.1 | ECED मा सामान्य भर्ना दर (%) | स्थानीय | २३.५ | ६०. | EMIS प्रतिवेदन, विद्यालय अभिलेख | नगरपालिका शिक्षा एकाइ | वार्षिक | नगरपालिका / शिक्षा शाखा |
| 1.2 | ECED अनुभव लिई कक्षा १ मा भर्ना भएका बालबालिकाको प्रतिशत | स्थानीय | १७.९ | ५०. | भर्ना अभिलेख, सर्वेक्षण | विद्यालय / EMIS | वार्षिक | विद्यालय / नगरपालिका |
| ख. आधारभूत शिक्षा (कक्षा १–८) | | | | | | | | |
| क्र.सं. | सूचक | तह/विषय | आधार वर्ष (२०८२/०८३) | लक्ष्य (२०८६/२०८७ | प्रमाणीकरणको माध्यम | तथ्याङ्क स्रोत | पुनरावृत्ति | जिम्मेवारी |
| 2.1 | कक्षा १ मा खुद प्रवेश दर (%) | स्थानीय | ४८.६ | ८० | भर्ना अभिलेख | EMIS | वार्षिक | नगरपालिका |
| 2.3 | खुद भर्ना दर (कक्षा १–५) (%) | स्थानीय | ६२.२ | ७२ | EMIS प्रतिवेदन | विद्यालय | वार्षिक | शिक्षा एकाइ |
| 2.7 | कक्षा ५ सम्मको उत्तीर्ण/निरन्तरता दर (%) | स्थानीय | ८०. | ८८.० | समूह अनुगमन (Cohort Tracking) | EMIS | वार्षिक | नगरपालिका |
| 2.10 | लैङ्गिक समता सूचांक (कक्षा १–५) | स्थानीय | १.०१ | १ | EMIS | विद्यालय | वार्षिक | नगरपालिका |
| 2.13 | कक्षा ८ सम्मको उत्तीर्ण/निरन्तरता दर (%) | स्थानीय | ५२.२ | ७३ | विद्यार्थी अनुगमन | EMIS | वार्षिक | नगरपालिका |
| ग. माध्यमिक शिक्षा (कक्षा ९–१२) | | | | | | | | |
| 3.1 | खुद भर्ना दर (%) | स्थानीय | ११. | ५०. | EMIS | विद्यालय | वार्षिक | नगरपालिका |
| 3.5 | कक्षा १० मा पुगने दर (%) | स्थानीय | ११. | ५० | समूह अनुगमन | EMIS | वार्षिक | शिक्षा शाखा |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 3.7 | महिला शिक्षकको प्रतिशत | स्थानीय | ३५ | ४० | जनशक्ति (HR) अभिलेख | नगरपालिका | वार्षिक | नगरपालिका |
| घ. साक्षरता तथा आजीवन सिकाइ | | | | | | | | |
| 4.1 | साक्षरता दर (१५+) (%) | स्थानीय | १२ | ५० | सर्वेक्षण | स्थानीय सर्वेक्षण | ३–५ वर्षमा | नगरपालिका |
| 4.3 | साक्षरता दर (१५–२४) (%) | स्थानीय | ३० | ५० | सर्वेक्षण | स्थानीय सर्वेक्षण | आवधिक | नगरपालिका |
| | | | | | | | | |
| ङ. सुशासन तथा व्यवस्थापन | | | | | | | | |
| 6.1 | विद्यार्थी–शिक्षक अनुपात (कक्षा १–५) | स्थानीय | ११८/१; | ४०/१' | विद्यालय अभिलेख | EMIS | वार्षिक | नगरपालिका |
| 6.3 | विद्यार्थी–शिक्षक अनुपात (कक्षा १–८) | स्थानीय | ८३/१' | ५०/१' | EMIS | विद्यालय | वार्षिक | नगरपालिका |
| | | | | | | | | |
| च. वित्तीय व्यवस्था | | | | | | | | |
| क्र.सं. | सूचक | तह/विषय | आधार वर्ष (२०८२/०८३) | लक्ष्य (२०८६/२०८७ | प्रमाणीकरणको माध्यम | तथ्याङ्क स्रोत | पुनरावृत्ति | जिम्मेवारी |
| 8.1 | शिक्षामा विनियोजित बजेटको प्रतिशत | स्थानीय | १०.००% | २०.००% | बजेट कागजात | नगरपालिका | वार्षिक | आर्थिक शाखा |
| 8.2 | प्रति विद्यार्थी खर्च (आधारभूत तह) | स्थानीय | १८००० | ४०००० | आर्थिक प्रतिवेदन | नगरपालिका | वार्षिक | आर्थिक एकाइ |

# सन्दर्भ सामग्रीहरु


- विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप, (२०६३), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका लागि स्थानीय पाठ्यक्रम प्रारुप, (२०७१), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका राष्ट्रिय पाठ्यक्रम प्रारुप, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत शिक्षा पाठ्यक्रम, (२०६९), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत तह -कक्षा १ )३  (पाठ्यक्रम, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७५), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७६), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७७), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- नेपालको संविधान (२०७२), कानून किताव खाना काठमाडौँ
- शिक्षा सम्बन्धी ऐन नियम तथा  राष्ट्रिय शिक्षा नीति (२०७६), कानून कितावखाना काठमाडौँ
- आर्थिक सर्वेक्षण (२०७७), अर्थ मन्त्रालय
- पन्ध्रौँ योजनाको आधारपत्र, सोपान मासिक डिल्लीबजार
- स्थानीय सरकार सञ्चालन ऐन (२०७४), कानून कितावखाना काठमाडौँ
- प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम (२०७४), शैक्षिक जनशक्ति विकास केन्द्र भक्तपुर
- माध्यामिक शिक्षा पाठ्यक्रम(२०७१), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय आबद्ध विभिन्न वेभसाइटहरु
- विभिन्न बुलेटिन, पत्रपत्रिका, नीति, निर्देशिका तथा पछिल्ला शैक्षिक तथ्याङ्क
- शिक्षा क्षेत्रको योजना  ,(२०७७) **DRAFT,** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय

# अनुसूची ६ : मूल्याङ्कन म्याट्रिक्स रुजुसूची

| विशेषताहरू | व्याख्या | मूल मूल्याङ्कन प्रश्न | योजनाले मापदण्ड पूरा गर्छ? | अङ्क (यदि उपयोगी भए) |
|---|---|---|---|---|
| स्थानीय तहको योजनालाई समग्र दूरदृष्टिले मार्गदर्शन गर्छ । | ध्येयको कथनले स्थानीय तहको शिक्षा प्रणालीको भावी व्यापक दूरदृष्टिलाई सङ्केत गर्छ । यसमा निम्नलिखित कुरासमेत पर्छः<br>स्थानीय सरकारको विकास नीतिसँग सम्बन्ध<br>स्थानीय तहमा नीति तथा योजनालाई मार्गदर्शन गर्ने सिद्धान्त तथा मूल्य | के स्थानीय शिक्षा योजनाले स्थानीय तहको क्षेत्र विकासका लागि स्पष्ट दूरदृष्टि सङ्केत गर्छ? | [illegible] | २ |
| स्थानीय तहको योजना सुसङ्गत छ | स्थानीय योजना सङ्घीय तथा प्रदेशस्तरीय रणनीतिहरूलाई राम्ररी प्रतिविम्बित गर्छ तथा तिनलाई स्थानीय सरकारका सन्दर्भमा ठिकसँग अनुकूलित गर्छ । यसको अर्थ राष्ट्रिय तथा प्रदेशस्तरीय उद्देश्यहरूलाई स्थानीय सन्दर्भमा अनुकूलन गर्न, अपनाउन, विशेषताहरू थप्न र/वा उद्देश्य, रणनीति/कार्यक्रम तथा क्रियाकलापहरूलाई अपनाउनु हुनसक्छ । | के सङ्घीय तथा प्रदेशस्तरीय प्राथमिकताप्राप्त क्षेत्र स्थानीय शिक्षा योजनामा प्रतिविम्बित छन्? | गर्छ/छ | २ |
| | | के स्थानीय योजनाको दूरदृष्टिले सङ्घीय तथा प्रदेशस्तरीय शिक्षा क्षेत्रको योजनासँग तादात्म्य राख्छ? | छ | १ |
| | | के सङ्घीय तथा प्रदेशस्तरीय शिक्षा क्षेत्रको योजना तथा स्थानीय शिक्षा योजनाका बिच उद्देश्य, रणनीति/ कार्यक्रम तथा क्रियाकलापको प्रस्तुतिमा तादात्म्य छ? अन्य स्थानीय योजनाका बिचमा नि? | छ | २ |
| | स्थानीय योजनाका रणनीति तथा काम स्थानीय तहका प्रमुख चुनौती अनुरूप छन्? | के उद्देश्य, रणनीति/कार्यक्रम, लक्ष्य, तथा क्रियाकलापहरूले प्रमुख चुनौती तथा तिनमा अन्तर्निहित कारणहरूलाई सम्बोधन गर्छन्? | छ | १ |
| | | के स्थानीय योजनामा निर्णय वृक्ष, परिवर्तनको सिद्धान्त वा नतिजा तालिका समावेश छ? | | |

मधेश प्रदेश

| विशेषताहरू | व्याख्या | मूल मूल्याङ्कन प्रश्न | योजनाले मापदण्ड पूरा गर्छ? | अङ्क (यदि उपयोगी भए) |
|---|---|---|---|---|
| | स्थानीय योजनामा रणनीति तथा कार्य सुसङ्गत तथा तादात्म्य छन्? | उद्देश्य, रणनीति, कार्यक्रम, क्रियाकलाप तथा लक्ष्यका बिच कुनै स्पष्ट सम्बन्ध छ? | | २ |
| | | के स्थानीय शिक्षा योजनाका विभिन्न खण्ड, जस्तै- रणनीतिको कथन, सोच तालिका, सञ्चालन योजनामा उद्देश्य, रणनीति/कार्यक्रम तथा क्रियाकलापको प्रस्तुतिमा कुनै ठुलो विसङ्गति छ? | छ | ३ |
| | उपलब्ध बजेट र आवश्यक लागतबिच कत्तिको तादात्म्य छ? | के सङ्ख्यात्मक परिदृश्य स्थानीय शिक्षा योजनामा रणनीति, कार्यक्रम तथा लक्ष्यहरूको अनुरूप छ? | छ | २ |
| | अनुगमन तथा मूल्याङ्कन सूचकहरूको सामञ्जस्य | के सङ्ख्यात्मक लक्ष्यहरूले योजनाका मुख्य उद्देश्यहरूलाई सही ढङ्गले प्रतिविम्बित गरेका छन्? तथा के तिनीहरू सान्दर्भिक सूचकसँग मापनयोग्य छन्? | छन् | २ |
| स्थानीय तहको योजना रणनीतिक छ | स्थानीय योजनाले स्थानीय तहका लागि उद्देश्यहरू निर्धारण गर्छ । | के स्थानीय तहका लागि उद्देश्यहरू निर्धारण गरिएका छन्? | गर्छ/छन् | ३ |
| | स्थानीय योजनाले मानवीय, प्राविधिक तथा आर्थिक क्षमतासहित दूरदृष्टि हासिल गर्न स्थानीय तहका रणनीतिहरू पहिचान गर्छ। | के स्थानीय योजना कार्यान्वयन गर्न आवश्यक मानवीय, प्राविधिक तथा आर्थिक स्रोतको पहिचान गरिएको छ? | छ | ३ |
| स्थानीय तहको योजना बृहत् छ | स्थानीय योजनाले सबै उपक्षेत्रहरू (प्रारम्भिक बाल विकास, आधारभूत, माध्यमिक, प्राविधिक तथा व्यावसायिक शिक्षा, साक्षरता तथा जीवनपर्यन्त सिकाइ) लाई समेट्छ। | स्थानीय योजनाले राष्ट्रिय तथा प्रदेशस्तरका शिक्षा क्षेत्र योजनाको अङ्गका रूपमा रहेका सबै उपक्षेत्रहरूलाई समेट्छ? यदि समेट्दैन भने किन कुनै पक्ष समावेश नगरिएको भन्ने कुरा स्पष्ट छ? | छ | २ |
| | स्थानीय योजनाले उपक्षेत्रका बिच सन्तुलन हुनुपर्ने कुराको मान्यता राख्छ । | विभिन्न उपक्षेत्रबिच कसरी सन्तुलन कायम भएको छ भन्ने कुनै स्पष्टीकरण छ? | छ | २ |

मधेश प्रदेश

| विशेषताहरू | व्याख्या | मूल मूल्याङ्कन प्रश्न | योजनाले मापदण्ड पूरा गर्छ? | अङ्क (यदि उपयोगी भए) |
|---|---|---|---|---|
| स्थानीय तहको योजना तथ्यमा आधारित छ | स्थानीय योजना स्थानीय तहको शिक्षाको वर्तमान प्रगति तथा परिस्थितिको राम्रो छलफल र विश्लेषणमा आधारित छ। | के स्थानीय शिक्षा योजनाले आफ्ना प्राथमिकताका क्षेत्रहरू स्थानीय शिक्षा क्षेत्र विश्लेषणबाट उद्धृत गरेको छ? के यसले मुख्य नतिजाहरू सङ्घीय/प्रदेशस्तरीय क्षेत्र विश्लेषणबाट अनुकूलन गरेको हो तथा मुख्य चुनौतीहरू ती नतिजामा आधारित छन्? कि यी दुबै हुन्? | छ। | २ |
| | आदर्श रूपमा एउटा सुदृढ तथ्याङ्क सेट | स्थानीय शिक्षा योजनाले एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा अन्य कुन सूचना स्रोतबाट तथ्याङ्कको प्रयोग गरेको हो? | हो | ३ |
| | | के शिक्षाका तहअनुसार तथ्याङ्कहरू प्रस्तुत गरिएका छन्? | छ। | २ |
| | | के तथ्याङ्कहरू वार्षिक रूपमा प्रस्तुत गरिएका हुन्? | छ। | २ |
| | विश्लेषणले कस्ता रणनीति तथा कार्यक्रमहरूको विकास गरिए भन्ने ज्ञान प्रदान गर्छ। | के सबै रणनीतिहरू वस्तुगत तथ्यमा आधारित छन्? | छ। | २ |
| स्थानीय तहको योजना हासिल गर्न सकिने खालको छ। | योजना स्थानीय तहको वर्तमान प्रवृत्तिको परीक्षणमा आधारित छ तथा प्रभावकारी कार्यान्वयनका लागि आर्थिक, प्राविधिक र राजनीतिक बाधाहरूलाई सामना गर्न सुविचारित रूपमा परिकल्पना गरिएको छ। सरोकारवालाहरूको स्वामित्वले यसको सम्भाव्यतामा प्रभाव पार्छ। | लक्ष्य कत्तिको यथार्थपरक देखिन्छ? | सामान्य | २ |
| | | के उद्देश्यहरू हासिल हुन सक्ने तथा मापनयोग्य छन्? | छ। | ३ |
| | | के सबै सरोकारवाला तथा अन्य व्यक्तिहरूको स्पष्ट रूपमा पहिचान गरिएको छ? | रहेको | २ |
| | स्थानीय योजनामा पालिका तहका तथ्याङ्क तथा लक्ष्यका साथ अनुगमन कार्यढाँचा समावेश गरिएको छ। | के स्थानीय योजनामा नतिजा तालिका समावेश गरिएको छ? वा के यसले यस्तो योजनाको विकास गरिने कुरा उल्लेख गरेको छ? | सामान्य | ३ |
| | | यदि समावेश गरिएको छ भने आधाररेखा, बेन्चमार्क तथा लक्ष्य मापदण्डसहित नतिजा तालिका पूर्ण छ? तथा तथ्याङ्कको स्रोतको पहिचान गरिएको छ? | छ | २ |

| विशेषताहरू | व्याख्या | मूल मूल्याङ्कन प्रश्न | योजनाले मापदण्ड पूरा गर्छ ? | अङ्क (यदि उपयोगी भए) |
|---|---|---|---|---|
| | योजनाको लागत अनुमान गरिएको छ । | के स्थानीय तहमा प्रस्तुत तथा कार्यक्रमका लागि अनुमान गरिएका बजेट तथा वित्तीय तत्त्वहरू सान्दर्भिक छन् ? | छ | ३ |
| | | के वित्तीय कार्यढाँचा आधिकारिक बृहत् आर्थिक अनुमानमा आधारित छन् ? | छ | २ |
| | | के वित्तीय कार्यढाँचामा स्थानीय तहको शिक्षा क्षेत्रका लागि गार्हस्थ तथा बाह्य स्रोतको विनियोजन स्पष्ट रूपमा तोकिएको छ ? | छ | २ |
| | | के लागत ढाँचाले पुँजीगत र चालु खर्चका साथै कर्मचारीहरूको तलब भत्ताको हिस्सा पनि स्पष्ट पारेको छ ? | छ | २ |
| | | के वित्तीय कार्यढाँचाले वित्तीय अन्तरलाई स्पष्ट पारेको छ ? | छ | २ |
| | | उपलब्ध स्रोतमा वित्तीय अन्तरको प्रतिशत के छ (बाह्य सहायतालगायत) ? के यो उचित छ ? | छ | ३ |
| | स्थानीय योजना सिमुलेसन मोडेलमा आधारित छ, यसका लागि पूर्वअनुमानहरू स्पष्ट छन् तथा दस्तावेजीकरण गरिएका छन् । | के नीतिगत लक्ष्यको परीक्षण गर्न तथा नीति संवादलाई सूचित गर्न सिमुलेसन मोडेलको प्रयोगं गरिएको थियो ? | छ | ३ |
| | | के सिमुलेसन मोडेल वित्तीय कार्यढाँचा बनाउन प्रयोग गरिएको थियो ? | थियो | २ |

| विशेषताहरू | व्याख्या | मूल मूल्याङ्कन प्रश्न | योजनाले मापदण्ड पूरा गर्छ? | अङ्क (यदि उपयोगी भए) |
|---|---|---|---|---|
| | स्थानीय योजनामा सञ्चालन योजना समावेश गरिएको छ । यसमा प्रत्येक क्रियाकलापका लागि स्पष्ट समयरेखा समावेश गरिएको छ तथा विशेष टोलीलाई विशेष जिम्मेवारीहरू तोकिएको छ । | के स्थानीय योजनामा सञ्चालन योजना समावेश गरिएको छ ? | छ | २ |
| | | के सञ्चालन योजनामा प्रत्येक क्रियाकलापका लागि स्पष्ट समयरेखा समावेश गरिएको छ | छ | २ |
| | | के सञ्चालन योजनामा प्रत्येक क्रियाकलापका लागि जिम्मेवार व्यक्ति तोकिएको छ? | छ | |
| | योजनाले यसको कार्यान्वयनमा प्रभाव पार्ने क्षमताका बाधाहरूको पहिचान तथा सम्बोधन गर्छ । | के स्थानीय शिक्षा योजनामा क्षमताका आवश्यकताहरूको लेखाजोखा गरी क्षमता विकासलाई समावेश गरिएको छ? | छ | २ |
| स्थानीय तहको योजना सन्दर्भसँग संवेदनशील छ | स्थानीय योजनामा स्थानीय तहका (सामाजिक, भौगोलिक, प्राकृतिक विपत्ति, राजनीतिक वा आर्थिक चक्र, द्वन्द्व) विशेष सङ्कटासन्नताको विश्लेषण समावेश गरिएको छ । | के स्थानीय योजनामा स्थानीय तहका विशेष सङ्कटासन्नताको विश्लेषण समावेश गरिएको छ? | छ | २ |
| | स्थानीय योजनाले स्थानीय शिक्षा प्रणालीको उत्थानशीलतालाई सुदृढ गर्न तयारी, रोकथाम तथा जोखिम न्यूनीकरणलाई सम्बोधन गरेको छ। | के स्थानीय योजनाले स्थानीय शिक्षा प्रणालीको उत्थानशीलतालाई सुदृढ गर्न तयारी, रोकथाम तथा जोखिम न्यूनीकरण गर्न कुनै विशेष कार्यक्रम समावेश गरेको छ? | छ[illegible] | २ |
| स्थानीय तहको योजना असमानताप्रति सचेत छ । | स्थानीय शिक्षा योजनाले स्थानीय तहभित्र गुणस्तरीय शिक्षामा सहभागिताका हिसाबले विद्यार्थीका समूहबिच उल्लेखनीय रूपमा विभेदहरू (भौगोलिक, सामाजिक-आर्थिक, लैङ्गिक, अल्पसङ्ख्यक, अपाङ्ग) छन् भनी मानेको हुनुपर्छ । | के योजनाले स्थानीय तहमा भएका सीमान्तकृत, बहिस्कृत वा विभेदमा परेका समूहहरूको पहिचान गरेको छ? | छ | २ |
| | | के स्थानीय योजनाले सीमान्तकृत, अपाङ्ग, जोखिममा परेका समूहको शिक्षामा पहुँच तथा सिकाइमा हुने असमानताको न्यूनीकरण गर्ने विशेष कार्यक्रम तथा परियोजनाको पहिचान गरेको छ? | छ | २ |

| विशेषताहरू | व्याख्या | मूल मूल्याङ्कन प्रश्न | योजनाले मापदण्ड पूरा गर्छ? | अङ्क (यदि उपयोगी भए) |
|---|---|---|---|---|
| स्थानीय तहको योजना स्थानीय तहको नेतृत्वमा सहभागितामूलक प्रक्रियाद्वारा विकास गरिएको हो | स्थानीय शिक्षा योजनाको विकास स्थानीय तहको नेतृत्वमा भएको हो । | के स्थानीय शिक्षा योजनाको तयारी प्रक्रियामा स्थानीय तहले बलियो नेतृत्व प्रदर्शित गरेको थियो? | थियो | ३ |
| | स्थानीय शिक्षा योजनाको तयारी सहभागितामूलक थियो । | के स्थानीय शिक्षा योजनाको तयारीमा सरोकारवालाहरूको व्यापक सहभागिता थियो ? | थियो | २ |
| | | के स्थानीय शिक्षा योजनाको तयारीमा अभिभावक, परिवार तथा व्यापक समुदायको निरन्तर संलग्नता तथा पृष्ठपोषण प्राप्त थियो? | थियो | ३ |

स्रोत: *IIEP-UNESCO & GPE (2015a; 2015b)*

टिप्पणी: मूल्याङ्कनकर्ताले उपयोगी लागेमा मूल्याङ्कन म्याट्रिक्सका प्रत्येक आइटमका लागि अङ्क प्रणालीको प्रयोग गर्न सक्छन् । उदाहरणका लागि यदि सबै आइटम समेटिए भने ३ अङ्क, आंशिक रूपमा भए २ अङ्क, न्यूनतम रूपमा समेटिए १ अङ्क र कुनै पनि नसमेटिए ० अङ्क ।

प्रस्तावहरु :-

१. अगामी आ.व.२०८३/०८४ को नगर सभा सम्बन्धमा ।

२.विभिन्न विषयगत समितिको निर्णय कार्यान्वयन सम्बन्धमा ।

३.वडा तथा नगर स्तरीय योजनाहरु छनौट

४.विद्यालय शिक्षा क्षेत्रको योजना २०८१/०८२-२०८५/०८६ सम्बन्धमा ।

५.देवाही गोनाही नगरपालिका शिक्षा नियमावली, २०८२ सम्बन्धमा

**र्णय नं.१ प्रस्ताव नं.१** माथि छलफल हुँदा आगामी आ.व.२०८३/०८४ को नगर सभा मिति २०८३/०३/०८ गते सोमबारका दिन १३ औं नगर सभाको बैठक सफलताका साथ सञ्चालन गर्ने निर्णय सर्वसहमतिबाट निर्णय पारित गरियो ।

**र्णय नं.२ प्रस्ताव नं.२** माथि छलफल हुँदाँ यस देवाही गोनाही नगरपालिकामा रहेको तथा सञ्चालनमा रहेको विभिन्न विषयगत समितिहरुको बैठकबाट निर्णय भई आएका निर्णयहरु माथि छलफल गरी नगर सभामा स्वीकृतीका लागि पेश गर्ने निर्णय सर्वसहमतिबाट पारित गरियो ।

**र्णय नं.३ प्रस्ताव नं.३** माथि छलफल हुँदा मिति २०८३/०२/२९ गतेको स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठकबाट बजेट सिमा तोकिएकोले मिति २०८३/०३/०७ गते भित्र तोकिएको बजेट सिमा भित्र रही बजेट/कार्यक्रम छनौट गरी सिफारिस गर्न पत्राचार गर्ने र छनौट भई आएका योजनाहरु २०८३/०८४ को नगर सभा बैठकमा पेश गरी स्वीकृतिका लागि पेश गर्ने निर्णय सर्वसहमतिबाट पारित गरियो ।

**र्णय नं.४ प्रस्ताव नं.४** माथि छलफल हुँदा यस देवाही गोनाही नगरपालिकामा बनेको विद्यालय शिक्षा क्षेत्रको योजना २०८१/०८२-२०८५/०८६ माथि छलफल गरी नगर सभामा स्वीकृतीका लागि पेश गर्ने निर्णय सर्वसहमतिबाट पारित गरियो ।

**र्णय नं.५ प्रस्ताव नं.५** माथि छलफल हुँदा यस देवाही गोनाही नगरपालिका शिक्षा नियमावली, २०८२ माथि छलफल गरी नगर सभामा स्वीकृतीका लागि पेश गर्ने निर्णय सर्वसहमतिबाट पारित गरियो ।

CamScanner

देवाही गोनाही नगरपालिका कार्यालयको आज मिति २०८३/०३/०१ गते शुक्रबार दिन दिनको ११:०० बजे नगरपालिकाको नगर प्रमुख श्री प्रेमलाल साह कानु ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक नगर पालिकाको सभा कक्षमा बस्यो । बैठकमा उपस्थिती , प्रस्ताव र निर्णयहरु निम्नानुसार रहेको छ ।

**उपस्थिति :-**

| क.सं. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री प्रेमलाल साह कानू | नगर प्रमुख | |
| २ | श्री परनिया देवी | नगर उप प्रमुख | |
| .३. | श्री सफिना खातुन | कार्यपालिका सदस्य | |
| ४ | श्री अतिकु | कार्यपालिका सदस्य | |
| ५ | श्री संजय प्रसाद पटेल | कार्यपालिका सदस्य | |
| ६ | श्री रामप्रवेश प्रसाद राउत कुर्मी | कार्यपालिका सदस्य | |
| ७ | श्री ओपेन्द्र साह कानू | कार्यपालिका सदस्य | |
| ८ | श्री विष्णमु दास | कार्यपालिका सदस्य | |
| ९ | श्री उपेन्द्र यादव | कार्यपालिका सदस्य | |
| १० | श्री विजय प्रसाद पटेल | कार्यपालिका सदस्य | |
| ११ | श्री विरवहादुर साह | कार्यपालिका सदस्य | |
| १२ | श्री रहिमा वेगम | कार्यपालिका सदस्य | |
| १३ | श्री अमेरिखा देवी | कार्यपालिका सदस्य | |
| १४ | श्री चुल्हिया देवी | कार्यपालिका सदस्य | |
| १५ | श्री जसोधा देवी | कार्यपालिका सदस्य | |
| १६ | श्री विन्देश्वर प्रसाद जैसवाल | कार्यपालिका सदस्य | |
| १७ | श्री अजयकान्त साह | कार्यपालिका सदस्य | |
| १८ | श्री अंजिला देवी॥ण | कार्यपालिका सदस्य | |
| १९ | श्री सुरेश साह कलवार | कार्यपालिका सदस्य | |
| २० | श्री पवन कुमार केशरी | प्रमुख प्रशासकीय अधिकृत | |

Date ______
Page ______

आज मिति २०८१/०४/३२ गते अनुसार १६ अगष्ट २०२४ का दिन स्थानीय तहको शिक्षा क्षेत्र योजना निर्माण सम्बन्धी कार्यशाला कार्यक्रम नगर प्रमुख प्रेमलाल साह कानुको अध्यक्षता मा उ. प्रमुख, वडा अध्यक्ष, कार्यपालिका सदस्य, नगर शिक्षा समिति सदस्य, प्रमाणिक शिक्षक शाखा, शिक्षा शाखा प्रमुख तथा अन्य सरोकारवालाको उपस्थित व्यक्तिहरुको उपस्थितिमा सर्व सहमतीबाट तल सम्बन्धी को निर्णय गरियो।

(१) प्रेमलाल साह कानु - नगर प्रमुख — प्रेमलाल साह
(२) पुतिया देवी - उ. नगर प्रमुख — [illegible]
(३) सन्देश कुमार यादव - ५
४. साफिना खातुन - वडा अध्यक्ष - १ — साफीना
५. अतिन - " - " - २ — [illegible]
६. रमेश प्रसाद पटेल - " " - ३ — [illegible]
७. राजेन्द्र प्रसाद पटेल - " " - ४ — [illegible]
८. उपेन्द्र साह कानु - " " - ५ — [illegible]
९. विश्वनाथ कुमार दास - " " - ६
१०. उपेन्द्र साह कानु - " " - ८ — [illegible]
११. विनय प्रसाद पटेल - " " - ८ — [illegible]
१२. विरबहादुर साह कानु - " " - ९ — [illegible]
१३. जगत राम - स्वा. कार्यालय प्रमुख
१४. जगदिप वरुण - प्रारम्भिक कक्षा विकास -
१५. अरविन्द प्रसाद यादव - शिक्षा शाखा प्रमुख — [illegible]
१६. श्री प्रभु प्रसाद यादव - निजी प्रमुख — [illegible]
१७. राजदेव राम - प्रशासन शाखा प्रमुख — [illegible]
१८. मुकेश कुमार पटेल - योजना शाखा — [illegible]
१९. मनोज प्रसाद गुप्ता - प्र. अ. — [illegible]
२०. प्रकाश प्रसाद कुशवाहा - प्र. अ. — [illegible]
२१. मुकेश प्रसाद यादव - प्र. अ. — [illegible]
२२. अजयकान्त साह कार्य. प्र. प्रमुख — अजय
२३. अमिला देवी " " — [illegible]
२४. रहिमा कोयम " " 
२५. विन्देश्वर प्र. देवान - " " — [illegible]
२६. पुष्पिका देवी - " " — पुष्पिका

२६. जसोधा देवी - कार्यपालसदस्य
२८. सुरेश साह कलवार - " " सुरेश
२९. अम्बिका देवी - " "
३०. दुन्दु राम -
३१. धितेन्द्र प्रसाद पण्डे - शिक्षक
३२. राम नारायण पंडित - महिला तथा बालबालिका - रामप.
३३. राम एकबाल पंडित रामप.
३४. चतुरी साह चतुरी

प्रस्तावहरु

(१) नगर शिक्षा समितिको अध्यक्षतामा नगर शिक्षा योजना निर्माण सम्बन्धमा

(२) नगर शिक्षा योजना निर्माणको लागि लेखन कार्यसमिति र लेखन कार्यदल चयन र जिम्मेवारी सम्बन्धमा

(३) नगर शिक्षा योजना निर्माण कार्ययोजना सम्बन्धमा

निर्णयहरु

१) प्रस्ताव नं. १ माथि छलफल गर्दा नगर शिक्षा योजना निर्माणका लागि शिक्षा समिति सक्रिय भई लाग्ने र निर्माण गराउने विशेष भूमिका खेल्ने निर्णय सर्व सहमतिबाट निर्णय गरियो।

नि.२ प्रस्तावमाथी छलफल गर्दा तपशिल बमोजिम नगर शिक्षा योजना निर्माण समिति र लेखन कार्यदल गठन गर्ने निर्णय सर्व सहमतिबाट गरियो।

योजना निर्माण वा लेखन समिति

1. राम एकवाल पंडित - संयोजक
2. अरविन्द कुमार यादव - स. सचिव
3. मुकेश कुमार पटेल - सामाजिक संस्था प्रमुख
4. जितेन्द्र प्रसाद पटेल - नगर शिक्षा स. प्र.
5. संजय प्रसाद - प्रधानाध्यापक
6. सुरेन्द्र पंडित "
7.

लेखन कार्यदल

1. विजय पटेल - जन प्रतिनिधी
2. अरविन्द कुमार यादव - शिक्षा स. प्र.
3. मुकेश प्रसाद - शिक्षक
4. भोला प्रसाद "
5. मुली प्रसाद कु. - शिक्षा समिति प्रतिनिधी
6. USAID Early Grade learning / PPC (प्राविधिक सहयोग)

नि.३ प्रस्तावमाथी छलफल गर्दा तल उल्लेखित बमोजिमको कार्ययोजना अनुसार लेखन कार्य सम्पन्न गर्ने निर्णय सर्व सहमतिबाट गरियो।

कार्ययोजना

| सि.नं | क्रियाकलाप | समय अवधि |
|---|---|---|
| १ | मस्यौदा लेखन | गर्दा - १५ समय |
| २ | तथ्यांक संकलन, छलफल आदी | गर्दा - २५ समय |
| ३. | | |

[signatures]